# वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

## वन तथा भू-संरक्षण विभाग

बबरमहल, काठमाण्डौ

२०८२

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# विषय सूची


परिच्छेद १. प्रारम्भिक ........ ६

१.१. परिचय ........ ६

१.२. कार्यक्षेत्र ........ ६

१.३. कार्यविधिको उद्देश्य ........ ६

१.४. कार्यविधिको दायरा ........ ७

परिच्छेद २. वन तथा भू-संरक्षण विभाग (ब.उ.शी.नं. ३२९०१०११) ........ ९

२.१. वार्षिक प्रगति समिक्षा गोष्ठी ........ ९

२.२. वार्षिक योजना तर्जुमा गोष्ठी ........ ९

२.३. वार्षिक प्रगति प्रतिवेदन तयारी तथा प्रकाशन ........ १०

२.४. कार्यालय भवन मर्मत सुधार ........ ११

२.५. वेभपेज निर्माण तथा अध्यावधिक ........ १२

परिच्छेद ३. डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) (ब.उ.शी.नं. ३२९०१०१२) ........ १३

३.१. प्रशिक्षक प्रशिक्षण तालिम ........ १३

३.२. गोलिगट्ठा फाईरिङ गर्ने सम्बन्धी तालिम ........ १३

३.३. वन्यजन्तु उद्धार सम्बन्धी तालिम ........ १४

३.४. सशस्त्र वन रक्षक (स.व.र.) **Refresher** तालिम ........ १५

३.५. वन डढेलो, चोरी शिकारी नियन्त्रणका लागि स.व.र. परिचालन ........ १६

परिच्छेद ४. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (ब.उ.शी.नं. ३२०९०११०१) ........ १७

४.१. मानव वन्यजन्तु द्वन्द न्यूनीकरणको लागि बाघ तथा चितुवा लगायतका विभिन्न वन्यजन्तु ह्याण्डलिङका लागि प्रयोग हुने औषधी खरिद ........ १७

४.२. मानव वन्यजन्तु द्धन्द न्यूनिकरणको लागी बाघ तथा चितुवा लगायतका विभिन्न वन्यजन्तु उद्धारका लागि सामग्री खरिद ........ १७

४.३. मानव बन्यजन्तु द्वन्द्र न्यूनीकरणको लागि बाध तथा चितुवा लगायतका वन्यजन्तुको ह्याण्डलिङका लागि डार्टगन प्रयोग सम्बन्धी तालिम ........ १८

४.४. वन डढेलो व्यवस्थापन ........ १९

४.५. अगरउड डेमोप्लट तथा वृक्षारोपण क्षेत्रको सम्वर्धन, ईनोकुलेसन र अनुसन्धान ........ २०

४.६. वन्यजन्तु उद्धार सम्बन्धी आकस्मिक सहयोग कार्यक्रम ........ २१

४.७. वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनको प्रमाणीकरण कार्य ........ २१

४.८. राष्ट्रिय पुरस्कार (गणेशमान सिंह सामुदायिक, कबुलियती, निजी, साझेदारी, गणेश बहादुर शाही संरक्षण पुरस्कार आदि) ........ २२

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

४.९. EIA/IEE अध्ययन सहजीकरण तथा अनुगमन ........ २३
४.१०. वन तथा वन्यजन्तु सम्बन्धी नीति/कार्यविधि/मापदण्ड/निर्देशिका/मार्गदर्शन लगायतका कानुनी दस्तावेज निर्माण तथा परिमार्जन........ २४
४.११. साईटिस प्रजातिका वन पैदावारको संकलन, ओसारपसार तथा प्रशोधन उद्योगको अनुगमन ........ २४
४.१२. WCCB गठन भएका जिल्लाहरुमा समन्वय तथा सहजीकरण ........ २५
४.१३. वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागी भोगाधिकार दिएको आयोजनाहरुको अनुगमन र प्रतिवेदन तयार ........ २६
४.१४. वन विकास कोष मार्फत कार्बन व्यापारको रकम परिचालन ........ २६
४.१५. सामुदायिक वनमा दिगो वन व्यवस्थापनको प्रदर्शनी प्लट स्थापना ........ २७
४.१६. सा.व. मा दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन ........ २८
४.१७. मिचाहा प्रजाति तथा पत्कर व्यवस्थापन तालिम ........ २८
४.१८. सामुदायिक वन बुलेटिन तयारी तथा प्रकाशन ........ २९
४.१९. वन डढेलो सचेतना सामाग्री तयारी तथा प्रकाशन ........ ३०
४.२०. MIS सुदृढीकरण ........ ३१
४.२१. सामुदायिक वन दिवस ........ ३१
४.२२. समुदायमा आधारित वन व्यवस्थापन सम्बन्धी तथ्याङ्क संकलन तथा व्यवस्थापन........ ३२
४.२३. उन्नत वन विउ संकलन/खरिद/वितरण........ ३३
४.२४. अनुसन्धानमुलक वन नर्सरीमा टनेल/ग्रिन हाउस तथा **mother** बेड निर्माण ........ ३४
४.२५. उन्नत वन विरुवा उत्पादन ........ ३५
४.२६. शहरी वृक्षारोपण प्रयोजनार्थ गत आ.व. को विरुवालाई बहुवर्षियामा लैजाने........ ३६
४.२७. जिन बैंकमा संरक्षित गरिएका लोपोन्मुख प्रजातिको विउ प्रतिस्थापनार्थ विउ सङ्कलन तथा भण्डारण ... ३७
४.२८. नव निर्मित **BSO** पुनः रोपण, विउ परिक्षनार्थ तथा लोपोन्मुख प्रजातिको संरक्षण कार्यको लागि विरुवा उत्पादन ........ ३७
४.२९. अनुसन्धानमुलक वन नर्सरीको स्तरोन्नती तथा मर्मत सम्भार ........ ३९
४.३०. नवनिर्मित वन बीउ वगैचा. बीउ उत्पादन क्षेत्रको तारवार मर्मत, द्वैमासिक रूपमा गोडमेल,झाडी/घाँस सफाई पुनःरोपण,सिंचाई तथा मल हाल्ने समेत (ईमली,नीम, बौधीचित,देवदार,लप्सी,कोईरालो)........ ४०
४.३१. विउ बगैंचाको संरक्षण (हेरालु मार्फत) ........ ४०
४.३२. विउ संकलन फिल्ड गियर ........ ४१
४.३३. पुरानो ग्रिन हाउस मर्मत तथा नर्सरी बेड मर्मत........ ४२
४.३४. निर्मित सिड स्टाण्डको तथ्याङ्क अध्यावधिक कार्य (बोर्ड लेखन, रुखको तथ्याङ्क संकलन, अभिलेखिकरण कार्य समेत) ........ ४३
४.३५. निर्मित टनेल हाउसको प्रोपलाईन मर्मत सम्भार, नर्सरी बेड, नर्सरी पथ मर्मत तथा सिचाई प्रणाली मर्मत संचालन ........ ४३

४.३६. गत आ.व. मा तैयार गरिएको लप्सिको स्टम्पमा कलमि गर्ने कार्य ........................................ ४४
४.३७. सिद्वलेख गा.पा-६ मा रहेको कोईरालो र धनुषाधाममा रहेको नीमको **BSO** सुधार गर्ने कार्य (रिकलानेशन) ........................................................................................................ ४५
४.३८. पुरानो फलफुल बगैंचा, वन विउ बगैंचा, विउ उत्पादन क्षेत्र तथा प्रजाति संरक्षण क्षेत्रहरुको व्यवस्थापन (पुन:रोपण, झाडी सफाई, तारवार मर्मत, सिंचाई, गोडमेल तथा मल हाल्ने समेत)........................................ ४५
४.३९. नर्सरी संचालन तथा व्यवस्थापन खर्च (नर्सरी नाईके पारिश्रमिक वर्ष भरी) ................................ ४६
४.४०. पुराना वन विउ बगैंचा, फलफुल बगैंचा, विउ उत्पादन क्षेत्रहरुको नियमित अनुगमन तथा निरिक्षण र प्रतिवेदन ........................................................................................................ ४७
४.४१. गत आ.व. को विरुवालाई बहुवर्षियामा लैजाने ........................................................ ४७
४.४२. वन विउ भण्डारण केन्द्र कोल्ड स्टोर व्यवस्थापन (मर्मत सुधार नियमित विद्युत आपूर्ति समेत)....... ४८
४.४३. विउको शुद्वता परिक्षण गर्ने मेसिन खरिद .................................................................. ४८
४.४४. **GIS** प्रविधिको प्रयोग मार्फत वन वीउ बंगैचा/विउ उत्पादन क्षेत्रको नक्साङ्कन........................... ४९
परिच्छेद ५. जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम (ब.उ.शी.नं. ३२०९०११०२) ................ ५१
५.१. गल्छी/पहिरो रोकथाम ........................................................................................ ५२
५.२. पानी मूहान संरक्षण............................................................................................ ५३
५.३. संरक्षण पोखरी निर्माण तथा व्यवस्थापन.................................................................. ५४
५.४. सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन.................................................................... ५५
५.५. खोला/नदी किनार संरक्षण तथा तटबन्धन................................................................. ५६
५.६. सिंचाई कुलो निर्माण/मर्मत .................................................................................. ५७
५.७. बहुवर्षिय विरुवा उत्पादन..................................................................................... ५९
५.८. फेवा संरक्षित जलाधार क्षेत्र एकीकृत कार्यक्रम........................................................... ६०
५.९. एकीकृत जलाधार व्यवस्थापन प्रदर्शनी स्थल स्थापना..................................................... ६१
५.१०. भू-तथा जलाधार व्यवस्थापन सम्बन्धी ऐन, नीति, निर्देशिका, मापदण्ड, कार्यविधि र मार्गदर्शन तयारी ६२
५.११. जलाधार सूचना प्रणाली (**Watershed Information System**) को विकास............................. ६३
५.१२. कुलेखानी संरक्षित जलाधार क्षेत्रको घोषणाका लागि पूर्व तयारी.......................................... ६३
५.१३. आकष्मिक रुपमा बाढि/पहिरोबाट हुने राष्ट्रियस्तरको क्षतिको तत्काल विवरण संकलन (**Rapid Damage Assessment)** ..................................................................................................... ६५
५.१४. राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन निर्देशक समितिको बैठक आयोजना ................................. ६५
५.१५. राष्ट्रियस्तरको पहिरोहरुको **Time Series** विश्लेषण......................................................... ६७
५.१६. भू तथा जलाधार संरक्षण सम्बन्धी बेसिनस्तरीय सञ्चालित कार्यक्रमहरूको अवस्थाको बारेमा छलफल ६७
५.१७. पुस्तकालय स्तरोन्नति कार्य (**E-library Management System**) को स्थापना........................ ६८
५.१८. **Springshed** को डेमोप्लट स्थापना/सुदृढीकरण.............................................................. ६८
५.१९. एकीकृत जलाधार व्यवस्थापन प्रदर्शनीस्थल स्थापनाका लागि प्राविधिक सहयोग........................ ७१

५.२०. भू तथा जलाधार व्यवस्थापन सम्बन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण ..................... ७२
५.२१. **Borrow pit and Simlang demonstration plot** को व्यवस्थापन ..................... ७३
५.२२. क्रियाकलाप पार्श्वचित्र तयारी ..................... ७४
५.२३. फेवा जलाधार व्यवस्थापन कार्यक्रम ..................... ७४
५.२४. रामसारमा सुचिकृत सिमसार क्षेत्र/ताल-तलैयामा हुने थिग्रिकरण मापन कार्य..................... ७५

परिच्छेद ६. जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम (ब.उ.शि.नं. ३२९०११०७) ..................... ७७

६.१. वन क्षेत्रमा **Enrichment Plantation** ..................... ७८
६.२. वाटर हारभेस्टिङ प्रणालीको संरचना निर्माण..................... ७९
६.३. डाईभर्सन च्यानल निर्माण..................... ७९
६.४. प्रकृतिमा आधारित संरक्षण संरचना निर्माण (बन्ड) ..................... ७९
६.५. साना सिंचाई कुलो संरक्षण/निर्माण..................... ८१
६.६. प्रकृतिमा आधारित संरक्षण संरचना निर्माण (चेकड्याम) ..................... ८२
६.७. नर्सरी शेड निर्माण ..................... ८३
६.८. **Ecosystem Resilience** का लागि चेकड्याम निर्माण ..................... ८३
६.९. जलवायु उत्थानशील कृषि वन कार्यक्रम ..................... ८४
६.१०. ग्रामिण सडकमा भू-संरक्षण कार्य..................... ८५
६.११. पहिरो रोकथाम ..................... ८६
६.१२. गल्छी नियन्त्रण..................... ८७
६.१३. भलपानी तर्काउन डाईभर्सन च्यानल निर्माण..................... ८७
६.१४. वाटर होल्स निर्माण ..................... ८८
६.१५. विज्ञ परामर्श (सिभिल इन्जिनियर, सब इन्जिनियर, वन, वातावरण तथा सामाजिक सुरक्षा आदि)........ ८९
६.१६. प्रदेशस्तरीय समन्वय इकाई बैठक सञ्चालन ..................... ९०
६.१७. क्रियाकलाप पार्श्वचित्र तयारी..................... ९१

# परिच्छेद १. प्रारम्भिक

## १.१. परिचय

देशको वन सम्पदाको संरक्षण, विकास तथा व्यवस्थापन गर्ने उद्देश्यले स्थापित साविकको वन विभाग र महत्वपूर्ण जलाधार क्षेत्रहरुको संरक्षण तथा सम्बर्द्धन गरी बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको चाप कम गर्दै पारिस्थितिक सन्तुलन कायम राख्न सघाउ पुऱ्याउने उद्देश्यका साथ तत्कालिन भू तथा जलाधार संरक्षण विभाग स्थापना भई ७४ जिल्ला वन कार्यालय र ६१ जिल्ला भू संरक्षण कार्यालयहरु मार्फत देशभर सेवा प्रभाव हुँदै आएको थियो। नेपालको संविधान २०७२ को कार्यान्वयनसँगै संघीय संरचना अनुसार संगठनहरुको पुनर्संरचना हुँदा वि.सं. २०७५ सालमा बदलिँदो राजनीतिक परिवेशसँगै संघीय सरकार अन्तर्गतका तत्कालिन वन विभाग र भू-तथा जलाधार संरक्षण विभाग गाभेर वन तथा भू-संरक्षण विभाग गठन भयो। साथै प्रदेश सरकारको मातहतमा रहने गरी ८४ डिभिजन वन कार्यालयहरु र २५ भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु स्थापना भई वन तथा जलाधार क्षेत्रमा सेवा प्रवाह भइरहेको छ ।

## १.२. कार्यक्षेत्र

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग अन्तर्गत विभिन्न आयोजना/कार्यक्रमहरु संचालन गर्ने गरी बजेट विनियोजन भएको परिप्रेक्ष्यमा आर्थिक कार्यविधि तथा प्रचलित ऐन नियम, मार्गदर्शन, सार्वजनिक खर्चको मापदण्ड र विनियोजित बजेटको परिधि भित्र रही स्वीकृत वार्षिक कार्यक्रमहरु विभागका महाशाखा र शाखाहरु एवं विभाग मातहतका कार्यालयहरुः सामुदायिक वन अध्ययन केन्द्र, काठमाण्डौ, वृहत् जलाधार व्यवस्थापन केन्द्रहरु ४ (कोशी, गण्डकी, कर्णाली र महाकाली), जलाधार व्यवस्थापन श्रोत केन्द्र, कुलेखानी, वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्रहरु ४ वटा (काठमाण्डौ, मोरङ्ग, कास्की, बँकि), सशस्त्र वन रक्षक तालीम केन्द्र, टिकौलीबाट संचालन गर्ने गरी तय गरिएको छ ।

## १.३. कार्यविधिको उद्देश्य

स्वीकृत वार्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित उपलब्धि प्रासिका लागि कार्यक्रम सम्पादन गर्ने निकायहरु बीच कार्यक्रम संचालन प्रक्रियामा समान र साझा बुझाई, कार्यक्रम/क्रियाकलाप संचालनमा एकरुपता, सम्पादित कार्यको परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता तथा सरल र सहज तरीकाबाट समयमा नै प्रभावकारी कार्यान्यवन भइ अधिकतम उपलब्धि हासिल गर्नका लागि तपसिलमा उल्लेखित उद्देश्यहरु तय गरी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ तयार गरिएको छ ।

- विभिन्न कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरु तथा क्रियाकलापहरुको बारेमा थप स्पष्टता प्रदान गर्ने,
- कार्यक्रम सञ्चालनमा कार्यान्वयनगत एकरुपता तथा समान बुझाई ल्याउने,
- सम्पादित कार्यको प्रभावकारिता, परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता प्रदान गर्नुका साथै सञ्चालित क्रियाकलापहरुको दिगो उपभोग गर्न सहयोग पुऱ्याउने,
- सरल तथा सहज तरिकाबाट सेवाप्रवाह गर्ने,
- कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन हुने ।

## १.४. कार्यविधिको दायरा

स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत पृष्ठभूमि, क्रियाकलापको उद्देश्य, कार्यान्वयन प्रक्रिया, अपेक्षित उपलब्धि, जनशक्ति व्यवस्थापन र अनुगमन योजना लगायतका पक्षहरु यस कार्यविधिमा समेटिएका छन् । यस कार्यविधिमा वन तथा भू-संरक्षण विभाग अन्तर्गत चालु आ.व. २०८२/८३ मा संचालन हुने गरी स्वीकृत भएका बार्षिक कार्यक्रम र बजेट विनियोजनको आधारमा वन तथा भू-संरक्षण विभाग कार्यक्रम, डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत), राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम, जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम, जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम समेत पाँच वटा कार्यक्रम/आयोजना/परियोजना छुट्टाछुट्टै स्वीकृत बार्षिक कार्यक्रम र क्रियाकलापहरु निम्नानुसार विभिन्न परिच्छेदमा समेटिएका छन्। कार्यबिधिको परिच्छेद १ देखि ६ सम्म क्रमश प्रारम्भिक, वन तथा भू-संरक्षण विभाग, डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत), राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम, जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम र जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम गरी विभाग मार्फत संचालन हुने ५ वटा कार्यक्रमहरू यस कार्यविधिमा समेटिएका छन्। तपसिलमा उल्लेख भएका विषयहरुलाई विशेष ध्यानमा राखि क्रियाकलापहरु संचालन गर्नुपर्नेछ।

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिमको परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।
- कामको प्रकृति र स्वीकृत बजेटको परिमाण एवं आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६, सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित), बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, सार्वजनिक खर्चको मापदण्ड र वन तथा वातावरण सम्बन्धी कानूनका साथै अन्य प्रचलित कानून बमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता सेवाप्रदायक, उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि वा अमानतबाट कार्य सञ्चालन गर्न गराउन सकिनेछ।
- कार्यक्रमहरुको लागि स्वीकृत बजेट खर्च गर्दा नेपाल सरकारले स्वीकृत गरेको नर्म्स, सम्बन्धित जिल्ला वा स्थानीय तहको स्वीकृत दररेट, कार्यक्रम संचालन निर्देशिका, मार्गदर्शन र कार्यविधि अनुरुप लागत अनुमान तयार गर्नुपर्नेछ।
- कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गरी कार्य गराउँदा सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्सको अधिनमा रही लागत अनुमान तयार गरी सम्बन्धित पदाधिकारीबाट स्वीकृत गराइ प्रचलित ऐन नियम अनुसार काम गराउनु पर्नेछ।
- कार्यक्रम प्रारम्भ गर्नु भन्दा अघि कार्यक्रम बारेमा जानकारी गराउने र कार्यक्रम सम्पन्न भईसके पछि कार्यान्वयन गर्ने उपभोक्ता समिति/कार्यक्रम कार्यान्वयन गर्ने निकायले सार्वजनिक लेखा परिक्षण गर्नुपर्नेछ।
- कार्यक्रम सञ्चालन गर्दा सकेसम्म स्थानीय समुदायको आयआर्जन हुने तथा हरियाली प्रवर्द्धन हुने कार्यलाई एकीकृत गरि सञ्चालन गर्नुपर्नेछ।
- कामको प्रकृति र स्थान अनुसार कार्यक्रम सञ्चालन गर्नु भन्दा पहिले सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा कार्यालयको सिफारिश लिनुपर्नेछ ।
- भू-संरक्षण वा नदी नियन्त्रण गर्ने कार्यमा संभव भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त हेभिकोटेड जि.आई.तारको मेसिन मेड तारजाली प्रयोग गर्नुपर्नेछ।

- कामको प्रकृति र स्थान अनुसार कार्यक्रम सम्पन्न भए पश्चात् प्राविधिकको मूल्याङ्कनको आधारमा सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा कार्यालयको सिफारिश सहित आवश्यक कागजात प्राप्त भए पश्चात् अन्तिम भुक्तानी गरिनेछ।
- उपभोक्ता समिति मार्फत् कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित उपभोक्ता समितिले कुल लागतको कम्तिमा १० प्रतिशत लागत साझेदारी वा जनश्रमदान उपलब्ध गराउनुपर्नेछ।
- यस कार्यविधिमा उल्लेख नभएका तर स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सम्पादन गर्न आवश्यक भएका कार्यक्रमहरु समेत प्रचलित ऐन नियम नर्मस निर्देशिका तथा कार्यविधिको परिधि भित्र रही कार्यान्वयन गर्नुपर्नेछ।
- कार्यक्रम संचालन स्थलमा लागत अनुमान लगायत अन्य विवरण खुल्ने गरी सूचना पाटी (होर्डिङ्ग बोर्ड) राख्नुपर्नेछ।
- भौतिक रुपमा सम्पादन गरिने कार्यक्रमको हकमा कार्यक्रम सम्पन्न भएपछि हरेक क्रियाकलापको पार्श्वचित्र (Activity Profile) बनाउनु पर्नेछ।
- उपभोक्ता समूहबाट कार्यक्रम सञ्चालन गर्दा अपनाउने प्रक्रिया यस प्रकार रहेका छन्:
  - सम्भाव्य स्थल पहिचान
  - स्थलगत भ्रमण तथा स्थल छनौट
  - सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयारी, सम्झौता
  - समूह/समिति गठन वा विद्यमान समूह/समिति चयन
  - कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदायकबाट)
  - जैविक र भौतिक संरचना निर्माण
  - अनुगमन (कार्य संचालन पूर्व, संचालन चरण र सम्पन्न पश्चातका तस्विरहरु समेत)
  - कार्य सम्पन्न प्रतिवेदन
  - सञ्चालन तथा मर्मत सम्भार उपभोक्ताबाट ।

## परिच्छेद २. वन तथा भू-संरक्षण विभाग (ब.उ.शी.नं. ३२९०१०११)

वन, वन्यजन्तु, वनस्पतिको संरक्षण, सम्बर्धन, र भू तथा जलाधार व्यवस्थापनको मुख्य गरी प्रशासनिक कार्य लगायत अन्य क्रियाकलापहरुका लागि वन तथा भू-संरक्षण विभाग, सामुदायिक वन अध्ययन केन्द्र, वन विउ प्रयोगशाला तथा भण्डारण केन्द्रहरु (मोरङ्ग, काठमाण्डौ, कास्की र बाँके), वृहत जलाधार व्यवस्थापन केन्द्रहरु (कोशी, गण्डकी, कर्णाली र महाकाली) र संघिय जलाधार व्यवस्थापन श्रोत केन्द्र, कुलेखानीबाट सम्पादन हुने क्रियाकलापहरु यस बजेट उपशीर्षकमा रहेका छन्। स्वीकृत क्रियाकलापहरुको कार्यविधि निम्नानुसारको रहेको छ।

### २.१. वार्षिक प्रगति समिक्षा गोष्ठी

**पृष्ठभूमि**

विभाग तथा मातहतका कार्यालयहरूको स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम कार्यान्वयनको प्रगतिको समिक्षा गर्ने यस कार्यक्रमको मूख्य उद्देश्य रहेको छ वार्षिक कार्यक्रम कार्यान्वयनको प्रगतिको समिक्षा गरी विगतमा भए गरेका कमि कमजोरीहरूलाई सुधार गर्दै लैजाने र समयमा नै कार्यक्रम सम्पादन गरी उल्लेखनीय प्रगति हासिल गर्नका लागि समिक्षा गरिनेछ।

**उद्देश्य**

विभाग तथा मातहतका कार्यालयहरुका निकायगत वार्षिक सम्पादित क्रियाकलापहरुको समिक्षा गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

गत आ.व.मा सम्पादन गरिएका स्वीकृत वार्षिक कार्यक्रमका विभिन्न क्रियाकलापको समिक्षा वार्षिक प्रगति समिक्षा गोष्ठीमा गरिनेछ। १-२ दिन सञ्चालन हुने गोष्ठीमा विभाग अन्तर्गत विभिन्न कार्यालयका कार्यालय प्रमुख वा प्रतिनिधिको सहभागिता हुनेछ। गोष्ठीका लागि अवधारणा पत्र र लागत अनुमान तयार गरी स्वीकृत पश्चात् गोष्ठी सञ्चालन हुनेछ। गोष्ठीमा विभाग अन्तर्गतका विभिन्न निकायबाट वर्षभरी सम्पादन गरिएका क्रियाकलापको प्रस्तुति र बृहत् छलफल हुनेछ। गोष्ठी सम्पन्न भए पश्चात् कार्य सम्पन्न प्रतिवेदन तयार भए पछी भएका खर्चको अन्तिम भुक्तानी हुनेछ ।

**अपेक्षित उपलब्धि**

प्रगतिको समिक्षा भई कमि कमजोरीहरूलाई सुधार गर्दै लैजाने र समयमा नै कार्यक्रम सम्पादन गरी उल्लेखनीय प्रगति हासिल भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु, आवश्यकता अनुसार सेवा परामर्श खरिद मार्फत कार्यान्वयन गर्न सकिने छ।

**अनुगमन योजना**

- सहभागीहरुको उपस्थिति
- गोष्ठीको प्रतिवेदन।

### २.२. वार्षिक योजना तर्जुमा गोष्ठी

**पृष्ठभूमि**

आगामी आर्थिक वर्षका लागि राष्ट्रिय योजना आयोगको आवधिक योजना, अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालयबाट प्राप्त बजेट सिलिंग, मार्गदर्शन, नीति तथा कार्यक्रमका आधारमा विभाग र मातहतका कार्यालयहरुको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने भएकोले बार्षिक बजेट तथा कार्यक्रम तयारीको पूर्वसन्ध्यामा योजना तर्जुमा गोष्ठी गरिनेछ।

**उद्देश्य**
आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने ।

**कार्यान्वयन प्रक्रिया**
आगामी आ.व.मा प्रस्तावित वार्षिक कार्यक्रमका विभिन्न क्रियाकलापको योजना तर्जुमा वार्षिक योजना तर्जुमा गोष्ठीमा गरिनेछ। १-२ दिनसम्म सञ्चालन हुने गोष्ठीमा यस विभाग अन्तर्गत विभिन्न कार्यालयमा कार्यरत कार्यालय प्रमुख वा अधिकृत प्रतिनिधि सहभागी हुनेछन। गोष्ठीका लागि अवधारणा पत्र र लागत अनुमान तयार गरी स्वीकृत पश्चात् गोष्ठी सञ्चालन हुनेछ। गोष्ठीमा विभाग अन्तर्गतका विभिन्न निकायबाट वर्षभरी कार्यान्वयन गरिने क्रियाकलापको प्रस्तुति र बहत् छलफल हुनेछ। गोष्ठी सम्पन्न भए पश्चात् कार्य सम्पन्न प्रतिवेदन तयार भए पछी भएका खर्चको अन्तिम भुक्तानी हुनेछ।

**अपेक्षित उपलब्धि**
विभाग तथा मातहतका संघीय कार्यालयहरुको आगामी आर्थिक वर्षको लागि बजेट तथा कार्यक्रम तयार भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**
कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु, आवश्यकता अनुसार सेवा परामर्श खरिद मार्फत कार्यान्वयन गर्न सकिने छ।

**अनुगमन योजना**
- सहभागीहरुको उपस्थिति
- गोष्ठीको प्रतिवेदन ।

## २.३. वार्षिक प्रगति प्रतिवेदन तयारी तथा प्रकाशन

**पृष्ठभूमि**
विभाग र मातहतका कार्यालयहरुबाट गत आ.व. मा भए गरेका क्रियाकलापहरुको समिक्षा गरी वार्षिक प्रतिवेदन तयार गरिनेछ।

**उद्देश्य**
विभाग तथा मातहतका कार्यालयहरुका गत आर्थिक वर्षको प्रगति प्रतिवेदन तयार गरि प्रकाशन गर्ने ।

**कार्यान्वयन प्रक्रिया**
यस विभागबाट गत आ.व. मा सम्पादन गरिएका वार्षिक कार्यक्रमका विभिन्न क्रियाकलापहरुको प्रगति एकीकृत गरी पुस्तिकाको रुपमा प्रकाशन गरिनेछ। पुस्तिका प्रकाशनका लागि लागत अनुमान तयार गरी स्वीकृत पश्चात् या विभागमा सुचिकृत छपाई सम्बन्धी कार्य गर्ने फर्मबाट कोटेशन आह्वान गरी न्यूनतम लागत कबोल गर्ने छपाई फर्म मार्फत प्रगति पुस्तिकाको छपाई कार्य हुनेछ। छपाइ कार्य सम्पन्न भए पश्चात् स्टोर दाखिला भए पछी भएका खर्चको अन्तिम भुक्तानी हुनेछ।

**अपेक्षित उपलब्धि**
विभाग तथा मातहतका संघीय कार्यालयहरुको गत आर्थिक वर्षको प्रगति प्रतिवेदन प्रकाशन भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु, आवश्यकता अनुसार सेवा परामर्श खरिद मार्फत कार्यान्वयन गर्न सकिने छ।

**अनुगमन योजना**

वार्षिक प्रगति प्रतिवेदन।

## २.४. कार्यालय भवन मर्मत सुधार

**पृष्ठभूमि**

कार्यालय भवन तथा आवास क्षेत्रको पूर्वाधारहरुको मर्मत सम्भार कार्यबाट आयु पुगेका, पुनर्स्थापना गर्नुपर्ने वा जिर्ण अवस्थामा रहेका भवनका पूर्वाधारहरुको संरक्षण तथा उपभोग गरिनेछ। यस अन्तर्गत कार्यालय वा आवास भवन मर्मत सुधार कार्य, अवस्थित भवनमा नयाँ संरचना थप; कार्यालय तथा आवास परिसरको सौन्दर्यीकरण, भवनहरुको जस्ता वा छाना फेर्न, रंग रोगन गर्न, ढलान स्ल्याव मर्मत गर्न, गारो भत्काई नयाँ बनाउन, गारो/पार्टिसन लगाई कोठा बार्न, थप गर्न, झ्याल ढोका फेर्न, विद्युतिय प्रणालीको मर्मत सुधार गर्न, पाईप तथा शौचालय प्रणालीको मर्मत सुधार गर्न, पानी वितरण, पाइप खरिद तथा ढल व्यवस्थापन लगायतका मर्मत सुधार आदि कार्यहरु गर्न सकिनेछ।

**उद्देश्य**

निर्मित कार्यालय तथा आवास भवनको दिगो उपयोगको लागि मर्मत सुधार गर्ने।

**कार्यान्वयन प्रक्रिया**

कार्यलय भवनको मर्मत गर्नु पर्ने आवश्यकताको पहिचान गरी विभाग/कार्यालयमा मौजुदा प्राविधिक जनशक्तिबाट आवश्यक डिजाइन र लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ। स्वीकृत लागतका आधारमा निर्माण सम्बन्धी सेवा प्रचलित सार्वजनिक खरिदबाट मर्मत सुधार गरिनेछ। प्राविधिकको कार्य सम्पन्न सम्बन्धी निरीक्षण प्रतिवेदन र भुक्तानी बिलका आधारमा अन्तिम भुक्तानी हुनेछ ।

**अपेक्षित उपलब्धि**

जिर्ण तथा क्षतिग्रस्त पूर्वाधारको सुधार तथा मर्मत सम्भारबाट भौतिक पूर्वाधारको दिगोपना, संरक्षण तथा सुरक्षा हुने साथै कार्य वातावरणमा सुधार भइ गुणस्तरिय सेवा प्रदान गरी प्रभावकारी कार्यसम्पादनमा टेवा पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयको संयोजकत्वमा प्रदेश वा स्थानीय तहका प्राविधिक जनशक्ति वा निजी क्षेत्रका प्राविधिक जनशक्तिलाई प्राविधिक परामर्शदाताको रुपमा परिचालन गर्न सकिनेछ। आवश्यकता अनुसार विषय विज्ञ वा निर्माण व्यवसायी मार्फत कार्यान्वयन गर्न सकिने छ।

**अनुगमन योजना**

- सम्झौता, प्राविधिक निरीक्षण, अनुगमन प्रतिवेदन
- क्रियाकलापसंग सम्बन्धित तस्विरहरु।

## २.५. वेभपेज निर्माण तथा अध्यावधिक

**पृष्ठभूमि**

विभिन्न सरोकारवालाहरुलाई official web portal मार्फत कार्यालयको जानकारी तथा सुचना संप्रेषण गर्न सकिनेछ। कार्यालयद्वारा सञ्चालित क्रियाकलापहरु सार्वजनिक गर्न, सुचनाहरु प्रकाशन तथा संरक्षण कार्य सम्बन्धी जानकारी दिईनेछ।

**उद्देश्य**

कार्यालयद्वारा सञ्चालित क्रियाकलापहरु तथा कार्यालयसँग सम्बन्धित सूचनाहरु लगायतका अन्य विवरणहरु सार्वजनिक रुपमा जानकारी दिने।

**कार्यान्वयन प्रक्रिया**

वेभपेज **Backhand** र **Fornthand** निर्माण तथा अपग्रेड सम्बन्धी अवधारणा पत्र, लागत अनुमान तयार तथा स्वीकृत पश्चात् विभाग/कार्यालयमा सुचिकृत सेवाप्रदायक फर्म मार्फत कार्य सम्पादन गरिनेछ। कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पछी सो को पुष्ट्याइको आधारमा सम्बन्धित सेवा प्रदायकलाई अन्तिम भुक्तानी गरिनेछ।

**अपेक्षित उपलब्धि**

कार्यालयको क्रियाकलापहरु तथा कार्यालयसँग सम्बन्धित सूचनाहरु लगायतका अन्य विवरणहरुको जानकारी अद्यावधिक हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु, आवश्यकता अनुसार विषय विज्ञ वा सेवा प्रदायक मार्फत कार्यान्वयन गर्न सकिने छ।

**अनुगमन योजना**

तयार भएको Website ।

# परिच्छेद ३. डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) (ब.उ.शी.नं. ३२९०१०१२)

वन, वन्यजन्तु तथा वनस्पतिको संरक्षणका लागि वन तथा भू-संरक्षण विभाग र सशस्त्र वन रक्षक तालिम केन्द्र, टिकौलीबाट सम्पादन हुने कार्यक्रमहरु यस बजेट उपशीर्षकमा रहेका छन्। स्वीकृत कार्यक्रमहरुको कार्यविधि निम्नानुसारको रहेको छ ।

## ३.१. प्रशिक्षक प्रशिक्षण तालिम

**पृष्ठभूमि**

प्रशिक्षक प्रशिक्षण तालिममा स.ब.र., सुबेदार, जमदार, हवल्दार जस्ता कमाण्डरहरुलाई वन तथा वन्यजन्तु संरक्षणको लागि आवश्यक आधारभुत जानकारी गराई आफु मातहतका सिपाहीहरुलाई परिचालन गर्ने सिप प्रदान गरिनेछ। करिब १० दिन सम्म सञ्चालन हुने यस तालिममा स.ब.र हरु कार्यरत जिल्लाहरुबाट सहभागी गराईनेछ ।

**उद्देश्य**

स.ब.र., सुबेदार, जमदार, हवल्दार जस्ता कमाण्डरहरुलाई आफु मातहतका सिपाहीहरुलाई परिचालन गर्ने क्षमता अभिबृद्धि भएको हुनेछ।

**कार्यान्वयन प्रक्रिया**

तालिमको लागि अवधारणा पत्र तयार गरी सशस्त्र वन रक्षक कार्यरत रहेको डिभिजन वन कार्यालयबाट सुवेदार, जमदार र हवल्दारहरूलाई यस तालिममा सहभागी गराइने छ। तालिमको पाठ्यक्रम अनुसार तालिम सन्चालन लागि डिभिजन कार्यालय, सरकारी वकिल कार्यालय, प्रहरी तालिम प्रतिष्ठान तथा हुलाक सेवा सम्बन्धी कार्यरत कर्मचारीलाई तालिम सहजकर्ताको रुपमा चयन हुनेछ। तालिमको लागि विनियोजित रकमको तालिम संचालन गर्न लागत अनुमान स्वीकृत गर्नु पर्नेछ। तालिम सम्पन्न प्रतिवेदन तयार पश्चात् खर्चको अन्तिम भुक्तानी हुनेछ।

**अपेक्षित उपलब्धि**

सहभागीहरुले वन तथा वन्यजन्तु संरक्षण, वनका प्रकारहरु, आगलागि नियन्त्रण, वृक्षारोपण, जलवायु परिवर्तन, संचार, द्वन्द व्यवस्थापन, नेतृत्व सिप, जस्ता विषयमा जानकारी प्राप्त गरी कार्यक्षेत्रमा काम गर्न सहज हुनेछ।

**जनशक्ति व्यवस्थापन**

सशस्त्र वन रक्षक तालिम केन्द्र टिकौलीको कर्मचारी तथा आवश्यक प्रशिक्षकको सहयोगमा क्रियाकलाप संचालन गर्न सकिने छ।

**अनुगमन योजना**

- सहभागीको उपस्थिति
- तालिम प्रतिवेदन ।

## ३.२. गोलिगठ्ठा फाईरिङ गर्ने सम्बन्धी तालिम

**पृष्ठभूमि**

गोलिगठ्ठा फाईरिङ गर्ने सम्बन्धी कार्य २०५४ साल देखि हालसम्म नभएकोले यस तालिममा स.ब.र. सुबेदार, जमदार, अमल्दार र सिपाहीहरुलाई समावेश गराई प्राविधिक ज्ञान वन विज्ञहरुबाट र गोलिगठ्ठा फाईरिङ सम्बन्धी ज्ञान नेपाली सेनाको प्रशिक्षक बोलाई वा सक्षम स.व.र. कमाण्डहरुको प्रशिक्षणमा हातहतियार सम्बन्धी जानकारी, कसरी फाईरिङ गर्ने भन्ने विषयबस्तुको बारेमा जानकारी गराई फाईरिङको समेत प्रशिक्षण गराईनेछ। करिब १५ दिन सम्म सञ्चालन

हुने तालिममा स.व.र. कार्यरत जिल्लाहरुबाट ३५ जना सहभागी समावेश गराईनेछ र सहभागीहरुलाई फिल्डमा नै हातहतियार सम्बन्धी विभिन्न अभ्यास तथा फाईरिङ समेतको अभ्यास गराइनेछ।

**उद्देश्य**

स.व.र हरुमा गोलिगठ्ठा फाईरिङ्ग सम्बन्धी सिप विकास गर्ने।

**कार्यान्वयन प्रक्रिया**

तालिमको लागि अवधारणा पत्र तयार गरी सशस्त्र वन रक्षक कार्यरत रहेको डिभिजन वन कार्यालयबाट सशस्त्र वन रक्षक जवानहरूलाई यस तालिममा सहभागी गराइने छ। तालिमको पाठ्यक्रम अनुसार तालिम सन्चालन लागि डिभिजन कार्यालय, सरकारी वकिल कार्यालय, प्रहरी तालिम प्रतिष्ठान तथा हुलाक सेवा सम्बन्धी कार्यरत कर्मचारीलाई तालिम सहजकर्ताको रुपमा चयन हुनेछ। तालिमको लागि विनियोजित रकमको तालिम संचालन गर्न लागत अनुमान स्वीकृत गरिनेछ। तालिम सम्पन्न प्रतिवेदन तयार पश्चात् खर्चको अन्तिम भुक्तानी हुनेछ।

**अपेक्षित उपलब्धि**

सहभागीहरुलाई वन तथा वन्यजन्तु संरक्षणमा हातहतियार चलाउने, नियन्त्रण गर्ने भन्ने जस्ता विषयमा जानकारी प्राप्त भई कार्यक्षेत्रमा काम गर्न सहज हुनेछ।

**जनशक्ति व्यवस्थापन**

सशस्त्र वन रक्षक तालिम केन्द्र टिकौलीको कर्मचारी तथा आवश्यक प्रशिक्षकको सहयोगमा क्रियाकलाप संचालन गरिने छ।

**अनुगमन योजना**

- सहभागीको उपस्थिति
- तालिम प्रतिवेदन

## ३.३. वन्यजन्तु उद्धार सम्बन्धी तालिम

**पृष्ठभूमि**

नेपालको वन संरक्षण र व्यवस्थापनको क्षेत्रमा मानव वन्यजन्तु द्वन्द मुख्य समस्याको रुपमा रही आएको छ। मानव बस्ति तथा कृषि भूमिमा प्रवेश गरेका बाघ, चितुवा, हात्ती, गैंडा लगायत अन्य वन्यजन्तु, घाईते तथा रोगी बन्यजन्तु एवं समस्याग्रस्त बन्यजन्तुहरुको उद्धार गर्नका लागि दक्ष जनशक्ति उत्पादन गर्न आवश्यक देखिन्छ। यस कार्यमा सशस्त्र वन रक्षकहरुको भूमिका महत्वपूर्ण हुने भएकाले उनीहरुको क्षमता अभिवृद्धि गर्न अपरिहार्य देखिन्छ। सोही प्रयोजनको लागि यो कार्यक्रम प्रस्ताव गरिएको छ।

**उद्देश्य**

वन्यजन्तु उद्धार गर्नका लागि दक्ष जनशक्ति उत्पादन गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गरिनेछ।

- लागत अनुमान तयार र स्वीकृत
- सहभागीहरू छनौट
- तालिमको लागि वन्यजन्तु उद्धार गर्ने सम्बन्धी सामाग्री खरिद
- तालिम सञ्चालन (कार्यालयको तर्फबाट/सेवा प्रदायक)

• प्रतिवेदन तयार

**आपेक्षित उपलब्धि**

सहभागिहरुलाई वन्यजन्तु उद्धार सम्बन्धमा जानकारी प्राप्त भई दक्ष र सक्षम प्राविधिक जनशक्ति उत्पादन हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

सशस्त्र वन रक्षक तालिम केन्द्र टिकौलीको कर्मचारी तथा आवश्यक प्रशिक्षकको सहयोगमा क्रियाकलाप संचालन गरिने छ ।

**अनुगमन योजना**

- सहभागीको उपस्थिति
- तालिम प्रतिवेदन |

## ३.४. सशस्त्र वन रक्षक (स.व.र.) Refresher तालिम

**पृष्ठभूमि**

देशभर कार्यरत सशस्त्र वन रक्षकहरुको वन तथा वन्यजन्तु सम्बन्धी क्षमता अभिवृद्धि गरी वन तथा वन्यजन्तु संरक्षणको उचित व्यवस्थापनमा मद्धत पुऱ्याउनका लागि तालिम सञ्चालन गरिनेछ। करिब १० दिन सम्म सञ्चालन हुने तालिममा स.ब.र. कार्यरत जिल्लाहरुबाट ३० जना सहभागी समावेश गराईनेछ र सहभागीहरुलाई फिल्डमा वन तथा वन्यजन्तु सम्बन्धी जानकारी गराईनेछ ।

**उद्देश्य**

स.व.र हरुलाई वन संरक्षणको क्षेत्रमा जानकारी प्रदान गरी वन तथा वन्यजन्तुको प्रभावकारी संरक्षण गर्ने।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गरिनेछ।

- लागत अनुमान तयार र स्वीकृत
- सहभागिहरू छनौट (सशस्त्र वन रक्षकहरु)
- तालिम सञ्चालन (कार्यालयको तर्फबाट/सेवा प्रदायक)
- प्रतिवेदन तयार

**अपेक्षित उपलब्धि**

सहभागीहरुले वन तथा वन्यजन्तु संरक्षण, वनका प्रकारहरु, डढेलो नियन्त्रण, वृक्षारोपण, जलवायु परिवर्तन, मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन जस्ता विषयमा जानकारी प्राप्त गरी कार्यक्षेत्रमा सहज ढंगबाट काम गर्न सक्नेछन्।

**जनशक्ति व्यवस्थापन**

सशस्त्र वन रक्षक तालिम केन्द्र टिकौलीको कर्मचारी तथा आवश्यक प्रशिक्षकको सहयोगमा क्रियाकलाप संचालन गरिने छ।

**अनुगमन योजना**

- सहभागीको उपस्थिति
- तालिम प्रतिवेदन।

## ३.५. वन डढेलो, चोरी शिकारी नियन्त्रणका लागि स.व.र. परिचालन

### पृष्ठभूमि

वन डढेलो चोरी शिकारी नियन्त्रणका लागि प्रचार प्रसार सामाग्री पम्प्लेट छपाई यस कार्यालयले डिभिजन वन कार्यालय चितवनसँग समन्वय गरी सशस्त्र वन रक्षक कार्यरत रहेको वन क्षेत्रहरुमा वन डढेलो चोरी शिकारी नियन्त्रणका लागि यस कार्यालय र डिभिजन वन कार्यलयहरुमा रहेका स.व.र.हरुलाई अति आवश्यक पर्ने स्रोत साधन उपलब्ध गराई १०/१० जनाको टोली बनाई समयमा नै प्लटिङ क्लस्टरमा अग्नि नियन्त्रणका रेखाहरु बनाई दैनिक रुपमा गस्ति पट्रोल गरी वन डढेलो चोरी शिकारी नियन्त्रणका लागि सशस्त्र वन रक्षकहरु परिचालन गर्ने गराइने छ ।

### उद्देश्य

सशस्त्र वन रक्षकहरुलाई वन डढेलो चोरी शिकारी नियन्त्रणमा वन तथा वन्यजन्तु संरक्षण कार्यमा आफू सुरक्षित भई वन डढेलो चोरी शिकारी नियन्त्रण गर्ने कार्यमा सशस्त्र वन रक्षकहरुको क्षमता अभिवृद्दी गर्ने।

### कार्यान्वयन प्रक्रिया

वन डढेलो चोरी शिकारी नियन्त्रणका लागि स.व.र. परिचालनको अवधारणा पत्र तयार गरी यस तालिम केन्द्र र डिभिजन वन कार्यालयहरुमा रहेका सशस्त्र वन रक्षकहरुलाई आवश्यक पर्ने स्रोत साधन, खटिएका कर्मचारीहरुलाई पानी, खाजा भत्ताको व्यवस्था, गाडी भाडा, ईन्धन लगायतका विषयमा खर्च गर्नुका साथै सो कार्यमा आवश्यक पर्ने अग्नी नियन्त्रणका उपकरणहरु समेत खरिद गरिने छ। वन डढेलो, चोरी शिकारी नियन्त्रण गर्न स.व.र. परिचालनको लागि विनियोजित रकमको लागत अनुमान तयार गरी स्वीकृत गरिने छ। वन डढेलो, चोरी शिकारी नियन्त्रणका लागि स.व.र. परिचालन सम्पन्न भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार पश्चात खर्चको अन्तिम भूक्तानी दिईने छ।

### अपेक्षित उपलब्धि

वन डढेलो तथा चोरी शिकारी नियन्त्रणमा सहयोग पुग्नेछ ।

### जनशक्ति व्यवस्थापन

सशस्त्र वन रक्षक तालिम केन्द्र, टिकौली र डिभिजन वन कार्यालय चितवन लगायतका सशस्त्र वन रक्षकहरुलाई वन डढेलो चोरी शिकारी नियन्त्रणका लागि क्रियाकलाप सञ्चालन गरी परिचालन गरिने छ ।

### अनुगमन योजना

विषयसंग सम्बन्धित प्रचार प्रसार सामाग्री (पम्प्लेट, ब्रोसर) छपाई, सहभागीको उपस्थिती विवरण, विल भर्पाई र कार्य सम्पन्न प्रतिवेदन।

## परिच्छेद ४. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (ब.उ.शी.नं. ३२०९०११०१)

वन, वन्यजन्तु, वनस्पतिको संरक्षण, सम्बर्धन र विकासका लागि वन तथा भू-संरक्षण विभाग, सामुदायिक वन अध्ययन केन्द्र तथा वन विउ प्रयोगशाला तथा भण्डारण केन्द्रहरुबाट सम्पादन हुने कार्यक्रमहरु यस बजेट उपशीर्षकमा रहेका छन्। स्वीकृत कार्यक्रमहरुको कार्यविधि निम्नानुसारको रहेको छ।

### ४.१. मानव वन्यजन्तु द्वन्द न्यूनीकरणको लागि बाघ तथा चितुवा लगायतका विभिन्न वन्यजन्तु ह्याण्डलिङका लागि प्रयोग हुने औषधी खरिद

**पृष्ठभूमि**

नेपालको वन संरक्षण र व्यवस्थापनको क्षेत्रमा मानव बन्यजन्तु द्वन्द मुख्य समस्याको रुपमा रही आएको छ । बढ्दो वन्यजन्तु संख्या, सहरीकरण, बसाँईसराई, वनको खण्डिकरण जस्ता कारणहरुले मानव-वन्यजन्तु द्वन्द्वको समस्या बढ्दै गएको देखिन्छ । मानव बस्ति, कृषि भूमीमा प्रवेश गरेका बाघ तथा चितुवा लगायत अन्य बन्यजन्तु, घाईते तथा रोगी वन्यजन्तु एवं समस्याग्रस्त बन्यजन्तुहरुको ह्याण्डलिङ्ग गर्नका लागि आवश्यक पर्ने औषधी उपलब्ध गराउन सकेमा मानव बन्यजन्तु द्वन्द्व न्यूनीकरणमा सहयोग पुग्ने देखिन्छ ।

**उद्देश्य**

मानव वन्यजन्तु द्वन्द न्युनिकरणको लागि बाघ तथा चितुवा लगायत अन्य वन्यजन्तु ह्याण्डलिङ्ग गर्नका लागि वन्यजन्तुलाई डार्ट गर्दा प्रयोग गरिने औषधी खरिद गरि सम्बन्धीत कार्यालयहरुमा वितरण गर्ने ।

**कार्यान्वयन प्रकृया**

राष्ट्रिय प्रकृति सरक्षण कोषसँग समन्वय गरि औषधी खरिद गरिनेछ । खरिद गरिएको औषधी विभागीय निर्णय बमोजिम आवश्यकताको आधारमा समस्याग्रस्त क्षेत्रमा वितरण गरिनेछ ।

**अपेक्षित उपलब्धि**

औषधी खरिद तथा वितरण भएको हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

विभागमा उपलब्ध जनशक्ति मार्फत कार्यान्वयन गर्न सकिने छ ।

**अनुगमन योजना**

खरिद भएको सामाग्रीको हस्तान्तरण ।

### ४.२. मानव वन्यजन्तु द्वन्द न्यूनिकरणको लागी बाघ तथा चितुवा लगायतका विभिन्न वन्यजन्तु उद्धारका लागि सामग्री खरिद

**पृष्ठभूमि**

नेपालको वन संरक्षण र व्यवस्थापनको क्षेत्रमा मानव बन्यजन्तु द्वन्द मुख्य समस्याको रुपमा रही आएको छ । बढ्दो वन्यजन्तु संख्या, सहरीकरण, बसाँईसराई, वनको खण्डिकरण जस्ता कारणहरुले मानव-वन्यजन्तु द्वन्द्वको समस्या बढ्दै गएको देखिन्छ । मानव बस्ति, कृषि भूमीमा प्रवेश गरेका बाघ तथा चितुवा लगायत अन्य बन्यजन्तु, घाईते तथा रोगी बन्यजन्तु एवं समस्याग्रस्त बन्यजन्तुहरुको ह्याण्डलिङ्ग गर्नका लागि आवश्यक पर्ने सामाग्रीहरु उपलब्ध गराउन सकेमा मानव बन्यजन्तु द्वन्द्व न्यूनीकरणमा सहयोग पुग्ने देखिन्छ ।

**उद्देश्य**

समस्याग्रस्त वन्यजन्तुहरूको उद्दार गरी मानव वन्यजन्तु द्वन्द्र न्यूनीकरणमा टेवा पुर्याउने।

**कार्यान्वयन प्रक्रिया**

वन्यजन्तु उद्धारको लागि आवश्यक उपकरण जस्तै केज(cage) सर्प तथा वन्यजन्तु पक्रदा प्रयोग हुने हेलमेट, जुत्ता लगायतका वन्यजन्तु उद्धारका समाग्री खरिद गर्न सकिनेछ। माग एवं आवश्यकता भएको अवस्थामा विभागीय निर्णय गरी सम्बन्धीत डिभिजन वन कार्यालयहरुलाई सामाग्री हस्तान्तरण गर्न सकिनेछ। यस कार्यक्रम अन्तर्गत वन्यजन्तु उद्दार तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाउन उच्च रिजोल्युसन क्यामेरा भएको ड्रोन खरिद गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

वन्यजन्तुको उद्धारमा सहजीकरण हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागमा उपलब्ध जनशक्ति मार्फत कार्यान्वयन गर्न सकिने छ।

**अनुगमन योजना**

वन्यजन्तु उद्धारका सामाग्री, उद्दार गरिएको वन्यजन्तुको अभिलेख, तस्विर आदि।

## ४.३. मानव बन्यजन्तु द्वन्द्र न्यूनीकरणको लागि बाध तथा चितुवा लगायतका वन्यजन्तुको ह्याण्डलिङका लागि डार्टगन प्रयोग सम्बन्धी तालिम

**पृष्ठभूमि**

नेपालको वन संरक्षण र व्यवस्थापनको क्षेत्रमा मानव वन्यजन्तु द्वन्द मुख्य समस्याको रुपमा रही आएको छ। मानव बस्ति तथा कृषि भूमिमा प्रवेश गरेका बाघ तथा चितुवा लगायत अन्य वन्यजन्तु, घाईते तथा रोगी बन्यजन्तु एवं समस्याग्रस्त बन्यजन्तुहरुको ह्याण्डलिङ्ग गर्नका लागि दक्ष जनशक्ति उत्पादन गर्न आवश्यक देखिन्छ।

**उद्देश्य**

वन्यजन्तु ह्याण्डलिङ गर्नका लागि डार्टगन प्रयोग सम्बन्धी दक्ष जनशक्ति उत्पादन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

तालिमको लागि गत आ.व. मा तयार भएको पाठ्यक्रम प्रयोग गरिनेछ। यस तालिममा डिभिजन वन कार्यालयमा कार्यरत सशस्त्र वन रक्षक र वन रक्षकलाई सहभागी गराइने छ। तालिमको पाठ्यक्रम अनुसार तालिम सञ्चालनको लागि राष्ट्रिय प्रकृति संरक्षण कोष वा यस किसिमको टिम परिचालन भएका डिभिजन वन कार्यालयहरुबाट र यस सम्बन्धी विशेषज्ञ व्यक्ति (सेवा निबृत्त भएका) लाई तालिम सहजकर्ताको रुपमा परिचालन गर्ने व्यवस्था मिलाईनेछ। विनियोजित बजेट तालिम संचालन गर्नको लागि आवश्यक सामग्री खरिद, दैनिक भ्रमण खर्च, खाजा खर्च, हल भाडा, प्रशिक्षण भत्ता, प्रशिक्षण सामग्री तयारी, प्रमाण पत्र तयारी लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गरिने छ। तालिम सम्पन्न प्रतिवेदन तयार पश्चात् खर्चको अन्तिम भुक्तानी हुनेछ।

**अपेक्षित उपलब्धि**

वन्यजन्तुको ह्याण्डलिङका लागि डार्टगन प्रयोग गर्न सक्ने दक्ष र सक्षम प्राविधिक जनशक्ति उत्पादन हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागको मौजुदा जनशक्ति, विषय विज्ञ लगायत संरक्षण साझेदारको सहकार्यमा क्रियाकलाप कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- सहभागीको उपस्थिति
- तालिम प्रतिवेदन ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौँ

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौँ

## ४.४. वन डढेलो व्यवस्थापन

### पृष्ठभूमि

विश्वभरि वन डढेलो (Forest Fire) एक गम्भीर पर्यावरणीय समस्या बनेको छ। जलवायु परिवर्तन, तापक्रम वृद्धिको कारण, लामो सुख्खा अवधि र विशेषगरी मानवीय लापरवाहीले गर्दा वन डढेलोको संख्या, तीव्रता र दायरा बढ्दै गएको छ। संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन FAO का अनुसार, वन डढेलोले हरेक वर्ष अरबौं डलर बराबरको जैविक विविधता, प्राकृतिक स्रोत र जीवनशैलीमा नोक्सान पुऱ्याउँछ। सन् २०२३ मा मात्रै, क्यानडा, ग्रीस, अस्ट्रेलिया, ब्राजील लगायतका देशहरूमा इतिहासकै भीषण वन डढेलोहरू देखिए, जसले हजारौं मानिसलाई विस्थापित गऱ्यो र लाखौं हेक्टर वनस्पति क्षेत्र नष्ट गऱ्यो। नेपालमा करिब ४६.०८% भू-भाग वन क्षेत्रले ढाकिएको छ, तर वन क्षेत्रका हिसाबले धनी भए तापनि, वन डढेलो यहाँको एक दोहोरिने, सिजनल र विनाशकारी प्राकृतिक प्रकोप हो। विशेषगरी सुख्खायाममा (चैत देखि जेठ महिनामा), जब वर्षा हुँदैन र हावा चल्ने गर्छ, वन डढेलोको सम्भावना उच्च हुन्छ। प्रायः वन डढेलोको मुख्य कारणहरूमा घाँस थन्काउनेक्रम, मदिरा सेवनपछि चुरोट फाल्ने, खेतीपातीको अवशेष जलाउने र जनचेतनाको अभाव उल्लेखनीय छन्। वन डढेलोले गर्दा वातावरण प्रदूषण, सास फेर्न गाह्रो हुने, मानव र पशु स्वास्थ्यमा असर, र पर्यावरणीय असन्तुलन निम्तिन्छ। संघीय संरचनामा गएपछि जिम्मेवारी प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएको भए पनि वन डढेलो नियन्त्रणको ज्ञान, उपकरण, नीति समन्वय तथा कार्यान्वयन क्षमतामा अझै अभाव रहेको छ। नेपालमा वन डढेलो व्यवस्थापनको चुनौती दिन प्रतिदिन जटिल बन्दै गएको छ। स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता समूह (CFUG), नगरपालिका तथा गाउँपालिका कर्मचारी, प्रदेशस्तरीय वन कार्यालयहरू लगायतका सरोकारवालाहरूलाई वन डढेलो नियन्त्रण, पूर्वतयारी र रोकथामसम्बन्धी आवश्यक सीप, ज्ञान र समन्वय आवश्यक देखिएको छ। यस कार्यको प्रयोजनका लागि सरोकारवालाहरुलाई वन डढेलो व्यवस्थापन, रोकथाम तथा न्यूनीकरण सम्बन्धी प्रशिक्षण तालिम दिईनेछ।

### उद्देश्य

- सरोकारवालाहरूलाई वन डढेलो नियन्त्रण, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी ज्ञान र सीप दिनु।
- वन डढेलो व्यवस्थापन सम्बन्धी नवीनतम प्रविधिको प्रयोग गरी Burnt Area Assessment तथा डढेलो रोकथाम गर्न पुर्व योजना तयारी गर्ने सम्बन्धी क्षमता विकास गर्नु।

### कार्यान्वयन प्रक्रिया

क्रियाकलाप संचालनार्थ लागत अनुमान तथा अवधारणा पत्र सहितको कार्य विवरण तयारी तथा स्वीकृती गरिनेछ। सरोकारवालाहरूसँग सहकार्य गरी प्रशिक्षणको समन्वय तथा प्रशिक्षक एवं सहभागी छनोट गरिनेछ । नविनतम प्रविधिहरु जस्तै Google Earth Engine, R, GIS, आदिको प्रयोग गरी वन डढेलो व्यवस्थापन सम्बन्धी तालिम संचालन गरिनेछ। यस कार्यमा विनियोजित बजेट रकम आवश्यक स्टेशनरी, तालिम संचालन गर्दा आवश्यक पर्ने दैनिक भ्रमण तथा यातायात खर्च, अन्तरक्रिया/छलफल गर्दा खाजा, आदिमा खर्च गर्न सकिनेछ।

### अपेक्षित उपलब्धि

- संघ र प्रदेशस्तरीय प्राविधिकहरुको वन डढेलो व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि हुनेछ।
- स्थानीय तथा प्रदेश तहमा वन डढेलो रोकथाममा समन्वय र कार्यान्वयन क्षमता सुदृढ हुनेछ।
- सहभागीहरूले आफ्ना क्षेत्रको लागि वन डढेलो प्रतिकार्य योजना बनाउन सक्षम हुनेछन्।
- प्रशिक्षित जनशक्ति स्थानीय स्तरमा निरन्तर जागरूकता र प्रशिक्षण दिने स्रोत बन्नेछन्।

**जनशक्ति व्यवस्थापन**

यस क्रियाकलापका लागि वन तथा भू-संरक्षण विभाग अन्तर्गतका प्राविधिक कर्मचारीको सहयोगमा जनशक्तिको व्यवस्थापन गरिनेछ भने प्रशिक्षण कार्यका लागि सम्बन्धीत विषय विज्ञको सहभागितामा तालिम संचालन गरिनेछ।

**अनुगमन योजना**

- सहभागीको उपस्थिति
- प्रतिवेदन।

## ४.५. अगरउड डेमोप्लट तथा वृक्षारोपण क्षेत्रको सम्वर्धन, ईनोकुलेसन र अनुसन्धान

**पृष्ठभूमि**

अगरउड व्यवसायिक सुगन्धित तेल उत्पादनका लागि निजी जग्गामा बृक्षारोपणका लागि आकर्षक आयातित प्रजातिको रुपमा देखा परेको छ । अगरउडबाट सुगन्धित तेल प्राप्त गर्न सकिने गरी अगरउडको बृक्षारोपणलाई विकसित गर्न प्राकृतिक रुपमा लामो समय लाग्ने भएकाले छिटो र सहज रुपमा व्यवसायिक सुगन्धित तेल उत्पादन योग्य वृक्ष वनाउन कृत्रिम रुपमा इनोकुलेसनको बारे जानकारी गरिन्छ।

**उद्देश्य**

- इनोकुलेसन प्रविधि सम्बन्धी ज्ञान भएका विज्ञहरुबाट डेमोप्लट तथा वृक्षारोपण क्षेत्रमा हुर्काइएका अगरउडमा इनोकुलेसन प्रविधि विस्तार गर्ने,
- गत आ.व.हरुमा बनाइएका डेमोप्लट तथा वृक्षारोपण क्षेत्रहरुको नियमित अनुगमन रेखदेख तथा सम्बर्धन गर्ने
- अगरउडको इनोकुलेशनको प्रभावकारीताको बारेमा अनुसन्धान गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

आ.व. ०७७/७८ मा दुई ठाउँमा वृक्षारोपण र दुई ठाउँमा डेमोप्लट निर्माण गरिएको थियो । यस कार्यक्रममा गत आ.व.हरुमा बनाइएका डेमोप्लट तथा वृक्षारोपण क्षेत्रहरुको नियमित अनुगमन रेखदेख तथा सम्बर्धन समेत गरिनेछ । यो कार्यक्रम कार्यान्वयन गर्दा अगरउडको इनोकुलेशन प्रविधि विस्तार गर्ने कार्यको परिपुरक कार्यक्रमको रुपमा कार्यान्वयन गरिने छ । साथै अगरउडको इनोकुलेशनको प्रभावकारीताको बारेमा अनुसन्धान समेत गरिनेछ ।

यसका लागि कार्य विवरण र लागत अनुमान स्वीकृत गरि कार्यक्रम कार्यान्वयन गरिने छ । यस कार्यको लागि विनियोजित बजेट बाट वृक्षारोपण क्षेत्र तथा डेमोप्लटको तारवार मर्मत, रुखहरुको तथ्यांक अपडेट लगायत दैनिक भ्रमण भत्ता, सवारी खर्च, इन्धन, खाजा, समुहगत छलफल, अन्तरक्रिया, प्रतिवेदन तयार, अगरउडको Inventory तथा छनौट गरिएको क्षेत्रमा इनोकुलेसन विस्तार आदिमा बजेट खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

- अगरउड खेतीमा संलग्न किसानहरुको पहिचान तथा इनोकुलेसन कार्यका लागि आवश्यक प्रविधिको ज्ञान आर्जन तथा विस्तार हुनेछ ।
- अगरउडको डेमो प्लट तथा वृक्षारोपण क्षेत्र व्यवस्थित र संरक्षित हुनेछ ।
- अगरउड ईनोकुलेसनको प्राभावकारिताको बारेमा अनुसन्धान हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

विभागको जनशक्ति साथै परामर्श सेवा प्रदायक मार्फत विषय विज्ञको सेवा समेत खरिद गरी यो कार्य संचालन गरिनेछ।

**अनुगमन योजना**

- श्रोत सर्वेक्षणको तथ्याङ्क
- प्रतिवेदन
- सम्बर्धन गरिएको क्षेत्र ।

## ४.६. वन्यजन्तु उद्धार सम्बन्धी आकस्मिक सहयोग कार्यक्रम

**पृष्ठभूमि**

राष्ट्रिय वन क्षेत्र तथा संरक्षित क्षेत्रबाट बाहिर निस्केका बन्यजन्तुहरुको उत्काल उद्धार कार्य गर्न सकेमा वन्यजन्तुहरुबाट हुन सक्ने क्षति कम भई स्थानीय समुदायमा वन्यजन्तुप्रतिको धारणा सकारात्मक हुन जान्छ। फिल्ड स्तरमा खटिने अग्रपंक्तिका वन कर्मचारीहरु परिचालन गरी वन्यजन्तुको समयमा उद्धार गर्न सम्बन्धित डिभिजन वन कार्यालयको मागको आधारमा यो कार्यक्रम संचालन गर्न सकिन्छ।

**उद्देश्य**

समस्याग्रस्त वन्यजन्तुहरूको उद्दार गरि मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा टेवा पुर्याउने|

**कार्यान्वयन प्रक्रिया**

डिभिजन वन कार्यालयबाट आवश्यक साना उपकरण खरिद तया भाडा खर्च, यातायात खर्च, खाजा, भत्ता, दैनिक भ्रमण भत्ता, केज निर्माण, सर्प तथा वन्यजन्तु पक्रदा प्रयोग हुने हेलमेट, जुत्ता लगायतका वन्यजन्तु उद्धारका समाग्री खरिद र भैपरी आउने अन्य खर्चका लागि माग भएको अवस्थामा विभागीय निर्णय गरी सम्बन्धीत डिभिजन वन कार्यालयसँग सम्झौता गरी विनियोजित रकम मध्येबाट भुक्तानी गरिनेछ। साथै समस्याग्रस्त वन्यजन्तुहरूको उद्दार गरिसकेपछी राख्ने ठाउँको अभाव भएको डिभिजन वन कार्यालयबाट होल्डिङ सेन्टर बनाउन सहयोग माग भई आएमा यस शिर्षकबाट खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

वन्यजन्तुको उद्धारमा सहजिकरण हुनेछ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रम डिभिजन वन कार्यालयका कर्मचारीवाट संचालन गरिनेछ र वन तथा भू-संरक्षण विभागले सहजकर्ताको भूमिका खेल्नेछ।

**अनुगमन योजना**

वन्यजन्तु उद्धारका सामाग्री।

## ४.७. वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनको प्रमाणीकरण कार्य

**पृष्ठभूमि**

नेपालको वन सम्बन्धी नीति, रणनीति, ऐन, नियमावलीले वन सम्वर्द्धनमा आधारित दिगो वन व्यवस्थापनको लागी कानूनी आधार तय गरेको अवस्था रहको छ। वन बाली स्थापना गर्न, हुर्काउन, स्याहार सम्भार तथा पनुरूत्पादन नियमन गर्न अवलम्वन गरिने छनौट प्रणाली, माउरूख प्रणाली, छत्र प्रणाली, सरपट कटान प्रणाली लगायतका वन सम्वर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) लाई प्रभावकारी बनाउँदै वन क्षेत्रको दिगो विकास, संरक्षण, सम्वर्द्धन, वन पैदावारको सदुपयोग एवम् वन, वन्यजन्तु, वातावरण, जलाधार लगायत जैविक विविधताको संरक्षण गरी वनक्षेत्रको प्रभावकारी व्यवस्थापन तथा वनबाट समृद्धि प्रसिका लागी केहि प्रदेश वन मन्त्रालयले समेत दिगो वन व्यवस्थापन सम्बन्धी कार्यविधि तथा मापदण्ड तयार गरी कार्यान्वयन पनि गर्दै आएको पाइन्छ।

नेपालमा वन प्रमाणीकरण दिगो वन व्यवस्थापन सुनिश्चित गर्न, प्रमाणित उत्पादनहरूको लागि बजार पहुँच प्रदान गर्न र वनमा आश्रित समुदायहरूको जीविकोपार्जनलाई समर्थन गर्न महत्त्वपूर्ण छ। यसले वनको पारिस्थितिक, आर्थिक र सामाजिक पक्षहरूलाई सन्तुलनमा राख्न, दीर्घकालीन स्रोत उपलब्धता, जैविक विविधता संरक्षण र सामुदायिक कल्याणलाई प्रवर्द्धन गर्न मद्दत गर्दछ। यस सन्दर्भमा दिगो वन व्यवस्थापन प्रणाली अवलम्बन गरेका वनहरुलाई प्रमाणीकरण गरी दिगो वन व्यवस्थापनलाई प्रोत्साहन गर्न आवश्यक देखिएको छ।

**उद्देश्य**

वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनको प्रमाणीकरण गरी दिगो वन व्यवस्थापनलाई प्रोत्साहन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

प्रमाणीकरण कार्यको लागि अवधारणा पत्र तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ। दिगो वन व्यवस्थापनको स्वीकृत मापदण्ड कार्यविधि अनुरुप वन प्रमाणीकरण कार्य गरिनेछ। दिगो वन व्यवस्थापनको स्वीकृत मापदण्ड अनुसार वन सम्बर्धन प्रणाली अनुरुप कार्य सम्पादन भए नभएको स्थलगत अनुगमन विज्ञ सहितको टोलीले गर्नेछ। वन प्रमाणीकरणको लागि आवश्यक पर्ने विज्ञको परामर्श सेवा लिन क्षेत्रगत कार्यसूची तयार गरी स्वीकृत गरिनेछ। विज्ञको परामर्श सेवाको लागि पारिश्रमिक, स्थलगत अनुगमन, छलफल, बैठक लगायतका कार्यमा विनियोजित रकम खर्च गरिनेछ। वन प्रमाणीकरणको लागि आवश्यक मापदण्ड पुरा गरेका वनहरुलाई प्रमाणीकरण गरिनेछ ।

**अपेक्षित उपलब्धिः-**

दिगो वन व्यवस्थापन पद्धति अवलम्बन गरेका वनहरुको प्रमाणीकरण हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागको जनशक्ति तथा आवश्यकता अनुसार विज्ञहरुको परामर्शको माध्यमबाट यो कार्यक्रम संचालन गरिनेछ।

**अनुगमन योजना**

प्रमाणीकरण भएका वनहरुको अभिलेख।

## ४.८. राष्ट्रिय पुरस्कार (गणेशमान सिंह सामुदायिक, कबुलियती, निजी, साझेदारी, गणेश बहादुर शाही संरक्षण पुरस्कार आदि)

**पृष्ठभूमि**

वनको संरक्षण र व्यवस्थापनको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने समुह तथा व्याक्तिहरुलाई प्रोत्साहित गर्न र समुह तथा व्यक्तिले गरेका कार्यको प्रचार प्रसार गर्न यो कार्यक्रम संचालन गरिनेछ। विगत देखिनै कार्यान्वयन हुदै आईरहेको यो कार्यक्रमको कार्यान्वयनका लागि स्वीकृत कार्यविधि अनुरुप कार्यविवरण र लागत अनुमान महानिर्देशकवाट स्वीकृत गराई कार्यान्वयन गरिने छ।

**उद्देश्य**

वन तथा वातावरण संरक्षणका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका वन समुह, व्यक्ति तथा कर्मचारीहरुलाई पुरस्कृत गर्ने।

**कार्यान्वयन प्रक्रिया**

राष्ट्रिय पुरस्कार (गणेशमान सिंह सामुदायिक, कबुलियती, निजी, साझेदारी, गणेश बहादुर शाही संरक्षण पुरस्कार आदि) का लागि आवेदन पेश गर्न सूचना प्रकाशन गरिनेछ। संकलित आवेदनहरूको स्वीकृत कार्यविधिको अधिनमा रही मूल्याङ्कन गर्न विज्ञ टोली सहितको मूल्याङ्कन समितिबाट प्राप्त आवेदनहरूको मूल्याङ्कन गरी पुरस्कारको घोषणाको लागि सिफारिस गरिनेछ।

विनियोजित बजेटबाट स्वीकृत कार्यविधि अनुरुप विषयगत पुरस्कारको लागि रकम, स्थलगत अनुगमनका लागि दैनिक भ्रमण भत्ता, सवारी खर्च, इन्धन, खाजा तथा आवेदनहरुको मूल्याङ्कन फारममा प्रविष्टि तथा सत्यापन परीक्षण गर्ने कार्य, मूल्याङ्कनकर्ता विज्ञको पारिश्रमिक, मूल्याङ्कन समितिको बैठक भत्ता र खाजा खर्च, प्रमाण पत्र निर्माण तथा पुरस्कृत समुहका लागि आतेजाते यातायात तथा दैनिक भ्रमण भत्ता, समारोह आयोजना, प्रतिवेदन तयारी तथा पुरस्कृत समुहहरुको अनुगमन गर्ने कार्य आदिमा बजेट खर्च गर्ने गरी लागत अनुमान स्वीकृत गरी कार्यान्वयन गरिनेछ।

**अपेक्षित उपलब्धि**

वनको संरक्षण र व्यवस्थापनको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने समुह तथा व्यक्तिहरु पुरस्कृत हुनेछन् ।

**जनशक्ति व्यवस्थापन**

पुरस्कारको मूल्यांकनका लागि स्वीकृत कार्यविधि अनुरुप मुल्यांकन समिति र विज्ञहरुको छनौट गरिनेछ। मूल्यांकन समितिहरुको बैठक लगायतका कार्यहरु आयोजना गर्न सम्वन्धित शाखामा उपलब्ध जनशक्तिवाट सचिवालय संचालन हुनेछ भने मुल्यांकन समिति र विज्ञहरुको सहयोगका लागि एकजना वन प्राविधिकलाई सेवा करारमा लिन सकिने छ।

**अनुगमन योजना**

पुरस्कृत समुह, व्यक्ति र कर्मचारीको विवरण अभिलेख।

## ४.९. EIA/IEE अध्ययन सहजीकरण तथा अनुगमन

**पृष्ठभूमि**

यस विभागबाट समय समयमा विभिन्न संघ संस्थालाई IEE/EIA सहमति तथा सुझावहरु दिने गरिएको छ। त्यस्ता BES/IEE/EIA प्रतिवेदनको कार्यान्वयनको अवस्था बुझ्न अनुगमन गरिने छ। मन्त्रालय तथा अन्य निकायबाट BES/IEE/EIA अध्ययन गर्दा विभागको प्रतिनिधित्व गर्नु पर्ने अवस्थामा पनि आवश्यक सहजीकरण एवं अनुगमन गरिनेछ।

**उद्देश्य**

BES/IEE/EIA प्रतिवेदनको कार्यान्वयनको अवस्थाको बारे अनुगमन तथा सहजीकरण गर्ने।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम अन्तर्गत वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनको अवस्थाको अनुगमन गरिनेछ। मन्त्रालय तथा अन्य निकायबाट BES/IEE/EIA अध्ययन गर्दा विभागको प्रतिनिधित्व गर्नु पर्ने अवस्थामा सहजीकरण एवं अनुगमन गरिनेछ। अनुगमन पश्चात अनुगमनको क्रममा देखिएका विषयवस्तु समेटी प्रतिवेदन तयार गरिनेछ। आवश्यकताको आधारमा अनुगमनको क्रममा विज्ञलाई समेत समावेस गर्न सकिनेछ। यसमा विनियोजित बजेट अनुगमन खाका तर्जुमा, दैनिक भ्रमण भत्ता, स्थलगत भ्रमण, सवारी साधन भाडामा लिने, इन्धन, बैठक भत्ता, अन्तर्क्रिया खर्च, प्रतिवेदन तयारीमा खर्च गरी यो कार्य संचालन गरिनेछ।

**अपेक्षित उपलब्धि**

समय समयमा हुने अनुगमनले BES/IEE/EIA कार्यान्वयनको अवस्था बुझ्न सकिने छ तथा वातावरणीय अध्ययन प्रतिवेदनको गुणस्तर सुधार हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभाग अन्तर्गतका कर्मचारीहरु परिचालन गरी अनुगमन तथा प्रतिवेदन तयार गर्न सकिनेछ। साथै सो कार्यका लागि विषय विज्ञहरुसँग समन्वय गरी आवश्यक राय सुझाव लिन सकिनेछ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

अनुगमन योजना

- प्रतिवेदन।

## ४.१०. वन तथा वन्यजन्तु सम्बन्धी नीति/कार्यविधि/मापदण्ड/निर्देशिका/मार्गदर्शन लगायतका कानुनी दस्तावेज निर्माण तथा परिमार्जन

**पृष्ठभूमि**

वन ऐन, २०७६ अनुरुप तयार गर्नु पर्ने नियमावली, निर्देशिका र मापदण्डहरुका अतिरिक्त वन तथा भू-संरक्षण विभागबाट सार्वजनिक चासो र सरोकारका विषयमा सेवा प्रवाह गर्दा अपनाउनु पर्ने कार्यविधिहरु र अवलम्वन गर्नुपर्ने मापदण्ड तयार गर्ने कार्यमा यस शिर्षकमा विनियोजित बजेट खर्च गरिनेछ। वन तथा भू-संरक्षण विभागवाट विगत देखि वितरण गरिदै आएका पुरस्कारहरुको कार्यविधि पुनरावलोकन गर्ने तथा बनाउने कार्य पनि यसै शिर्षकबाट सम्पन्न गरिनेछ।

**उद्देश्य**

वन तथा भू-संरक्षण विभागसँग सम्वन्धित कानूनी दस्तावेज निर्माण गर्ने।

**कार्यान्वयन प्रक्रिया**

नीति, निर्देशिका, मापदण्ड, कार्यविधि लगायतका कानुनी दस्ताबेज तयारी तथा परिमार्जनका लागि अवधारणा पत्र सहित सरोकारवाला संघ/संस्थाका प्रतिनिधि सम्मिलित एक कार्यदल गठन गरिनेछ। वन ऐन तथा वन नियमावलीले निर्धारण गरेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा अन्य कानूनी दस्ताबेज तयार तथा परिमार्जन गर्न सरोकारवाला निकायहरुसँग समन्वय बैठक, कार्यदलको नियमित बैठक, आवश्यकता अनुसार विज्ञसँग परामर्श तथा आवश्यकता अनुरुप कार्यशाला गोष्ठी सहित जानकारी संकलन तथा मस्यौदा तयार गरिनेछ। विभिन्न सरोकारवाला निकायहरुको सुझाव संकलन गरी मस्यौदालाई अन्तिम रुप दिई स्वीकृतिका लागि पेश गरिनेछ। यस कार्यक्रम अन्तर्गत बैठक भत्ता, दैनिक भ्रमण भत्ता, खाजा, होटल/आवास खर्च, स्टेसनरी, पुस्तक प्रकासन लगायतका विषयमा स्वीकृत लागत अनुमान बमोजिम बजेट खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

- वनसँग सम्बन्धीत निर्देशिका, कार्यविधि लगायत अन्य कानूनी दस्तावेज निर्माण हुने।
- वन तथा भू-संरक्षण विभागको लागि आवश्यक कार्यविधिहरु निर्माण हुने।
- वन व्यवस्थापन र सेवा प्रवाहसँग सम्वन्धित पुरस्कार वितरण कार्यविधिहरु अद्यावधिक हुने।

**जनशक्ति व्यवस्थापन**

विभागको जनशक्ति, दातृ निकायहरुको लागत सहभागिता, विषय विज्ञ तथा सेवा प्रदायकबाट कार्य संचालन गर्न सकिने छ।

**अनुगमन योजना**

बैठक निर्णय पुस्तिका, बिल भर्पाई, कार्य सम्पन्न प्रतिवेदन।

## ४.११. साईटिस प्रजातिका वन पैदावारको संकलन, ओसारपसार तथा प्रशोधन उद्योगको अनुगमन

**पृष्ठभूमि**

जटामसी साईटिस अनुसूची II मा पर्दछ। जटामसीको संकलन, ओसार पसार अनुमति डिभिजन वन कार्यालयहरुले दिने गरेका छन्। अन्य प्रजातिको हकमा यस विभागबाट संकलन तथा ओसारपसार अनुमति लिइ प्रशोधन गर्न उद्योग सम्म

लैजाने गरेका छन्। विभाग तथा डिभिजन वन कार्यालयबाट छोडपूर्जि भई ओसार पसार गरेको अवस्थामा आकस्मिक रुपमा अनुगमन गर्न सकिनेछ। यस्ता उद्योगको अनुगमन गरी के कसरी प्रशोधन गर्ने गरिएको रहेछ भन्ने विवरण लिइने छ।

**उद्देश्य**

जडिबुटी प्रशोधन उद्योगले गर्ने कार्यको अनुगमन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम अन्तर्गत वर्षभरि अनुगमन गरिने उद्योगहरुको आधारमा अनुगमन योजना तयार गरी अनुगमन कार्य सम्पन्न गरेर प्रतिवेदन समेत तयार गरिनेछ। साथै आकस्मिक रुपमा संकलन तथा ओसार पसारको अनुगमन समेत गर्न सकिनेछ। यसमा विनियोजित बजेट उक्त कार्य गर्दा लाग्ने स्थलगत भ्रमण, दैनिक भ्रमण भत्ता, बैठक भत्ता, खाजा खर्च, प्रतिवेदन तयारीमा खर्च गरी यो कार्य संचालन गरिनेछ।

**अपेक्षित उपलब्धि**

वन पैदावार प्रशोधन उद्योगहरुको विवरण तथा उक्त उद्योगहरुबाट भए गरेको कार्यको बारेमा जानकारी प्राप्त हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागको मौजुदा जनशक्तिबाट अनुगमन गरिनेछ।

**अनुगमन योजना**

अनुगमन प्रतिवेदन ।

## ४.१२. WCCB गठन भएका जिल्लाहरुमा समन्वय तथा सहजीकरण

**पृष्ठभूमि**

वन्यजन्तु अपराध सम्बन्धमा सरोकारवाला निकायहरु बिच निरन्तर रुपमा सहकार्य र समन्वय स्थापित गर्नको लागि यो कार्यक्रम तय गरिएको हो।

**उद्देश्य**

विभिन्न सरोकारवाला निकायहरु बिच समन्वय एवं सहकार्य स्थापित गरी वन्यजन्तु अपराध नियन्त्रणमा टेवा पुऱ्याउने।

**कार्यान्वयन प्रक्रिया**

WCCB गठन भएको जिल्लामा यस संयन्त्रको विभिन्न सरोकारवाला/सदस्य निकायहरू रहेकाले वन/वन्यजन्तु अपराधका विभिन्न आयाम सम्बन्धमा साझा बुझाइ कायम गर्न सरोकारवाला निकायहरू जस्तैः जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र अन्य सम्बन्धित संस्थाका प्रतिनिधिहरुसंग छलफल र अन्तरक्रिया गरिनेछ। छलफल र अन्तरक्रिया गरिने विषयवस्तुको अवधारणा पत्र तयार गरिनेछ। विनियोजित रकमबाट खाजा, भत्ता, यातायत लगायतका विवरणमा लागत् अनुमान स्वीकृत गरी खर्च गरिनेछ।

**अपेक्षित उपलब्धि**

जिल्लाका विभिन्न निकायहरुसँगको सम्बन्ध विस्तार र सहकार्यबाट वनक्षेवको सुरक्षाको लागि वन अतिक्रमण, वन चोरी कटानी, वन्यजन्तुको चोरी शिकारी, वन पैदावारको अवैध व्यापार जस्ता वनजन्य अपराध नियन्त्रणमा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

विभागको जनशक्ति परिचालन मार्फत कार्य संचालन गर्न सकिने छ।

**अनुगमन योजना**

सहभागीको उपस्थिति विवरण, कार्यसम्पन्न प्रतिवेदन, छलफल/बैठकको तस्वीर।

## ४.१३. वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागी भोगाधिकार दिएको आयोजनाहरुको अनुगमन र प्रतिवेदन तयार

**पृष्ठभूमि**

यस विभागबाट विभिन्न मितिमा नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम विभिन्न आयोजनाहरुले भोगाधिकार लिई वन क्षेत्रको प्रयोग गरिरहेका छन्। यसरी विभिन्न आयोजनाहरुले अन्य प्रयोजनका लागि लिइएको वन क्षेत्रको जग्गा प्राप्त गर्दा नेपाल सरकार (म.प.) को निर्णय बमोजिम यस विभाग र आयोजना बीच सम्झौता गरिने गरेको र सम्झौता बमोजिमको कार्यान्वयन अवस्थाका सम्बन्धमा अनुगमन गरी अद्यावधिक गर्न वाञ्छनिय रहेको। अन्य प्रयोजनमा गएका उक्त वन क्षेत्रहरुको सम्झौता बमोजिम कार्यान्वयन भए नभएको अवस्थाको बारेमा जानकारी लिनका लागि समय समयमा अनुगमन तथा मूल्यांकन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

**उद्देश्य**

विभिन्न विकास आयोजनाहरुले सम्झौता अनुरुप कार्य गरे नगरेको विषयमा अनुगमन गरी प्रतिवेदन तयारी गर्ने।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम अन्तर्गत वर्षभरि अनुगमन गरिने आयोजना संख्याको आधारमा अनुगमन योजना तयार गरिनेछ र सो को आधारमा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ। समय समयमा आवश्यकता अनुसार आकस्मिक रुपमा अनुगमन समेत गर्न सकिनेछ। अनुगमन पश्चात् संकलन गरिएको विवरणको आधारमा प्रतिवेदन तयार गरिनेछ। प्रतिवेदनको निश्कर्ष अनुरुप आवश्यकताको आधारमा आयोजनाहरुलाई सुझाव तथा निर्देशन दिईनेछ। विनियोजित बजेट स्थलगत भ्रमण, बैठक भत्ता, खाजा खर्च, यातायात खर्च, अन्तक्रिया गोष्ठी, प्रतिवेदन तयारी, अनुगमनका लागि चाहिने समाग्री (जिपिएस आदि) खरिद आदि कार्यमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

अन्य प्रयोजनका लागि उपलब्ध गराइएका वन क्षेत्रहरुको सम्झौता कार्यान्वयनको अवस्थाको बारेमा विवरण सहितको पुस्तिका तयार हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागको मौजुदा जनशक्ति तथा डिभिजन वन कार्यालयको सहयोगमा तथा समन्वयमा कार्य संचालन गर्न सकिनेछ।

**अनुगमन योजना**

अनुगमन प्रतिवेदन।

## ४.१४. वन विकास कोष मार्फत कार्बन व्यापारको रकम परिचालन

**पृष्ठभूमि**

जलवायु परिवर्तनको असरको हिसाबले नेपाल उच्च जोखिममा रहेको देश हो। जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि नेपालले विभिन्न नीति, रणनीति एवं अन्य कानूनी दस्तावेज तयार गरिसकेको अवस्था रहेको छ। सोही नीति तथा रणनीति बमोजिम नेपालले वनको संरक्षण र दिगो व्यवस्थापनको माध्यमबाट जलवायु परिवर्तन न्यूनीकरणमा पुऱ्याएको योगदान स्वरुप जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुसार यस आ.व. २०८२/८३ मा वित्तिय सहयोग पाउने अवस्था रहेको छ। वित्तिय सहयोग बापतको सो रकम वन विकास कोषमा प्राप्त हुने प्रावधान वन ऐन, २०७६ ले गरेको हुँदा उक्त रकम परिचालनको लागि यो क्रियाकलाप राखिएको छ।

**उद्देश्य**

कार्बन व्यापारबाट प्राप्त रकमको प्रचलित प्रावधान अनुसार परिचालन गर्ने ।

### कार्यान्वयन प्रक्रिया

REDD+ अन्तर्गतको Benefit Sharing Plan तथा यस सम्बन्धी भएका निर्णय तथा निर्देशन अनुसार बजेट खर्च गरिनेछ। कार्यक्रम संचालन सहजीकरणको लागि विभागको जनशक्ति तथा विषय विज्ञहरु समेतको सहयोग लिन सकिनेछ।

### अपेक्षित उपलब्धि

कार्बन व्यापारको माध्यमबाट वन विकास कोषमा आएको रकम प्रभावकारी रुपमा परिचालन भएको हुनेछ।

### जनशक्ति व्यवस्थापन

वन विकास कोष सचिवालयको कर्मचारी, रेड कार्यान्वयन केन्द्रका कर्मचारी र आवश्यक परेको खण्डमा विज्ञ तथा अन्य सरोकारवाला निकायको सहयोगमा कार्यक्रम संचालन गरिनेछ।

### अनुगमन योजना

Benefit Sharing Plan को आधारमा रकम परिचालन भएको अभिलेख।

## ४.१५. सामुदायिक वनमा दिगो वन व्यवस्थापनको प्रदर्शनी प्लट स्थापना

### पृष्ठभूमि

सामुदायिक वन अध्ययन केन्द्रको आर्थिक र डिभिजन वन कार्यालय समेतको प्राविधिक सहयोगमा गत आ. व. मा दिगो वन व्यवस्थापन कार्यविधि अनुसार तयार भई स्वीकृत भएका सामुदायिक वनहरु मध्ये कुनै एक सामुदायिक वनमा दिगो वन व्यवस्थापन प्लट स्थापना गरिनेछ।

यस अन्तर्गत निम्न कार्यहरु गर्न सकिनेछ।

- सर्वेक्षण तथा अध्ययन
- सरोकारवालाहरुसँग अन्तर्क्रिया/छलफल
- सिमा सर्वेक्षण/प्लट स्थापना/ट्यागिङ्ग
- सुचनावोर्ड तयारी तथा स्थापना

### उद्देश्य

दिगो वन व्यवस्थापन कार्यविधि अनुसार नतिजा र विधिको प्रदर्शनी गर्ने।

### कार्यान्वयन प्रक्रिया

डिभिजन वन कार्यालयसंगको समन्वयमा कुनै एक सामुदायिक वन छनौट गरिनेछ। कार्यक्रम सञ्चालनार्थ लागत अनुमान, अवधारणा पत्र/कार्यविवरण तयारी गरी सेवा प्रदायक/कर्मचारीको छनोट गरी कार्यादेश प्रदान गरिनेछ। वस्तुस्थितिको विश्लेषणः अभिलेखीकरण, अध्ययन, अन्तर्क्रिया, स्थलगत अनुगमन, सुचना/तथ्यांक संकलन, रेखांकन, व्यवस्थापकीय चुनौती पहिचान, सरोकारवाला निकायहरु (सम्बन्धित स्थानीय निकाय, डिभिजन वन कार्यालय आदि) संग समन्वय गरी सूचना/तथ्यांक सहितको मस्यौदा प्रतिवेदन तयारी तथा पृष्ठपोषण पश्चात अन्तिम प्रतिवेदन तयार गरिनेछ।

### अपेक्षित उपलब्धि

- दिगो वन व्यवस्थापन बारे अध्ययन तथा अनुसन्धान भई प्रचार प्रसार गर्न सहज हुनेछ ।
- जिल्ला भित्रका अन्य सामुदायिक वनले नमुनारुप लिएर दिगो वन व्यवस्थापन लागु गर्न सक्नेछन्।

### जनशक्ति व्यवस्थापन

यस केन्द्रमा मौजुदा जनशक्तिहरुको परिचालन गरिनेछ। कार्यालयमा ज्ञान, सीप तथा समयको कमी भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद गरेर पनि यो कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

अनुगमन योजना
प्रदर्शनी प्लट ।

## ४.१६. सा.व. मा दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन

**पृष्ठभूमि**

वनको उत्पादकत्व क्षमता अनुसार अधिकतम वन उपज र पारिस्थितिकीय सेवाको उत्पादनलाई वर्तमान र भविष्यमा समेत निरन्तरता दिन दिगो वन व्यवस्थापन सामुदायिक वनमा कार्यन्वयन गरिन्छ। गत आ.व. मा सामुदायिक वन अध्ययन केन्द्रले फिल्ड कार्यालय रहेको सिन्धुपाल्चोक जिल्लाको ठोकर्पाको चारवटा सामुदायिक वन (जामुने भेडीखर्क सामुदायिक वन उपभोक्ता समूह, रतुवापाटी बाँझथलो सामुदायिक वन उपभोक्ता समूह, सुवासे रुम्टी सामुदायिक वन उपभोक्ता समूह र भालुखोप चिसापानी सामुदायिक वन उपभोक्ता समूह) दिगो वन व्यवस्थापन कार्ययोजना निर्माण गर्न सहजिकरण गरेको थियो। ति सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो। साथै यो कार्य डिभिजन वन कार्यालयको समन्वयमा संचालन गरिनेछ ।

**उद्देश्य**

सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्ने|

**कार्यान्वयन प्रक्रिया**

कार्यक्रम सञ्चालनार्थ लागत अनुमान तथा अवधारणा पत्र तयार गरि सेवा प्रदायक/कर्मचारीको छनोट गरी कार्यदिश प्रदान गरिनेछ। सरोकारवाला निकयाहरु (सम्बन्धीत स्थानीय निकाय, डिभिजन वन कार्यालय, आदि) संगको समन्वयमा दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन गरिनेछ।

**अपेक्षित उपलब्धि**

सामुदायिक वनमा दिगो वन व्यव्थापन कार्ययोजना कार्यान्वयन हुने ।

**जनशक्ति व्यवस्थापन**

यस केन्द्रमा उपलव्ध मौजुदा जनशक्तिहरु मार्फत गरिनेछ र यस प्रकारको जनशक्ति नभएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद गरी यो कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

**अनुगमन योजना**

- कार्यान्वयन भएका क्रियाकलापहरु
- प्रतिवेदन ।

## ४.१७. मिचाहा प्रजाति तथा पत्कर व्यवस्थापन तालिम

**पृष्ठभूमि**

नेपालको वन संरक्षण कार्यमा मिचाहा प्रजातिको चुनौती बढदो रहेको छ। वन क्षेत्रमा मिचाहा प्रजातिको रुपमा फैलिएको वनमारा, निलकाँडा, माईकेनिया लगायतले स्थानीय वनस्पतिको पुनरुत्पादन क्षमतामा ह्रास ल्याएको। यसका साथै सुख्खायाममा वन क्षेत्रमा जम्मा हुने पत्करले वन डढेलोको जोखिम बढाउने गरेको छ। मिचाहा प्रजाति र वन डढेलोको प्रकोपलाई कम पार्न वन क्षेत्रबाट मिचाहा प्रजाति र पत्कर संकलन गरी सोको जैविक मलको रुपमा प्रयोग गर्न सक्ने सम्भावना देखिएको र यसबाट नर्सरी लगायत बृक्षारोपण क्षेत्रमा मलको आपुर्तिमा सहज हुने देखिन्छ। तसर्थ मिचाहा प्रजाति तथा पत्कर व्यवस्थापन गर्न साथै वन डढेलो नियन्त्रण गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो। यो कार्यक्रम प्राप्त प्रस्तावको आधारमा कुनै एक सामुदायिक वन वा एक भन्दा वढी सामुदायिक वनहरुमा संयूक्त रुपमा संचालन गरिनेछ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

**उद्देश्य**

मिचाहा प्रजाति तथा पत्कर व्यवस्थापनमा क्षमता अभिवृद्धि गर्ने।

**कार्यान्वयन प्रक्रिया**

कार्यक्रम सञ्चालनार्थ लागत अनुमान तथा अवधारणा पत्र स्वीकृत गरि सेवा प्रदायक/कर्मचारीको छनोट गरि कार्यादिश प्रदान गरिनेछ। यस कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गरिनेछ।

- सहभागी छनौट
- तालिममा सहभागिताको लागि आवश्यक डकुमेन्टेशन तयार पार्ने
- तालिम सञ्चालन
- प्रतिवेदन तयार

**अपेक्षित उपलब्धि**

- अनावश्यक वन सामग्रीबाट जैविक मल तयार गर्ने ।
- सामुदायिक वनको नर्सरी र वृक्षारोपण स्थलहरूमा स्थानीय रूपमा तयार पारिएको जैविक मलको प्रवर्द्धन गर्ने।
- सामुदायिक वनमा मिचाहा प्रजातिहरूको प्रभाव र तिनीहरूको नियन्त्रण उपायहरू बारे जागरूकता जगाउने।
- मिचाहा प्रजाति व्यवस्थापन र जैविक मलको लागि पत्कर हटाउने कार्यमा समुदायको सहभागिता बढाउने र वन डढेलो रोकथाममा पनि योगदान पुऱ्याउने।

**जनशक्ति व्यवस्थापन**

केन्द्र अन्तर्गत रहेका मौजुदा जनशक्तिहरु मार्फत, सेवा प्रदायकबाट सेवा खरिद गरेर अथवा समूहसँग सोझै सम्झौता गरी प्रचलित नियमानुसार यो कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

**अनुगमन योजना**

- सहभागीहरूका उपस्थिति
- प्रतिवेदन ।

## ४.१८. सामुदायिक वन बुलेटिन तयारी तथा प्रकाशन

**पृष्ठभूमि**

विभागले विगतको वर्षमा प्रकाशनमा ल्याएको समुदायमा आधारित वन बुलेटिनमा खोज अनुसन्धान, स्थलगत असल अभ्यास, लेख, रचना, वर्तमान सवाल, आवधिक तथ्यांक जस्ता जानकारीमूलक संदेशहरुले गर्दा उपभोक्ता र सामुदायिक वन सम्बन्धी विषयमा चासी राख्ने सरोकारवाला सामु लोकप्रिय हुँदै गएकोले निरन्तरता दिई अझै लोकप्रिय र समय सापेक्ष बनाउने उद्देश्य रहेको छ। यसको अलावा केन्द्रबाट भए गरेको कार्यहरु समबन्धी नीतिगत विषयहरुको विश्लेषण, समुदायमा आधारित सबै वन व्यवस्थापन पद्धतिहरुसँग सम्बन्धीत लेख/रचनाहरु, अध्ययन प्रतिवेदनहरु र भए गरेका कार्यक्रम, सूचना, तथ्याङ्क र यसको विश्लेषण लगायतका विषय समेत बुलेटिनमा समावेश गर्दै लगिनेछ।

**उद्देश्य**

सामुदायिक वन सम्बन्धी सुचना तथा संदेश प्रवाह गर्ने।

**कार्यान्वयन प्रक्रिया**

कार्यक्रम संचालनको लागि अवधारणापत्र र लागत अनुमान स्वीकृत गरिनेछ। यस कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गरिनेछ।

- सम्पादक मण्डल गठन,

- लेख, रचना तयारी, संकलन तथा मुल्याङ्कन,
- बुलिटन तयारी, सम्पादन र छपाई।

**अपेक्षित उपलब्धि**

- नियमित रुपमा समुदायमा आधारित वन बुलेटिन प्रकाशनमा आउनेछ।
- सम्बन्धीत लेख रचनाले स्थान पाउने हुँदा यसमा रुचि हुनेलाई अवसर हुनेछ ।
- बुलेटिन मार्फत बौद्धिक तथ्य सहितको विवरण यस संस्थालाई प्राप्त हुने र प्रकाशन भएको बुलेटिनको विवरणले सरोकारवाला सबैलाई प्रत्यक्ष/अप्रत्यक्ष फाईदा हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

लेख रचना प्राप्त गर्न, तथ्याँक संकलन र व्यवस्थापन गर्न, सामुदायिक वन अध्ययन केन्द्र अन्तर्गतका गतिविधिहरु लेख्ने लगायतका उल्लेखित सबै कार्यहरु गर्न केन्द्रका कर्मचारीहरु संलग्न हुनेछन्, सम्पादक मण्डलले मुल्याङ्कन गर्नेछ भने छपाईका लागि प्रचलित कानुन अनुसार गरिनेछ।

**अनुगमन योजना**

निश्चित परिमाणका बुलेटिन प्रकाशन र स्टोर दाखिला ।

## ४.१९. वन डढेलो सचेतना सामाग्री तयारी तथा प्रकाशन

**पृष्ठभूमि**

प्रत्यक वर्ष सुख्खायाममा वन क्षेत्रमा ठुलो मात्रामा डढेलो लाग्ने गरेको र केही वर्ष देखि प्रकोप कै रुपमा बढिरहेको र यसले वन, वन्यजन्तु र जैविक विविधता क्षति पुग्नुका साथै ठूलो मात्रामा प्राकृतिक तथा मानविय क्षति समेत हुने गरेकोले यसको न्युनिकरण तथा नियन्त्रण गर्न अपरिहार्य देखिएको। वन डढेलोको कारक तत्व मध्ये मानवीय वन डढेलो प्रमुख हो।तसर्थ वन डढेलो रोकथाम गर्न जनसामुदायलाई सचेत गराउन जरुरत पर्दछ। तसर्थ वन डढेलो नियन्त्रणमा वनसंग जोडिएका स्थानीय समुदायलाई जिम्मेवार बनाउन साथै वन डढेलो रोकथाम गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो।

**उद्देश्य**

वन डढेलो नियन्त्रण तथा रोकथामको विषयमा जनचेतना अभिवृद्धि गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गरिनेछ।

- अवधारणापत्र र लागत अनुमान तयार
- कर्मचारी मार्फत पोस्टर. पुस्तिका तयारी
- छपाई

**अपेक्षित उपलब्धि**

- वन डढेलो व्यवस्थापन र नियन्त्रण सम्बन्धी सान्दर्भिक कानून र नीतिबारे सूचना प्रदान गर्नेछ।
- वनको महत्त्वको र वन डढेलो जोखिमबारे जानकारी प्रदान गर्न उनीहरूको बिचमा सचेतना जगाउनेछ।
- वन डढेलो रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागि सामुदायिक सहभागिता र समन्वय बढाउनेछ।
- वन डढेलोको कारण, परिणाम र पारिस्थितिक प्रभावको बारेमा मानिसहरूको बुझाइ बढाउनेछ।

**जनशक्ति व्यवस्थापन**

केन्द्रका कर्मचारीहरु मार्फत सामग्री तयार गरी प्रचलित कानुन वमोजिम छपाई गरिनेछ।

**अनुगमन योजना**

प्रकाशन भएका सामाग्रीहरु।

## ४.२०. MIS सुदृढीकरण

**पृष्ठभूमि**

सामुदायिक वन अध्ययन केन्द्रको वेबमा आधारित अनलाइन सूचना व्यवस्थापन प्रणाली विकास गरिएको छ। यो प्रणाली कागजमा आधारित अभिलेखलाई तुरुन्त र प्रभावकारी तथ्याङ्क प्रविष्टि साथै प्रतिस्थापन गर्ने उद्देश्यले विकास गरिएको हो। यसमा सामुदायिक वन, कवुलयती वन, धार्मिक वन, निजी वन, साझेदारी वन, वन संरक्षण क्षेत्रको तथ्याङ्क प्रविष्टि गर्ने व्यवस्था रहेको छ। गत आ.व. मा वनहरुको तथ्याङ्क डिभिजन वन कार्यालय प्रविष्टि गर्न र एकिकृत सूचना प्रणाली व्यवस्था गर्ने उद्देश्यले यस तालिमको आयोजना गरिएको थियो। तालिमको क्रममा आएका प्रतिकृया र सुझावलाई समावेश गरी यस अनलाइन सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गरी वन र वन क्षेत्रसँग सम्वन्धित विवरणलाई वेभमार्फत परिमार्जित रुपमा सरोकारवालाहरुले प्राप्त गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो।

**उद्देश्य**

वन र वन क्षेत्रसँग सम्वन्धित विवरणलाई वेभमार्फत प्रवाह गर्ने।

**कार्यान्वयन प्रक्रिया**

कार्यक्रम सञ्चालनार्थ लागत अनुमान तथा अवधारणा पत्र तयार तथा स्वीकृत गरिनेछ। सेवा प्रदायक/कर्मचारीको छनोट गरि कार्यादेश प्रदान गरि यो कार्यक्रम संचालन गरिनेछ।

**अपेक्षित उपलब्धि**

नेपालभरिको वन प्रकारको एकिकृत तथ्याङ्क सङ्कलन हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

केन्द्रमा मौजुदा जनशक्तिहरु र प्रचलित कानुन वमोजिम विज्ञ श्रोत व्यक्ति वा सेवा प्रदायकबाट प्रचलित नियमानुसार सेवा परामर्श खरिद गरी यो कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

**अनुगमन योजना**

परिमार्जित सूचना व्यवस्थापन प्रणाली

## ४.२१. सामुदायिक वन दिवस

**पृष्ठभूमि**

वि.सं. २०७४ सालदेखि साउन २५ गते सामुदायिक वन दिवस मनाउदै आईरहेको छ। यस कार्यालयको स्थापना पनि अन्तराष्ट्रियस्तरमै एक सफल एवं अनुकरणीय कार्यक्रमको रुपमा समेत परिचित पाएको वन व्यवस्थापन पद्दति सामुदायिक वनलाई राष्ट्रियस्तरको अध्ययन केन्द्रको रुपमा परिचित गर्न। कार्यालयको अवधारणा र उद्देश्य अनुरुप नियमित कार्यक्रमको रुपमा प्रस्ताव गरिएको हो। यसका लागि कार्य विवरण र लागत अनुमान केन्द्र प्रमुखबाट स्वीकृत गरी कार्यक्रम कार्यान्वयन गरिनेछ। यसका लागि सहभागीका लागि खाजा खर्च, पुरस्कार, मुल्यांकन गर्नुपर्ने अवस्थामा मुल्याङ्कन साथै स्टेशनरी लगायतमा खर्च गर्न सकिनेछ ।

यस अन्तर्गत निम्न कार्यहरु गर्न सकिनेछ ।

- निबन्ध/ चित्रलेखा/वादविवाद प्रतियोगिता
- सरोकारवालाहरुसँग अन्तर्क्रिया/प्यानल छलफल
- वृक्षारोपण

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं
नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

**उद्देश्य**

सामुदायिक वन दिवस मनाउने ।

**कार्यान्वयन प्रक्रिया**

विभिन्न सरोकारवालाहरु माझ संरक्षण सन्देश पुगोस् भन्ने हेतु संरक्षण प्रचारप्रसार सामग्री उत्पादन तथा वितरण, संरक्षण अभियान, विभिन्न माध्यमवाट संरक्षण सन्देश प्रसारण, अन्तरक्रिया, गोष्ठी, प्रवचन, वानस्पतिक तथा संरचनात्मक कार्य, होर्डिङ्गवोर्ड निर्माण, स्तम्भ निर्माण तथा मर्मत सम्भार, वृक्षारोपण तथा सरसफाई, गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार लगायतका राष्ट्रिय पुरस्कारको पुरस्कार वितरण समारोह जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ। उल्लेखित क्रियाकलाप सम्पादन गर्न विनियोजित रकम स्वीकृत लागत अनुमान अनुसार खर्च गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- सामुदायिक वनका सम्वन्धमा प्रचार प्रसार हुनेछ।
- सामुदायिक वन व्यवस्थापनले पुर्याएको योगदान लाई सम्मान हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

यस केन्द्रका जनशक्तिहरुबाट वा अरु सरकारी तथा गैरसरकारी संस्थाहरुको यो कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

**अनुगमन योजना**

- सहभागीको उपस्थिति
- प्रतिवेदन ।

## ४.२२. समुदायमा आधारित वन व्यवस्थापन सम्बन्धी तथ्याङ्क संकलन तथा व्यवस्थापन

**पृष्ठभूमि**

नेपालमा सामुदायिक वन लगायत समुदायमा आधारित वन व्यवस्थापनका विभिन्न पद्धतिहरु अवलम्वन गरिदै आएको छ। संघियता लागु भएपछि नेपालभर यसको अवस्था के छ (सक्रिय/निस्क्रिय), संख्या कति भन्ने अन्योलता रहेको अवस्था छ। यसको लागि समुदायमा आधारित वन व्यवस्थापन (विशेषगरी सामुदायिक वन) सम्वन्धी तथ्याङ्क संकलन तथा अध्यावधिक नियमित कार्यक्रम राखिएको हो। यसमा प्रदेशस्थित वन मन्त्रालय/निर्देशनालय, डिभिजन वन कार्यालयबाट तथ्याङ्क संकलन गरिनेछ। संकलित तथ्याङ्कलाई यस केन्द्रको वेव साईटमा अध्यावधिक गरिनेछ। यसका लागि कार्य विवरण र लागत अनुमान प्रमुखबाट स्वीकृत गरी कार्यक्रम कार्यान्वयन गरिनेछ। विनियोजित बजेटबाट बैठक भत्ता, खाजा खर्च, भ्रमण भत्ता, ईन्धन, तथ्याँक विश्लेषणमा डिभिजन वन कार्यालयको तथ्याङ्क अध्यावधिक गर्नेलाई दैनिक भत्तामा बजेट खर्च गर्न सकिनेछ। कार्यालयमा प्राप्त भएको तथ्यांकलाई प्रविष्ट गर्ने कर्मचारीलाई समेत खाजा/खाना लगायत नियमानुसार भत्ता उपलब्ध गराउन सकिनेछ।

**उद्देश्य**

समुदायमा आधारित वन व्यवस्थापन सम्वन्धी तथ्याङ्क अध्यावधिक गर्ने।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम संचालनको लागि निम्न बमोजिमको कार्यहरु गरिनेछ।

- अवधारणा पत्र, लागत अनुमान तयारी र स्वीकृत
- सरोकारवालाहरु बीच छलफल
- प्रदेश वन मन्त्रालय तथा मातहतका कार्यालयहरुसँग समन्वय तथा तथ्याङ्क संकलन
- तथ्याङ्क अध्यावधिक

**अपेक्षित उपलब्धि**

नेपाल भरिको समुदायमा आधारित वन व्यवस्थापन सम्वन्धी तथ्याङ्क संकलन हुनेछ।

**जनशक्ति व्यवस्थापन**

केन्द्रमा उपलब्ध जनशक्तिबाट यो क्रियाकलाप कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

MIS मा अद्यावाधी गरिएको तथ्याङ्क ।

## ४.२३. उन्नत वन विउ संकलन/खरिद/वितरण

**पृष्ठभूमि**

यस कार्यक्रम अन्तर्गत वन विउ प्रयोगशाला तथा भण्डारण केन्द्रबाट कर्मचारी परिचालन गरी विभिन्न स्थानमा स्थापना गरिएका बिउ बगैचा विउ उत्पादन क्षेत्र तथा निजि जग्गा बाट बिउ संकलन गरिनेछ । विउ केन्द्रवाट स्थापना भएका बिउ बगैंचा, बिउ उत्पादन क्षेत्रबाट मात्र सबै प्रजातीको विउ प्राप्त हुन नसक्ने प्रजातीको हकमा अन्य क्षेत्रवाट समेत बिउ संकलन गरिनेछ। सकेसम्म विउ संकलनको कार्य वन प्राविधिकवाट नै गरिनेछ । यो कार्य को लागि एकमुष्ठ सवारी साधन (चार पाङ्ग्रे) भाडामा लिएर समेत गरिने छ ।केही प्रजातीको बिउ निजी जग्गामा रहेको रुखबाट संकलन गर्नु पर्ने भएकोले निजी जग्गामा रहेको रुखबाट समेत गर्न सकिनेछ। साथै विभिन्न कृषि वन बीउ सहकारी तथा व्यवसायीहरुबाट समेत बिउ खरिद गरी सरकारी निजी तथा गैह्रसरकारी संघ संस्थाहरुलाई (डिभिजन वन कार्यालयहरु भू-संरक्षण कार्यालयहरु, चुरेका कार्यालयहरु, निजी किसांन तथा अन्य संघ संस्था) लाई वितरण गरिनेछ । वन विउ संकलन कार्यको समय प्रजाती अनुसार फरक फरक हुने भएकोले सोही अनुसार खरीद तथा संकलनको व्यवस्था गरिनेछ ।

**उद्देश्य**

- गुणस्तरिय विरुवा उत्पादन गर्न गुणस्तरिय बीउ सरोकारवालाहरुलाई निशुल्क उपलब्ध गराउने ।
- लोपोन्मुख प्रजातीको संरक्षण गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

देशको विभिन्न क्षेत्रमा स्थापना भएका वन बिउ बगैंचा तथा विउ उत्पादन क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापन गर्दै आधुनिक उपकरणहरुको प्रयोग गरी सुरक्षित विधी अपनाई उन्नत बीउ संकलन गरिनेछ। लोपोन्मुख एवं संकटापन्न अवस्थामा रहेका महत्वपुर्ण रुख प्रजातिहरुको स्वस्थानीय तथा परस्थानीय अनुवांशिक संरक्षणका लागि प्रजाति संरक्षण क्षेत्र, वन विउ वगैचा तथा बिउ उत्पादन क्षेत्र स्थापना गरिनेछ।देशको विभिन्न क्षेत्रमा स्थापना भएका वन विउ बगैंचा तथा बिउ उत्पादन क्षेत्रहरुवाट उन्नत बीउ संकलन तथा ढुवानी कार्य हुनेछ। खटिएका कर्मचारीको दै.भ.भत्ता, ज्यामीको ज्याला, खाजा, पानी, इन्धन तथा सवारी साधन भाडा आदी तथा लागत अनुमान बमोजिमका अन्य आवश्यक कार्यहरुमा विनियोजित रकम खर्च गरिनेछ । मान्यता प्राप्त संघ संस्था तथा अन्य विउ आपूर्तिकर्ता एवं तथा व्यवसायीहरुबाट विउ अंकुरण क्षमता राम्रो भएको वन विउहरु खरिद गरिनेछ ।सेवा प्रदायकबाट विउ खरीद गर्दा विउको अंकुरण क्षमताको ६५ प्रतिशत भन्दा बढि अंकुर हुनुपर्नेछ र नभएमा नियमानुसार कालोसूचीमा राख्ने प्रस्ताव गरिनेछ ।जिल्ला दर रेट कायम नभएको प्रजातीहरुको हकमा विक्रेताले पेश गरेको दर रेटलाई आधार मानी प्रचलित कानुन बमोजिम खरिद कार्य गरिने छ । बिउ संकलन तथा खरिद समय तालिका अनुसार गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- उन्नत जातको विउ संकलन भई सरल र सहज किसिमबाट वन बिउ वितरण हुनेछ
- उन्नत जातको विरुवा उत्पादन भई वन विकास कार्यमा टेवा पुग्नेछ ।

**जनशक्ति व्यवस्थापन**

- संकलन कार्यका लागि केन्द्रमा कार्यरत वन प्राविधिकको नेतृत्वामा अन्य कर्मचारी तथा ज्यामीलाई प्रयोग गरिनेछ ।
- वन बिउ खरीद कार्य प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट समेत खरीद गर्न सकिनेछ ।

**अनुगमन योजना**

- संकलित परिमाण,
- स्टोर दाखिला,
- कार्य सम्पादन प्रतिवेदन
- वितरित परिमाण ।

## ४.२४. अनुसन्धानमुलक वन नर्सरीमा टनेल/ग्रिन हाउस तथा mother बेड निर्माण

**पृष्ठभूमि**

गत आर्थिक वर्ष २०८१/८२ मा अनुसन्धानमुलक वन नर्सरीमा प्रारम्भ गरिएको टनेल/ग्रीन हाउस तथा मदर बेड निर्माण कार्यक्रम आंशिक रूपमा सम्पन्न भएको थियो। तर, पर्याप्त बजेट अभावका कारण सो संरचना पूर्णरूपमा सम्पन्न हुन सकेन। अधूरो रहेको सो संरचनालाई पूर्णता दिनु वर्तमान आवश्यकता हो, जसबाट बिरुवा उत्पादन प्रणाली थप वैज्ञानिक, दिगो र प्रभावकारी हुनेछ। यसै सन्दर्भमा, चालु आर्थिक वर्ष २०८२/८३ मा उक्त अधूरो ग्रीन हाउस संरचनालाई पूर्णता दिने, अनुसन्धान उपयुक्त वातावरण निर्माण गर्ने, र आवश्यक सुधारसहित मदर **बेड** निर्माणको कार्यलाई अघि बढाउनका लागि यो कार्यक्रम केन्द्रित छ। निर्माण कार्य सम्पन्न पश्चात् नर्सरीमा रहेका प्रजातिहरूको स्तरीकरण, बीउ अंकुरण क्षमता, रोगप्रतिरोधात्मक क्षमता र बिरुवा उत्पादनमा उल्लेखनीय सुधार ल्याउने अपेक्षा गरिएको छ। वन अनुसन्धान तथा प्रविधि विकाससँग सम्बन्धित यस्तो पूर्वाधार विकासले भावी पुस्ताका लागि वन नवीकरण तथा प्रजाति संरक्षणमा योगदान पुर्‍याउनुका साथै वन विकासको मार्गचित्र पनि तय गर्नेछ।

**उद्देश्य**

- गुणस्तरीय तथा रोगमुक्त बिरुवा उत्पादनका लागि टनेल/ग्रीन हाउस र मदर बेड पूर्वाधार निर्माण गरी अनुसन्धानमुलक वन नर्सरीलाई सुदृढ बनाउने।
- अधूरो अवस्थामा रहेको ग्रीन हाउस संरचना तथा नर्सरी सुधारका कार्यहरूलाई पूर्णता दिई सिजन अनुसारको प्रजाति उत्पादन सुनिश्चित गर्ने।

**कार्यान्वयन प्रक्रिया**

गत आ व. मा निर्माण गरिएका.अधुरो संरचनाको अवस्थाको मूल्यांकन गरिनेछ। आवश्यक प्रविधिक सहायता लिई निर्माणको परिमाण, लागत, र आवश्यक सामग्रीको सूची तयार गरिनेछ। स्वीकृत नर्म्स तथा प्रचलित जिल्ला दररेट अनुसार तयार भएको स्वीकृत लागत अनुमान बमोजिम ग्रीनहाउस तथा mother बेड निर्माण, ग्रीन हाउसमा सिंचाईको स्थायी व्यवस्था, ग्रीन हाउस वरिपरी बाटो निर्माण, रङ्गरोंगन, होर्डिंग बोर्ड राखे तथा लागत अनुमान बमोजिमका अन्य आवश्यक कार्यमा खर्च गरिनेछ। निर्माण कार्यको सुपरिवेक्षण गर्ने कर्मचारी तथा अन्य प्राविधिकको खर्च, सवारी साधनको मर्मत, इन्धन, आदि लगायतका कार्यहरुमा खर्च गरिनेछ। नियमानुसार आवश्यक प्रक्रिया अपनाई कामको जिम्मा दिइनेछ। निर्माण कार्य पारदर्शी र गुणस्तरीय बनाउन प्राविधिक निरीक्षण र सुपरिवेक्षण गरिनेछ। निर्माण

कार्यको सम्पूर्ण अवधिमा कार्यालय प्रमुख वा कार्यालय प्रमुखले तोकेको कर्मचारी, इन्जिनियर वा प्राविधिक तथा सम्बन्धित निकायको निरन्तर निरीक्षण, अनुगमन र मूल्यांकन गरिनेछ।

**अपेक्षित उपलब्धि:-**

अधुरो रहेको ग्रीनहाउस निर्माण कार्य सम्पन्न भई बिरुवा उमारका लागि उचित वातावरणको निर्माण भई वर्षै भरी बिरुवा उत्पादन कार्य सहज हुनुका साथै गुणस्तरीय वहुवर्षीय बिरुवा उत्पादन कार्यमा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वमा अन्य कर्मचारी तथा स्थानीय ज्यामीलाई प्रयोग गरिनेछ। आवश्यकता अनुसार सेवा प्रदायक संघ संस्थालाई समेत प्रयोग गरी निर्माण कार्य गर्न सकिनेछ।

**अनुगमन योजना**

पूर्ण निर्माण सम्पन्न ग्रीन हाउस तथा मदर बेड संरचना।

## ४.२५. उन्नत वन विरुवा उत्पादन

**पृष्ठभूमि**

वन बिउ प्रयोगशाला तथा भण्डारण केन्द्र गुणस्तरिय बिउ संकलन गरी उन्नत जातको विरुवा उत्पादन गर्ने लक्ष्यका लागि स्थापना भएको कार्यालय हो। यो केन्द्रले विगत समय देखी नै गुणस्तरिय विउ उत्पादनका लागि आफै वन विउ बगैचा, सिड स्टेण्ड बनाई उन्नत जातको विउ उत्पादन गर्दै आएको छ। अर्को तर्फ उत्पादित वा विभिन्न स्थानबाट संकलित विउको अकुरण क्षमता तथा प्रतिशत निर्धारण गर्न विरुवा उत्पादन लगायतका परीक्षण गर्ने कार्य गर्दै आएको छ। स्थलगत रुपमा विउको अकुरण क्षमता तथा प्रतिशत निर्धारण गर्न र सो कार्यलाई प्रचार प्रसार गर्न यस केन्द्रले अनुसन्धानमुलक कार्य सञ्चालन गर्न आफ्नै नर्सरी निर्माणको कार्य समेत अगाडी वढाएको छ। निर्माणाधिन नर्सरी पूर्ण रुपमा प्रविधियुक्त हुनासाथ वन विउको अंकरण क्षमता तथा विउको अंकुरण प्रतिशत तथा अन्य विरुवा उत्पादनसंग सम्बन्धीत अनुसन्धानमा आधारित प्रकाशनहरु प्रकाशनमा ल्याउने लक्ष्यका साथ विरुवा उत्पादनका कार्य सञ्चालमा ल्याईएको छ ।यो कार्य अन्तर्गत इन्डोर विरुवा तथा फूल जन्य विरुवा समेत उत्पादन गरिने छ।

यसका साथै विरुवा उत्पादन कार्यले खाली रहेको वन क्षेत्रमा वृक्षारोपण गर्न, समुदायको जग्गामा विरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको विस्तार गर्न यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । विज्ञहरु समेत सम्मिलित टोलीको राय लिएर कर्मचारीहरुको वैठकवाट स्थानीय आवश्यकता, उपभोक्ताहरुको रुचि, प्राविधिक उपयुक्तताका आधारमा विभिन्न प्रकारका रुख, काष्ठ तथा अन्य बहुउपयोगी प्रजाती छनौट गर्न सक्नेछ। नर्सरी सञ्चालन गर्दा वीउ स्रोत, समय तालिका आदि समेत खुल्ने गरी कार्यालय प्रमुखबाट प्रमाणित गरिएको वन नर्सरी रजिष्टर राखु पर्नेछ उक्त वन नर्सरीमा विरुवा वितरणको विवरण अनिवार्य रुपमा राख्नु पर्दछ ।

यसमा विभिन्न साइजका पोलिपोटमा विभिन्न साइजका विरुवाहरु उत्पादन गर्न सकिनेछ। विरुवा वितरण गर्दा सबै प्रकारका वनहरु जस्तैः सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरु व्यक्ति विशेष आदिमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ ।

**उद्देश्य**

- गुणस्तरिय विउ संकलन गरी उन्नत जातको रुख विरुवा उत्पादन गर्ने
- वन बिउ बगैचा, सिड स्टेण्डवाट उत्पादित वा विभिन्न स्थानवाट संकलित विउको अंकुरण क्षमत तथा प्रतिशत निर्धारण गर्ने
- विरुवा उत्पादन लगायतका परीक्षण गर्ने कार्य गर्ने
- स्थलगत रुपमा विउको अंकुरण क्षमता तथा प्रतिशत निर्धारण गर्ने सो कार्यलाई प्रचार प्रसार गर्ने

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

**कार्यान्वयन प्रक्रिया**

नर्सरीमा विरुवा उत्पादन गर्दा नर्सरी निर्माण तथा मर्मत कार्यमा गरिने कार्यहरु मध्ये केही कार्यहरु विरुवा उत्पादन कार्यवाट नै सञ्चालन गर्नु पर्ने देखिन्छ। जस्तै पानी टंकी, नर्सरीमा गत आ.व.मा निर्माण गरिएको घरमा कार्यालय सञ्चालनका लागि विविध सामाग्री खरीद, विद्युतको बिल अनुसारको भुक्तानी आदी कार्य यसै रकमवाट खर्च गरिनेछ। खर्च अनुमान गर्दा स्वीकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम गरी निम्न कार्यमा खर्च गरिनेछ ।

- वेड निर्माण,
- मल, आवश्यक गुणस्तरको माटो, खरानी तथा पिना खरीद
- बिउ छर्ने कार्य र विउ खरीद, गोडमेल, विरुवा सार्ने लगायतका लागत अनुमान अनुसारका सम्पुर्ण कार्यहरु,
- नर्सरीमा विजुलीको महशुल,
- नर्सरीमा खानेपानी तथा नर्सरी व्यवस्थापनका अन्य कार्यहरु सञ्चाल्न कार्य,
- नर्सरीमा रहेको भवन तथा कार्यालय सञ्चालनका लागि आवश्यक फर्निचर, खानेपानी, कार्पेट, कम्प्युटर, प्रिन्टर, नर्सरी रजिष्टर छपाई, स्टेसनरी सामाग्री लगायतका अन्य सामाग्री ।
- विरुवा उत्पादन कार्य सञ्चालनार्थ आवश्यक अन्य सबै प्रकारका सामाग्री तथा सेवा खरिद
- विनियोजित बजेट विरुवा उत्पादन कार्यको निरिक्षण गर्ने कर्मचारीको दैनिक भ्रमण भत्ता, इन्धन, खाजा आदी कार्यमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्ने।

**अपेक्षित उपलब्धि**

आवश्यकता अनुसार र लक्ष्य अनुसारको विरुवा उत्पादन हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वामा अन्य कर्मचारी तथा स्थानिय ज्यामीलाई प्रयोग गरिनेछ । आवश्यकता अनुसार सेवा प्रदायक संघ संस्थालाई समेत प्रयोग गरी निर्माण कार्य गर्न सकिनेछ ।

**अनुगमन योजना**

उत्पादन तथा वितरण गरिएको स्वास्थ विरुवा ।

## ४.२६. शहरी वृक्षारोपण प्रयोजनार्थ गत आ.व. को विरुवालाई बहुवर्षियामा लैजाने

**पृष्ठभूमि**

शहरी वृक्षारोपण प्रयोजनार्थस अग्ला, स्वास्थ तथा हुर्केका बिरुव हरु आवश्यक पर्ने हुँदा बहुबर्षीय विरुवालाई मात्र सो कार्यमा प्रयोग गर्ने हिसाबले यो कार्यक्रम राखिएको हो। शहरी प्रदुषणको चाप थाम्न सक्ने विरुवा मात्र शहरी वृक्षारोपणमा प्रयोग गरिने छ ।

**उद्देश्य**

शहरी वृक्षारोपण प्रयोजनार्थ स्वास्थ तथा अग्ला बहु बर्षीय विरुवा उत्पादन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

गत आ.ब. का स्वास्थ विरुवा छनौट गरि रूट प्रुन्निंग गरि थप potting mix सहित ठुलो पोली थैलोमा रुपान्तरण गर्ने कार्यका लागि लागत अनुमान तयार र स्वीकृत गरिनेछ । समयानुकुल रूट प्रुन्निंग, गोडमेल, Grading गरी स्वस्थ विरुवा तयार गरिनेछ तथा आवश्यकता अनुसार मलजल गर्ने, केही अति आवश्यक विरुवा आवश्यकता अनुसार उमार्ने र एक स्थानबाट (नर्सरी) अर्को नर्सरीमा ढुवानी कार्य गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

स्वास्थ बहुबर्शिया विरुवा उत्पादन हुनेछ ।

**जनशक्ति व्यवस्थापन**
कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वामा अन्य कर्मचारी तथा स्थानिय ज्यामीलाई प्रयोग गरि अमानतबाट गरिनेछ । आवश्यकता अनुसार सेवा प्रदायक संघ संस्थालाई समेत प्रयोग गरी कार्य गर्न सकिनेछ ।

**अनुगमन योजना**
उत्पादन तथा वितरण गरिएको स्वस्थ विरुवा ।

## ४.२७. जिन बैंकमा संरक्षित गरिएका लोपोन्मुख प्रजातिको विउ प्रतिस्थापनार्थ विउ सङ्कलन तथा भण्डारण

**पृष्ठभूमि**
नेपालमा पाइने सङ्कटापन्न वनस्पतिहरूका बीउ विभिन्न भौगोलिक क्षेत्रहरूबाट सङ्कलन गरी भविष्यमा यस प्रकारका वनस्पतिहरूका अनुवांशिक संरक्षण गर्न देशमा भएका अनुसन्धान केन्द्रसँग समन्वय गरी सीड बैङ्क तयारी गरिनेछ। बीउ सङ्कलन कार्य यस कार्यालयमा कार्यरत कर्मचारी वा यस केन्द्रमा दर्ता भएका सेवा प्रदायक संस्थाहरू मार्फत प्रचलित कानुन बमोजिम खरीद गरिनेछ। यस कार्यका लागि निम्न लिखित कृयाकलापहरू सञ्चालन गरिनेछ ।

- देशको विभिन्न क्षेत्रमा रहेका सङ्कटापन्न वनस्पतिको क्षेत्र पहिचान गरी सो क्षेत्रहरूबाट बीउ सङ्कलनको कार्य,
- सङ्कलित बीउलाई कोल्ड स्टोर तथा जिन बैङ्कमा भण्डारण गर्ने कार्य,
- विभिन्न स्थानमा विरुवा उत्पादन गरी वृक्षरोपण गर्नको लागि बीउ वितरण तथा उत्पादित विरुवा वितरण।

**उद्देश्य**
सङ्कटापन्न प्रजातिको अनुवांशिक संरक्षण कार्यमा टेवा पुर्याउने

**कार्यान्वयन प्रक्रिया**
देशको विभिन्न क्षेत्रबाट आधुनिक उपकरणहरूको प्रयोग गरी बीउ सङ्कलन गरिनेछ। सङ्कलन कार्यमा खटिएका कर्मचारीहरूको दै.भ्र.भत्ता, ईन्धन र ज्यामीको ज्याला दिन, ढुवानी कार्य गर्नको लागी आवश्यक पर्ने भाडा रकम, प्रतिवेदन तयारी गर्न आवश्यक पर्ने रकम, बीउहरू राख्ने सामाग्री खरीद, विभिन्न प्रकारका अन्य रासायन खरीद, जिन बैङ्क तयार गर्न लाग्ने लागत वन तथा वातावरण मन्त्रालय साबिकको वन तथा भूसंरक्षण मन्त्रालय को प्रचलित स्वीकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम नर्मस अनुसार गरिने छ।

**अपेक्षित उपलब्धि**
यस कार्यबाट सङ्कटापन्न प्रजातिको अनुवांशिक संरक्षण कार्यमा टेवा पुग्नेछ ।

**जनशक्ति व्यवस्थापन**
यस केन्द्रमा कार्यरत वन प्राविधिकको नेतृत्वमा अन्य कर्मचारी तथा दक्ष ज्यामीको प्रयोग गरिनेछ। वन बीउ खरीद कार्य प्रचलित कानुन अनुसार सेवा प्रदायक संस्थाबाट समेत खरीद गर्न सकिनेछ।

**अनुगमन योजना**
संकलित विउ ।

## ४.२८. नव निर्मित BSO पुनः रोपण, विउ परिक्षनार्थ तथा लोपोन्मुख प्रजातिको संरक्षण कार्यको लागि विरुवा उत्पादन

**पृष्ठभूमि**
वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्र गुणस्तरिय बीउ सङ्कलन गरी उन्नत जातको विरुवा उत्पादन गर्ने लक्ष्यका लागि स्थापना भएको कार्यालय हो। यो केन्द्रले विगत समय देखी नै गुणस्तरिय बीउ उत्पादनका लागि आफै वन बीउ बगैचा, सीड स्टेण्ड बनाई उन्नत जातको बीउ उत्पादन गर्दै आएको छ। अर्को तर्फ उत्पादित वा विभिन्न स्थानबाट

सङ्कलित बीउको अकुरण क्षमता तथा प्रतिशत निर्धारण गर्न विरुवा उत्पादन लगायतका परीक्षण गर्ने कार्य गर्दै आएको छ। स्थलगत रुपमा बीउको अकुरण क्षमता तथा प्रतिशत निर्धारण गर्न र सो कार्यलाई प्रचार प्रसार गर्न यस केन्द्रले अनुसन्धानमुलक कार्य सञ्चालन गर्न आफ्नै नर्सरी निर्माणको कार्य समेत अगाडी वढाएको छ। निर्माणाधिन नर्सरी पूर्ण रुपमा प्रविधियुक्त हुनासाथ बन बीउको अंकरण क्षमता तथा बीउको अंकुरण प्रतिशत तथा अन्य विरुवा उत्पादनसंग सम्बन्धीत अनुसन्धानमा आधारित प्रकाशनहरु प्रकाशनमा ल्याउने लक्ष्यका साथ विरुवा उत्पादनका कार्य सञ्चालमा ल्याईएको छ ।यो कार्य अन्तर्गत इन्डोर विरुवा तथा फूल जन्य विरुवा समेत उत्पादन गरिने छ।

यसका साथै विरुवा उत्पादन कार्यले खाली रहेको वन क्षेत्रमा वृक्षरोपण गर्न, समुदायको जग्गामा विरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको विस्तार गर्न यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । विज्ञहरु समेत सम्मिलित टोलीको राय लिएर कर्मचारीहरुको वैठकबाट स्थानीय आवश्यकता, उपभोक्ताहरुको रुचि, प्राविधिक उपयुक्तताका आधारमा विभिन्न प्रकारका रुख, काष्ठ तथा अन्य बहुउपयोगी प्रजाति छनौट गर्न सक्नेछ। नर्सरी सञ्चालन गर्दा बीउ स्रोत, समय तालिका आदि समेत खुल्ने गरी कार्यालय प्रमुखबाट प्रमाणित गरिएको वन नर्सरी रजिष्टर राखु पर्नेछ उक्त वन नर्सरीमा विरुवा वितरणको विवरण अनिवार्य रुपमा राखु पर्दछ ।
यसमा विभिन्न साइजका पोलिपोटमा विभिन्न साइजका विरुवाहरु उत्पादन गर्न सकिनेछ। विरुवा वितरण गर्दा सबै प्रकारका बनहरु जस्तैः सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरु व्यक्ति विशेष आदिमा जनसहभागिता परिचालन गरी वृक्षरोपण गर्न अभिप्रेरित गरिनेछ ।

**उद्देश्य**

- गुणस्तरिय बीउ सङ्कलन गरी उन्नत जातको रुख विरुवा उत्पादन गर्ने
- वन बीउ बगैचा, सीड स्टेण्डबाट उत्पादित वा विभिन्न स्थानबाट सङ्कलित बीउको अंकुरण क्षमत तथा प्रतिशत निर्धारण गर्ने
- विरुवा उत्पादन लगायतका परीक्षण गर्ने कार्य गर्ने
- स्थलगत रुपमा बीउको अंकुरण क्षमता तथा प्रतिशत निर्धारण गर्ने सो कार्यलाई प्रचार प्रसार गर्ने

**कार्यान्वयन प्रकृया**

नर्सरीमा विरुवा उत्पादन गर्दा नर्सरी निर्माण तथा मर्मत कार्यमा गरिने कार्यहरु मध्ये केही कार्यहरु विरुवा उत्पादन कार्यबाट नै सञ्चालन गर्नु पर्ने देखिन्छ। जस्तै पानी टंकी, नर्सरीमा गत आ.व.मा निर्माण गरिएको घरमा कार्यालय सञ्चालनका लागि विविध सामाग्री खरीद आदी कार्य यसै रकमबाट खर्च गरिनेछ। खर्च अनुमान गर्दा स्वीकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम गरी निम्न कार्यमा खर्च गरिनेछ ।

- बीउ,मल,पोलीथिन, आवश्यक गुणस्तरको माटो, खरानी तथा पिना, कोकोपिट, किटनाशक औषधी, खरीद
- बीउ छर्ने कार्य , गोडमेल, विरुवा सार्ने लगायतका लागत अनुमान अनुसारका सम्पुर्ण कार्यहरुको श्रमिकको ज्याला,
- विरुवा उत्पादन कार्य सञ्चालनार्थ आवश्यक अन्य सबै प्रकारका सामाग्री तथा सेवा खरिद ।

**अपेक्षित उपलब्धि**

आवश्यकता अनुसार र लक्ष्य अनुसारको विरुवा उत्पादन हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वमा अन्य कर्मचारी तथा स्थानीय ज्यामीलाई प्रयोग गरिनेछ । आवश्यकता अनुसार सेवा प्रदायक सङ्घ संस्थालाई समेत प्रयोग गरी निर्माण कार्य गर्न सकिनेछ ।

अनुगमन योजना

उत्पादन तथा वितरण गरिएको स्वस्थ विरुवा।

## ४.२९. अनुसन्धानमुलक वन नर्सरीको स्तरोन्नती तथा मर्मत सम्भार

**पृष्ठभूमि**

गत आर्थिक वर्ष २०८१/८२ मा अनुसन्धानमुलक वन नर्सरीमा प्रारम्भ गरिएको टनेल/ग्रीन हाउस तथा मदर बेड निर्माण कार्यक्रम आंशिक रूपमा सम्पन्न भएको थियो। तर, पर्याप्त बजेट अभावका कारण सो संरचना पूर्णरूपमा सम्पन्न हुन सकेन। अधूरो रहेको सो संरचनालाई पूर्णता दिनु वर्तमान आवश्यकता हो, जसबाट विरुवा उत्पादन प्रणाली थप वैज्ञानिक, दिगो र प्रभावकारी हुनेछ। यसै सन्दर्भमा, चालु आर्थिक वर्ष २०८२/८३ मा उक्त अधूरो ग्रीन हाउस संरचनालाई पूर्णता दिने, अनुसन्धान उपयुक्त वातावरण निर्माण गर्ने, र आवश्यक सुधारसहित **मदर बेड** निर्माणको कार्यलाई अघि बढाउनका लागि यो कार्यक्रम केन्द्रित छ। निर्माण कार्य सम्पन्न पश्चात् नर्सरीमा रहेका प्रजातिहरूको स्तरीकरण, बीउ अंकुरण क्षमता, रोगप्रतिरोधात्मक क्षमता र विरुवा उत्पादनमा उल्लेखनीय सुधार ल्याउने अपेक्षा गरिएको छ। वन अनुसन्धान तथा प्रविधि विकाससँग सम्बन्धीत यस्तो पूर्वाधार विकासले भावी पुस्ताका लागि वन नवीकरण तथा प्रजाति संरक्षणमा योगदान पुऱ्याउनुका साथै वन विकासको मार्गचित्र पनि तय गर्नेछ।

**उद्देश्य**

- गुणस्तरीय तथा रोगमुक्त विरुवा उत्पादनका लागि टनेल/ग्रीन हाउस र मदर बेड पूर्वाधार निर्माण गरी अनुसन्धानमुलक वन नर्सरीलाई सुदृढ बनाउने।
- अधूरो अवस्थामा रहेको ग्रीन हाउस संरचना तथा नर्सरी सुधारका कार्यहरूलाई पूर्णता दिई सिजन अनुसारको प्रजाति उत्पादन सुनिश्चित गर्ने।

**कार्यान्वयन प्रकृया**

गत आ.व. मा निर्माण गरिएका अधुरो संरचनाको अवस्थाको मूल्यांकन गरिनेछ। आवश्यक प्रविधिक सहायता लिई निर्माणको परिमाण, लागत, र आवश्यक सामग्रीको सूची तयार गरिनेछ। स्वीकृत नर्म्स तथा प्रचलित जिल्ला दररेट अनुसार तयार भएको स्वीकृत लागत अनुमान बमोजिम ग्रीनहाउस तथा mother बेड निर्माण, ग्रीन हाउसमा सिंचाईको स्थायी व्यवस्था, ग्रीन हाउस वरिपरी बाटो निर्माण, रङ्गरोंगन, होर्डिंग बोर्ड राखे तथा लागत अनुमान बमोजिमका अन्य आवश्यक कार्यमा खर्च गरिनेछ। निर्माण कार्यको सुपरिवेक्षण गर्ने कर्मचारी तथा अन्य प्राविधिकको खर्च, सवारी साधनको मर्मत, इन्धन, आदि लगायतका कार्यहरुमा खर्च गरिनेछ। नियमानुसार आवश्यक प्रक्रिया अपनाई कामको जिम्मा दिइनेछ। निर्माण कार्य पारदर्शी र गुणस्तरीय बनाउन प्राविधिक निरीक्षण र सुपरिवेक्षण गरिनेछ। निर्माण कार्यको सम्पूर्ण अवधिमा कार्यालय प्रमुख वा कार्यालय प्रमुखले तोकेको कर्मचारी, इन्जिनियर वा प्राविधिक तथा सम्बन्धीत निकायको निरन्तर निरीक्षण, अनुगमन र मूल्यांकन गरिनेछ।

**अपेक्षित उपलब्धि**

अधुरो रहेको ग्रीनहाउस निर्माण कार्य सम्पन्न भई विरुवा उमारका लागि उचित वातावरणको निर्माण भई वर्षै भरी विरुवा उत्पादन कार्य सहज हुनुका साथै गुणस्तरीय वहुवर्षीय विरुवा उत्पादन कार्यमा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन :**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वमा अन्य कर्मचारी तथा स्थानीय ज्यामीलाई प्रयोग गरिनेछ। आवश्यकता अनुसार सेवा प्रदायक संघ संस्थालाई समेत प्रयोग गरी निर्माण कार्य गर्न सकिनेछ।

**अनुगमन योजना**

पूर्ण निर्माण सम्पन्न ग्रीन हाउस तथा मदर बेड संरचना।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

### ४.३०. नवनिर्मित वन बीउ वगैचा. बीउ उत्पादन क्षेत्रको तारवार मर्मत, द्वैमासिक रूपमा गोडमेल,झाडी/घाँस सफाई पुनःरोपण,सिंचाई तथा मल हाल्ने समेत (ईमली,नीम, बौधीचित,देवदार,लप्सी,कोईरालो)

**पृष्ठभूमि**

उन्नत बीउ, असल काठ भने झै भविष्यमा महत्वपुर्ण वन प्रजातिहरुको गुणस्तरीय बीउ उत्पादन तथा उच्चतम वंश संरक्षण गर्न स्थापना गरिएको बीउ उत्पादन क्षेत्रहरुको फिल्ड अनुगमन निरिक्षण अनुरुप विभिन्न बीउ उत्पादन क्षेत्रहरु संरक्षण तथा व्यवस्थापन गरिने छ ।यस कार्य अन्तर्गत पुराना वन बीउ उत्पादन क्षेत्रको तारवार मर्मत तथा सम्भार तथा तथ्याङ्क अभिलेखिकरण, नियमित गोडमेल झाडीसफाई तथा पुनरोपण,वन बीउ उत्पादन क्षेत्रको व्यवस्थापन तथा संरक्षणका कार्यहरु गरिने छ ।

**उद्देश्य**

बीउ उत्पादन क्षेत्रहरु संरक्षण तथा व्यवस्थापन गरि गुणस्तर वीउको उत्पादन गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

कार्यक्रमको अवधारणा पत्र, लागत अनुमान तयार र स्वीकृत गरि निम्नानुसारको कार्यहरु गरिनेछ।

- वन बीउ उत्पादन क्षेत्रको तारवार तथा घेरवार मर्मत सम्भार तथा सुधार,
- नियमित गोडमेल झाडीसफाई तथा पुनःरोपण,
- वन बीउ उत्पादन क्षेत्रको व्यवस्थापन तथा संरक्षणका कार्यहरु,
- तथ्याङ्क अभिलेखिकरणका लागि स्थलगत तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रकाशन
- सुचनामुलक होर्डिग बोर्ड राख्न तथा अन्य लागत अनुमानका कार्यहरु।

नियमित प्राविधिक सहयोगमा खटिने कर्मचारीको दै.भ्र.भत्ता ईन्धन, अनुगमन तथा मुल्याँकन कार्यमा बजेट खर्च गर्न सकिने छ ।

**अपेक्षित उपलब्धि**

भविष्यमा महत्वपुर्ण वन प्रजातिहरुको गुणस्तरीय बीउ उत्पादन तथा उच्चतम् वंश संरक्षण गर्ने कार्यमा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वमा स्थानीय ज्यामीलाई प्रयोग गरिनेछ ।

**अनुगमन योजना**

पुरानो फलफुल बगैंचा, वन बीउ बगैंचा, बीउ उत्पादन क्षेत्र तथा प्रजाति संरक्षण क्षेत्र

### ४.३१. विउ बगैंचाको संरक्षण (हेरालु मार्फत)

**पृष्ठभूमि**

विभिन्न आ.व.हरुमा स्थापना गरिएका वन बीउ बगैचाहरु संरक्षण गर्न १/१ जना बीउ बगैचा हेरालुहरुको व्यवस्था गरिनेछ। यस कार्यक्रम अन्तरगत राखिएका हेरालुले निम्न कार्यहरु गर्नु पर्नेछ ।

- वन बीउ बगैचाहरु संरक्षण,
- मरेको विरुवाको पुनःरोपण,गोडमेल झाडीसफाई, सिचाई, घेरबार ब्यबस्थापन, रोग किरा लागेको खण्डमा बिउ केन्द्र मा खबर गर्ने लगायतका नीजको कार्य विवरणमा तोकिएका अन्य कार्यहरु।

**उद्देश्य**

वन बीउ बगैचाहरुको संरक्षण तथा व्यवस्थापन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

विभिन्न स्थानमा रहेका विउ बगैंचा नियमित रेखदेख गर्न करार सेवामा हेरालु राख्र सम्झौता बमोजिम हेरालुलाई तलब र नियमित अनुगमनमा खटिने कर्मचारीलाई दै.भ्र.भ. मा स्वीकृत लागत अनुमान अनुसार विनियोजित बजेट खर्च गरिनेछ।

**अपेक्षित उपलब्धि**

वन बिउ वगैचाको संरक्षण, गुणस्तरिय बिउ उत्पादन भई उच्च स्तरिय काठ तथा गैह्काष्ठ वन पैदावारहरुको उत्पादन हुनेछ।

**जनशक्ति व्यवस्थापन**

बीउ बगैचा हेरालुहरुका अनुगमन तथा निरीक्षण कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वमा गरिने छ तथा हेरालु छनौट गर्दा गत आ.बा. मा कार्यारत अनुभवी लाई नै स्वीकृत बजेटको आधारमा प्राथमिकताका आधारमा यस आ.व. मा पानी राखिने छ।

**अनुगमन योजना**

कार्यसम्पादन प्रतिवेदन।

## ४.३२. विउ संकलन फिल्ड गियर

**पृष्ठभूमि**

वन क्षेत्रको दिगो व्यवस्थापन र जैविक विविधताको संरक्षणका लागि गुणस्तरीय बीउ संकलन अत्यन्तै महत्वपूर्ण प्रक्रिया हो। विशेष गरी प्राकृतिक वन क्षेत्रहरूबाट उपयुक्त वंशानुगत गुण भएका, रोगमुक्त, परिपक्व र जीवन्त बीउहरूको छनोट र संकलन गर्न विभिन्न फिल्ड गियर तथा उपकरणहरूको प्रयोग आवश्यक हुन्छ। हालसम्म वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्रका कर्मचारीहरुले आफैले बीउ संकलन कार्य गर्दै आएकोमा फिल्ड गियरको अभावले बीउ संकलन कार्य अत्यन्तै अफठ्यारो हुने गरेको छ। अग्ला रूखहरूबाट बीउ संकलन गर्दा विभिन्न फिल्ड गियर र उपकरणको अभावले जनशक्ति सुरक्षामा समेत जोखिम देखिएको छ। साथै, बीउ संकलनका लागि आवश्यक यन्त्र, सामग्री र सुरक्षात्मक पोशाकको अभावले संकलन कार्य प्रभावकारी रुपमा हुन सकिरहेको छैन।

यस सन्दर्भमा, बीउ संकलन कार्यलाई वैज्ञानिक, सुरक्षित, व्यवस्थित र गुणस्तरीय बनाउनका लागि फिल्ड गियर खरिद तथा व्यवस्थापन आवश्यक भएको छ। सो उपकरणहरू अन्तर्गत क्यामेरा, रोप, झोला, हुक, हेल्मेट, सुरक्षा बेल्ट, ह्यान्ड ग्लोभ्स, GPS उपकरण, यन्त्र फिल्डमा लगाउने पोशाक जस्तै ज्याकेट, बुट वा जुत्ता, ट्र्याक शुट, स्लिपिङ ब्याग, रेनकोट) आदि समावेश छन्। यस कार्यक्रमबाट बीउ संकलन कार्य गुणस्तर र सुरक्षित तरिकाले गरी स्वस्थ बीउ संकलन गरी उन्नत विरुवा उत्पादन कार्यलाई पनि सुदृढ बनाउने अपेक्षा गरिएको छ।

**उद्देश्य**

विउ संकलन कार्यमा खटिने टोलिको सुरक्षाको लागि आवश्यक फिल्ड गियर उपलब्ध गराउने।

**कार्यान्वयन प्रकृया**

प्रचलित कानूनको अधिनमा रही स्पेसिफिकेशन तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ। यस शिर्षक अन्तर्गत विनियोजित रकम फिल्डमा आवश्यक पर्ने फिल्ड गियरहरु जस्तै क्यामेरा, ज्याकेट र ट्राउजर, बुट वा जुत्ता, ट्र्याक शुट, स्लिपिङ ब्याग, रेनकोट, छाता, झोला, आदि तथा स्वीकृत लागत अनुमान बमोजिमका सम्पूर्ण सामाग्रीहरु खरिद गर्न खर्च गरिनेछ। साथै यस कार्यमा खटिने कर्मचारीहरुको दैनिक भ्रमण भत्ता, बस भाडा, इन्धन, खाजा, पानी, मालसामान ढुवानी, आदि कार्यमा खर्च गर्न सकिनेछ।

अपेक्षित उपलब्धि

फिल्ड गियर प्राप्त भई कर्मचारीहरुको सुरक्षा तथा कार्यक्षमता बढ्ने।

जनशक्ति व्यवस्थापन

प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद गरी यो कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

अनुगमन योजना

प्राप्त फिल्ड गियर, स्टोर दाखिला, आदि

## ४.३३. पुरानो ग्रिन हाउस मर्मत तथा नर्सरी बेड मर्मत

पृष्ठभूमि

आ.ब. २०८०।०८१ मा निर्माण भएको ग्रिन हाउसको ग्रिन फाइबर छानो हावाहुरीका कारण २०८१ असाढमा पूर्ण रुपमा नष्ट गरेको हुँदा उक्त ग्रिन फाइफर पुन हाली छाना छाउने र सो ग्रिन हाउसको पूर्ण रुपमा मर्मत गरि वार्षिक रुपमा निरन्तर विरुवा उत्पादन कार्य संचालन गर्न यो कार्यक्रम संचालन गरिनेछ । मुख्य रुपमा ग्रिन हाउसको छाना मर्मत र वरिपरि प्लाष्टिक परिवर्तन गरी ग्रिनहाउस संचालनमा ल्याउन यो कार्यक्रम केन्द्रित रहेको छ। यस बाहेक वजेट वचेको खण्डमा नर्सरी वेडहरुको मर्मत संभार र स्थायी वेड निर्माण कार्यका लागि लागत अनुमान गराइ कार्य गरिनेछ । खर्च अनुमान गर्दा वन तथा मन्त्रालय (साविकको वन तथा भू-संरक्षण मन्त्रालय) को प्रचलित स्वीकृत नर्मस तथा प्रचलि दररेट बमोजिम गर्नु पर्नेछ।

उद्देश्य

- विरुवा उमार्नका लागि उचित वातावरणको निर्माण गर्ने ।
- वर्षै भरि विरुवा उत्पादनको कार्यलाई निरन्तरता दिने ।
- दैवी प्रकोपका कारण क्षतिगस्त संरचनाको पुनः मर्मत गरि संचालन गर्ने ।

कार्यान्वयन प्रकृया

स्वीकृत नर्मस, लागत अनुमान तथा प्रचलित जिल्ला दररेट वमोजिम गरी निम्न कार्यमा खर्च गरिनेछ

- ग्रिन हाउसको फाईबर छानो मर्मत गर्ने । जसअनुसार नयाँ आवश्यकता अनुसारको फाइबर छानो लगाउने र ग्रिन हाउस वरिपरिको प्लाष्टिक परिवर्तन गर्ने ।
- टनेल हाउसमा अन्य सुविधा थप गर्ने ।
- नर्सरी वेडहरुको मर्मत संभार तथा पक्की संरचना निर्माण गर्ने ।
- टनेल हाउसमा रंगरोगन अन्य कार्यहरु ।

जनशक्ति व्यवस्थापन

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वामा अन्य कर्मचारी तथा स्थानिय ज्यामीलाई प्रयोग गरिनेछ । आवश्यकता अनुसार सेवा प्रदायक संघ संस्थालाई समेत प्रयोग गरी निर्माण कार्य गर्न सकिनेछ ।

अनुगमन योजना

मर्मत गरिएको ग्रिन हाउस र नर्सरी बेडहरु।

## ४.३४. निर्मित सिड स्टाण्डको तथ्याङ्क अध्यावधिक कार्य (बोर्ड लेखन, रुखको तथ्याङ्क संकलन, अभिलेखिकरण कार्य समेत)

**पृष्ठभूमि**

विउ केन्द्र अन्तर्गत रहेका सिड स्टाण्डको तथ्याङ्क आवधिक राख्न र प्रत्येक सिड स्टाण्डमा सजिलै पहुच बनाउन यो कार्यक्रम गरिनेछ । यस कार्य अन्तर्गत सिड स्टाण्डको स्थानमा नाम सहितको होर्डिङ्ग बोर्ड राख्ने कार्य गरिन्छ ।

**उद्देश्य**

प्रत्येक सिड स्टाण्डमा सजिलै पहुच स्थापित गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

कार्यक्रम सञ्चालनार्थ लागत अनुमान तथा अवधारणा पत्र तयार र स्वीकृत गरि होर्डिङ्ग बोर्ड लेखन तथा निर्माण, होर्डिङ्ग बोर्ड सिड स्टाण्डमा जडान गरिनेछ। विनियोजित बजेट तपसिलको कार्यमा खर्च गर्न सकिनेछ ।

- होर्डिङ्ग बोर्ड डिजाईन, छपाई,
- तयार गरिएका होर्डिङ्ग बोर्ड तोकिएको स्थान सम्म ढुवानी तथा ईन्धन,
- खटिएका कर्मचारीको दै.भ्र.भत्ता

**अपेक्षित उपलब्धि**

सिड स्टाण्डमा सजिलै पहुच स्थापित भई सो सिड स्टाण्डको आधारभुत जानकारी स्थलगत रुपमा उपलब् हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्रको वन प्राविधिकहरुको प्रयोग गर्न सकिनेछ । साथै आवश्यकता अनुसार सेवा प्रदायक संघ संस्थालाई समेत प्रयोग गरी गर्न सकिनेछ ।

**अनुगमन योजना**

होर्डिङ्ग बोर्ड ।

## ४.३५. निर्मित टनेल हाउसको प्रोपलाईन मर्मत सम्भार, नर्सरी बेड, नर्सरी पथ मर्मत तथा सिचाई प्रणाली मर्मत संचालन

**पृष्ठभूमि**

स्थायी प्रकृतिको नर्सरी निर्माण गर्न यो कार्यक्रम केन्द्रित रहेको छ। विगत आ.व.मा निर्माण गरिएका टनेल हाउसहरूको प्रोपलाईन च्यातिएको वा बदल्नु पर्ने भएकोले यो कार्यक्रम राखिएको छ । यस कार्य अन्तर्गत प्रोपलाईन मर्मत सम्भार, नर्सरी नर्सरी पथ मर्मत तथा सिँचाइ जस्ता कार्यमा खर्च गरिने छ। खर्च अनुमान गर्दा वन तथा मन्त्रालय साबिकको वन तथा भू-संरक्षण मन्त्रालय) को प्रचलित स्वीकृत नर्मस तथा प्रचलन दररेट बमोजिम गर्नु पर्नेछ।

**उद्देश्य**

- विरुवा उमार्नका लागि उचित वातावरणको निर्माण गर्ने ।
- वर्षे भरि विरुवा उत्पादनको कार्यलाई निरन्तरता दिने ।

**कार्यान्वयन प्रक्रिया**

स्वीकृत नर्मस, लागत अनुमान तथा प्रचलित जिल्ला दररेट बमोजिम गरी निम्न कार्यमा खर्च गरिनेछ

- टनेल हाउसको प्रोपलाईन मर्मत सम्भार,
- नर्सरी नर्सरी पथ मर्मत,
- सिँचाइ प्रणाली मर्मत तथा विस्तार,
- नर्सरी सञ्चालनका अन्य कार्यहरू जस्तैः विजुली, शौचालय मर्मत,

- स्थायी प्रकृतिको गोलघर मल तथा माटो भण्डारण गर्ने टहरा/मल बनाउने पिट
- नर्सरीमा विजुलीको महशुल,
- नर्सरीमा खानेपानी तथा नर्सरी व्यवस्थापनका अन्य कार्यहरु सञ्चाल्न कार्य,
- नर्सरीमा रहेको भवन तथा कार्यालय सञ्चालनका लागि आवश्यक फर्निचर, खानेपानी, कार्पेट कम्प्युटर, प्रिन्टर लगायतका अन्य सामाग्री ।

**अपेक्षित उपलब्धि**

विरुवा उमार्नका लागि उचित वातावरणको निर्माण भई वर्षे भरी विरुवा उत्पादनको कार्य गर्न सहज हुनेक साथै गुणस्तरय वहुवर्षिय विरुवा उत्पादन कार्यमा सहयोग पुग्नेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वमा अन्य कर्मचारी तथा स्थानीय ज्यामीलाई प्रयोग गरिनेछ । आवश्यकता अनुसार सेवा प्रदायक सङ्घ संस्थालाई समेत प्रयोग गरी निर्माण कार्य गर्न सकिनेछ ।

**अनुगमन योजना**

निर्माण गरिएको ग्रिन हाउस, टनेल तथा मदर बेड लगायतका निर्माण ।

## ४.३६. गत आ.व. मा तैयार गरिएको लप्सिको स्टम्पमा कलमि गर्ने कार्य

**पृष्ठभूमि**

आ.व. २०८१/८२ मा उत्पादन गरिएका लप्सी विरूवामा कलमी प्रविधि द्वारा प्रशारण गर्ने कार्यको लागि यो कार्यक्रम राखिएको हो। जसको लागि उत्पादित रुटस्टकहरूमा उपयुक्त भौगोलिक स्थानबाट सायन छनौट तथा सङ्कलन गरी कलमी गरिनेछ।

**उद्देश्य**

स्वस्थ रूट स्टक तयार गर्ने |

**कार्यान्वयन प्रकृया**

कार्यक्रम सञ्चालनार्थ लागत अनुमान तथा अवधारणा पत्र तयार र स्वीकृत गरि तपसिलको कार्यहरु गरिनेछ।

- लप्सीको उपयुक्त कलमी तयार
- अन्तिम प्रतिवेदन तयार

**अपेक्षित उपलब्धि**

लप्सिको कलमी विरुवा तयार हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै अमानतमा यो कार्य गरिने छ | ज्ञान, सीप तथा समयको कमी भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद गरी यो कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

**अनुगमन योजना**

तयार भएको कलमी विरुवा |

## ४.३७. सिद्धलेख गा.पा-६ मा रहेको कोईरालो र धनुषाधाममा रहेको नीमको BSO सुधार गर्ने कार्य (रिकलानेशन)

**पृष्ठभूमि**

यस केन्द्र अन्तरगत सिद्धलेख गापा.-६मा रहेको कोईरालो र धनुषाधाममा रहेको नीमको BSO अधिकाशमात्रामा रोपण गरिएका विरूवाहरू विविध कारणले मरेको अवस्था छ । दुवै स्थानमा तारवार गर्नु पर्ने र विरूवा मरेको ठाउँमा पुनःरोपण गर्नु पर्ने भएकोले यो कार्यक्रम राखिएको हो ।यी दुवै स्थानमा घेरवार गर्ने र सके सम्म श्रावण भाद्र महिनामै पुनःरोपण कार्य सम्पन्न गर्नु उपयुक्त हुनेछ । यस कार्य अन्तर्गत पुराना वन बीउ उत्पादन क्षेत्रको तारवार मर्मत तथा सम्भार तथा तथ्याङ्क अभिलेखिकरण, नियमित गोडमेल झाडीसफाई तथा पुनरोपण तथा संरक्षणका कार्यहरु गरिने छ ।

**उद्देश्य**

बीउ उत्पादन क्षेत्रहरु संरक्षण तथा व्यवस्थापन गरि गुणस्तर वीउको उत्पादन गर्ने ।

**कार्यान्वयन प्रकृया**

अवधारणा पत्र, लागत अनुमान तयार र स्वीकृत गरि तपसिलको कार्यहरु गरिनेछ।

- वन बीउ उत्पादन क्षेत्रको तारवार तथा घेरवार मर्मत सम्भार तथा सुधार,
- नियमित गोडमेल झाडीसफाई तथा पुनःरोपण,
- वन बीउ उत्पादन क्षेत्रको व्यवस्थापन तथा संरक्षणका कार्यहरु, यस कार्यका लागि हेरालु समेत राख्न सकिने छ ।
- तथ्याङ्क अभिलेखिकरणका लागि स्थलगत तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रकाशन
- सुचनामुलक होर्डिग बोर्ड राख्न तथा अन्य लागत अनुमानका कार्यहरु।
- विरूवा खरिद/ ढुवानी

नियमित प्राविधिक सहयोगमा खटिने कर्मचारीको दै.भ्र.भत्ता ईन्धन, अनुगमन तथा मुल्याँकन कार्यमा बजेट खर्च गर्न सकिने छ ।

**अपेक्षित उपलब्धि**

भविष्यमा महत्वपुर्ण वन प्रजातिहरुको गुणस्तरीय बीउ उत्पादन तथा उच्चतम् वंश संरक्षण गर्ने कार्यमा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वमा स्थानिय ज्यामीलाई प्रयोग गरिनेछ ।

**अनुगमन योजना**

पुरानो फलफुल बगैंचा, वन बीउ बगैंचा, बीउ उत्पादन क्षेत्र तथा प्रजाति संरक्षण क्षेत्र

## ४.३८. पुरानो फलफुल बगैंचा, वन विउ बगैंचा, विउ उत्पादन क्षेत्र तथा प्रजाति संरक्षण क्षेत्रहरुको व्यवस्थापन (पुनःरोपण, झाडी सफाई, तारवार मर्मत, सिंचाई, गोडमेल तथा मल हाल्ने समेत)

**पृष्ठभूमि**

उन्नत बीउ, असल काठ भने झै भविष्यमा महत्वपुर्ण वन प्रजातिहरुको गुणस्तरीय बीउ उत्पादन तथा उच्चतम वंश संरक्षण गर्न स्थापना गरिएको बीउ उत्पादन क्षेत्रहरुको फिल्ड अनुगमन निरिक्षण अनुरुप विभिन्न बिउ उत्पादन क्षेत्रहरु संरक्षण तथा व्यवस्थापन गरिने छ ।यस कार्य अन्तर्गत पुराना वन बिउ उत्पादन क्षेत्रको तारवार मर्मत तथा सम्भार

तथा तथ्याङ्क अभिलेखिकरण, नियमित गोडमेल झाडीसफाई तथा पुनरोपण,वन बिउ उत्पादन क्षेत्रको व्यवस्थापन तथा संरक्षणका कार्यहरु गरिने छ ।

**उद्देश्य**

बिउ उत्पादन क्षेत्रहरु संरक्षण तथा व्यवस्थापन गरि गुणस्तर वीउको उत्पादन गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

अवधारणा पत्र, लागत अनुमान तयार र स्वीकृत पश्चात वन बिउ उत्पादन क्षेत्रको तारवार तथा घेरवार मर्मत सम्भार तथा सुधार कार्य थालनी हुनेछ। यस अन्तर्गत नियमित गोडमेल झाडीसफाई तथा पुनःरोपण, वन बिउ उत्पादन क्षेत्रको व्यवस्थापन तथा संरक्षणका कार्यहरु, तथ्याङ्क अभिलेखिकरणका लागि स्थलगत तथ्याङ्क संकलन, विश्लेषण तथा प्रकाशन सुचनामुलक होर्डिंग बोर्ड राख्न तथा अन्य लागत अनुमानका कार्यहरु हुनेछ। नियमित प्राविधिक सहयोगमा खटिने कर्मचारीको दै.भ्र.भत्ता ईन्धन, हेरालु व्यवस्था, ज्यामीको खर्च, फिल्डमा आवश्यक सामाग्री, औषधी, सवारी साधन भाडा, अनुगमन तथा मुल्यॉंकन कार्यमा बजेट खर्च गर्न सकिने छ ।

**अपेक्षित उपलब्धि**

भविष्यमा महत्वपुर्ण वन प्रजातिहरुको गुणस्तरीय बीउ उत्पादन तथा उच्चतम् वंश संरक्षण गर्ने कार्यमा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वमा स्थानिय ज्यामीलाई प्रयोग गरिनेछ ।

**अनुगमन योजना**

पुरानो फलफुल बगैंचा, वन विउ बगैंचा, विउ उत्पादन क्षेत्र तथा प्रजाति संरक्षण क्षेत्र |

## ४.३९. नर्सरी संचालन तथा व्यवस्थापन खर्च (नर्सरी नाईके पारिश्रमिक वर्ष भरी)

**पृष्ठभूमि**

वन वीउ प्रयोगशाला तथा भण्डारण केन्द्रहरुले आधुनिक अनुसन्धानमूलक स्थायी नर्सरी सञ्चालन गर्दै आएको छ । नर्सरीमा बिभिन्न प्रजातीका, बिभिन्न उमेरका विरुवाहरु वाहैं महिना हुर्काउदै आईएको छ । यस कार्यका लागि एक जना नर्सरी नाईके राखिएका छन् । उक्त नर्सरी नाईकेलाई यसै शिर्षकवाट बार्षिक रुपमा तलव दिई बार्षिक रुपमा नै नर्सरी संचालन रहनेछ।

**उद्देश्य**

- गत बर्ष उत्पादित विरुवालाई बहुबर्षे विरुवा बनाउने तथा नर्सरीको नियमित रेखदेख तथा ब्यवस्थापन गर्ने र नर्सरीको सामान्य मर्मत संभारका कार्यहरु नियमित रुपमा गर्ने ।
- छहारी ब्यबस्थापन , सिचाई, गोडमेल, बिउ संकलन, बिउ प्रोसोधन झाडी सरसफाई लगायतका कार्यहरु गर्ने

**कार्यान्वयन प्रक्रिया**

अवधारणा पत्र, लागत अनुमान तयार र स्वीकृत गरि नर्सरी नाईके, सहायक नर्सरी नाईकेको लागि सम्झौता गरिनेछ। नर्सरी व्यवस्थापनका अन्य आवश्यक कार्यहरु जस्तै नर्सरीको लागि खाने पानीको, ग्यास, अन्य सञ्चालन कार्यमा प्रयोग हुने सामागी खरीद तथा व्यवस्था, नर्सरी व्यवस्थापन कार्यमा प्रयोग हुने विविध सामाग्री खरीद, शुल्क तथा सामाग्री ढुवानी आदीमा विनियोजित रकम खर्च गरिनेछ।

**अपेक्षित उपलब्धि**

नर्सरीमा वाहैं महिना विभिन्न जातको विरुवा उत्पादन गर्ने कार्य सञ्चालन हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

नर्सरी नाईके तथा आवश्कता अनुसार अन्य श्रमिकको प्रयोग गरी गरिनेछ ।

**अनुगमन योजना**

नर्सरीको अवस्था।

## ४.४०. पुराना वन विउ बगैंचा, फलफुल बगैंचा, विउ उत्पादन क्षेत्रहरुको नियमित अनुगमन तथा निरिक्षण र प्रतिवेदन

**पृष्ठभूमि**

विउ केन्द्रहरुका कार्यक्षेत्र अन्तर्गत पर्ने पुराना वन बिउ बगैचा, बिउ उत्पादन क्षेत्र तथा फलफुल बगैचाको नियमित अनुगमन तथा स्थलगत निरीक्षण गरिनेछ | विभिन्न शिर्षक अन्तर्गत संचालित कार्यक्रमहरुको अनुगमन तथा निरीक्षण गर्न उल्लेखित कार्यक्रम बाट खर्च गरिनेछ |

**उद्देश्य**

वन बिउ बगैचा, बिउ उत्पादन क्षेत्र तथा फलफुल बगैचाको नियमित अनुगमन तथा स्थलगत निरीक्षण गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

वर्षभरी गरिने अनुगमनको योजना तयार गरि अवधारणा पत्र, लागत अनुमान स्वीकृत गरिनेछ । यसमा विनियोजित बजेट अनुगमनमा खटिने कर्मचारीको दैनिक भ्रमण भत्ता ( इन्धन समेत ), फिल्डमा आवश्यक पर्ने सामग्री खरिद फिल्डमा खटिदाको सवारी साधन (जिप/मोटरसाइकल) मर्मत जनशक्ति व्यवस्थापन कार्यमा खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

वन बिउ बगैंचा उत्पादन क्षेत्र तथा फलफुल बगैचाको नियमित अनुगमन तथा स्थलगत निरीक्षण भई तथ्याङ्क आवधिक तथा आगामी दिनमा चाल्नु पर्ने कदमको दिशा वोध हुनेछ ।

**अनुगमन योजना**

प्रतिवेदन ।

## ४.४१. गत आ.व. को विरुवालाई बहुवर्षियामा लैजाने

**पृष्ठभूमि**

शहरी वृक्षारोपण प्रयोजनार्थस अग्ला, स्वास्थ तथा हुर्केका विरुवाहरु आवस्यक पर्ने हुँदा बहु बर्षीय विरुवालाई मात्र सो कार्यमा प्रयोग गर्ने हिसाबले यो कार्यक्रम राखिएको हो | शहरी प्रदुषणको चाप थाम्न सक्ने विरुवा मात्र शहरी वृक्षारोपणमा प्रयोग गरिने छ |

**उद्देश्य**

शहरी वृक्षारोपण प्रयोजनार्थ स्वास्थ तथा अग्ला बहु बर्षीय विरुवा उत्पादन गर्ने

**कार्यान्वयन प्रक्रिया**

लागत अनुमान तयार र स्वीकृत गरि गत आ.ब. का स्वास्थ विरुवा छनौट गरि रूट प्रुन्निंग गरि थप potting mix सहित ठुलो पोली थैलोमा रुपान्तरण गरिनेछ। नियमित सिचाई कार्यका लागि व्यवस्था गरि समयानुकुल रूट प्रुन्निंग, गोडमेल, Grading गरि स्वास्थ विरुवा तयार गरिनेछ। आवश्यकता अनुसार पक्कि बेड समेत तयारी गरिनेछ।

**अपेक्षित उपलब्धि**

स्वास्थ बहुबर्शिया विरुवा उत्पादन हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वामा अन्य कर्मचारी तथा स्थानिय ज्यामीलाई प्रयोग गरिनेछ । आवश्यकता अनुसार सेवा प्रदायक संघ संस्थालाई समेत प्रयोग गरी निर्माण कार्य गर्न सकिनेछ ।

**अनुगमन योजना**

उत्पादन तथा वितरण गरिएको स्वस्थ विरुवा ।

## ४.४२. वन विउ भण्डारण केन्द्र कोल्ड स्टोर व्यवस्थापन (मर्मत सुधार नियमित विद्युत आपूर्ति समेत)

**पृष्ठभूमि**

विउ केन्द्रबाट स्थापना गरिएको विभिन्न प्रजातिका वन बीउ बगैचा, बीउ उत्पादन क्षेत्रहरुबाट र विभिन्न नीजि तथा कृषि वन सहकारी संस्था तथा अन्य स्रोतबाट संकलन/खरिद गरिएका विभिन्न प्रजातिहरुको सुरक्षित बीउ भण्डारण तथा वितरण पुर्व गुणस्तर जाँच गर्नका साथै भण्डारण गरिएका बीउको उमार शक्ति कायम राख्नका लागि वन बीउ प्रयोगशाला Seed Lab तथा भण्डारण केन्द्रको Cold Store संचालन मर्मत संभार तथा ब्यवस्थापन गरिनेछ ।यो कार्यक्रम सेवा प्रदायक वा अमानतवाट गरिनेछ । यस कार्यका लागि वन बिउ वितरण गर्नु पुर्व गुणस्तर जाँच गर्नका साथै भण्डारण गरिएका बीउको उमार शक्ति कायम राख्नका लागि वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्र मर्मत तथा संचालन गरिनेछ।

**उद्देश्य**

संकलित वीउको उचित भण्डारण गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

अवधारणा पत्र, लागत अनुमान तयार र स्वीकृत गरि विभिन्न प्रकारको यांन्त्रिक सामाग्री जस्तैः धारा, विद्युत, कम्प्युटरका सामाग्रीहरु, विधुतिय सामाग्री उपकरण मर्मत तथा खरीद, विद्युत आपुर्तिको भुक्तानी तथा जडान तथा अन्य मर्मत सम्भार तथा बीउको उमार शक्ति परिक्षण र अंकुरण परिक्षणका लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद जस्तै जर्मिनेशन पेपर खरिद र विभिन्न वन वीउहरुको विवरण सहितको जानकारीमुलक डिस्प्ले बोर्ड तयारी प्रयोगशालामा आवश्यक पर्ने फर्निचरहरुको खरिद तथा मर्मत, विउ भण्डारडका सामाग्रीहरु खरिदमा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

वन बिउको अंकुरण शक्तिको परिक्षण भई स्वस्थ्य विउ मात्र विरुवा उत्पादन कार्यमा प्रयोग हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

यस केन्द्रमा कार्यरत प्राविधिकको नेतृत्वामा अन्य कर्मचारीको प्रयोग गरिनेछ । आवश्यकता भएमा विशेष सेवाका लागि सेवा प्रदायक संस्था वा व्यक्तिवाट समेत सेवा वा मर्मत सुधार गर्न सकिनेछ ।

**अनुगमन योजना**

कोल्ड स्टोर ।

## ४.४३. विउको शुद्धता परिक्षण गर्ने मेसिन खरिद

**पृष्ठभूमि**

वन क्षेत्रको दिगो व्यवस्थापन र विरुवा उत्पादनको गुणस्तरमा सुधार ल्याउनका लागि वैज्ञानिक विधि अपनाउनु अत्यावश्यक भइसकेको छ। वन नर्सरीहरूबाट उत्पादन गरिने विरुवाहरूको सफल अंकुरण, वृद्धि, तथा दीर्घकालीन प्रभावकारिता बीउको गुणस्तरमा निर्भर रहन्छ। गुणस्तरीय विरुवा उत्पादनका लागि प्रयोग गरिने बीउहरू शुद्ध, रोगमुक्त र जीवन्त हुनु अनिवार्य छ। तर हालसम्म अधिकांश वन नर्सरीहरूमा प्रयोग गरिने बीउहरूको गुणस्तर

परीक्षण परम्परागत विधि र अनुभवमा आधारित हुँदै आएको छ। वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्रको प्रयोगशालामा आधुनिक उपकरणहरु खरिद गरी त्यसलाई प्रयोगमा ल्याउनु पर्ने जरुरि रहेको छ।

यस सन्दर्भमा, बीउको शुद्धता परीक्षण गर्ने मेसिन (Seed Purity Testing Machine) को प्रयोग अत्यावश्यक भएको छ। सो उपकरण प्रयोग गरेर बीउको फोहोर/मिश्रण छुट्याउने, असुद्ध बीउ हटाउने, र शुद्ध बीउको प्रतिशत निर्धारण गर्न सकिनेछ। साथै, यसले बीउको तौल, आकार र अन्य भौतिक गुणहरूको सूक्ष्म परीक्षण गर्न सक्ने भएकाले उत्पादनको विश्वसनीयता बढाउनेछ। वन अनुसन्धान तथा विरुवा उत्पादन प्रक्रियामा यस्ता प्रविधिमैत्री उपकरणको प्रयोगले नर्सरीहरूलाई आधुनिक र गुणस्तरीय उत्पादन केन्द्रका रूपमा रूपान्तरण गर्न महत्वपूर्ण भूमिका खेल्नेछ। अतः यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८२/८३ मा बीउको शुद्धता परीक्षण गर्न सक्ने उपकरण खरिद गरी प्रयोगमा ल्याउने कार्यलाई प्राथमिकता दिइएको छ।

**उद्देश्य**

गुणस्तरीय, शुद्ध र रोगमुक्त बीउको पहिचान तथा प्रयोग सुनिश्चित गर्न बीउ परीक्षण प्रणाली स्थापनाका लागि शुद्धता परीक्षण मेसिन खरिद गरी वन नर्सरी व्यवस्थापनलाई प्रविधिमैत्री र भरपर्दो बनाउने।

**कार्यान्वयन प्रकृया**

गुणस्तर, क्षमता, मापदण्ड मिल्ने ब्रान्ड, मूल्य र प्रयोगिक सहजता तथा स्पेसिफिकेशनको आधारमा उपयुक्त मोडेलको छनौट गरिनेछ। छनौट गरिएको उपकरणको नियमानुसार लागत अनुमान तयार गरी आवश्यक स्वीकृति प्रक्रिया पूरा गरिनेछ। प्रचलित कानून अनुसार खरिद प्रक्रिया अगाडी बढाईनेछ। मेसिन खरिद गर्न खटिने कर्मचारीको दैनिक भ्रमण भत्ता, ढुवानी खर्च, इन्धन खर्च, खाजा, आदि समेत यसबाट खर्च गरिनेछ।

**अपेक्षित उपलब्धि**

बीउको शुद्धता परीक्षण गरी गुणस्तरीय विरुवा उत्पादनमा टेवा पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वमा अन्य कर्मचारीको प्रयोग गरिनेछ। आवश्यकताअनुसार सेवा प्रदायक संघ संस्थाबाट सेवा खरिद गरिनेछ।

**अनुगमन योजना**

खरिद प्रक्रिया, उपकरण प्रासि र परीक्षण, स्टोर दाखिला, जडान, नियमित प्रयोग तथा रिपोर्टिङ।

## ४.४४. GIS प्रविधिको प्रयोग मार्फत वन वीउ बंगैचा/विउ उत्पादन क्षेत्रको नक्साङ्कन

**पृष्ठभूमि**

वन पैदावारमा गुणस्तरयुक्त र उत्पादनशील वृक्षको सुनिश्चितता गर्न बीउ बगैचा तथा बीउ उत्पादन क्षेत्रहरूको विकास अत्यन्त महत्वपूर्ण छ। यस्ता क्षेत्रहरूको प्रभावकारी व्यवस्थापन र दिगो उपयोगका लागि स्थान, क्षेत्रफल, बनावट, भू–उपयोग प्रकार, उचाइ, ढल्कन, माटोको बनावट, जलस्रोत आदिको विस्तृत जानकारी आवश्यक पर्दछ। यिनै पक्षको वैज्ञानिक अभिलेख तथा विश्लेषण गर्न GIS (Geographic Information System) प्रविधि अत्यन्त उपयोगी बन्न गएको छ।

वन बीउ बगैचा वा बीउ उत्पादन क्षेत्रहरूको नक्सांकन गर्दा GIS प्रविधिको प्रयोगले त्यस क्षेत्रको सटिक नक्सा निर्माण मात्र होइन, भू–सन्दर्भित जानकारीहरू समावेश गर्न पनि सघाउ पुऱ्याउँछ।

यस प्रविधिको प्रयोगले भविष्यमा thinning योजना, गोडमेल, रोग–व्याधि व्यवस्थापन, सिंचाइ पूर्वाधार र अरु व्यवस्थापन कार्यहरू GIS को आधारमा योजनाबद्ध रूपमा गर्न सकिने आधार तयार हुन्छ साथै बीउ उत्पादनको दिगो प्रणाली विकास गर्न तथा प्रमाणिक बीउ स्रोतहरू सुनिश्चित गर्न यो प्रविधि अनिवार्यजस्तै बनिरहेको छ।

यसै सन्दर्भमा, वन बीउ बगैचाको योजना, नक्सांकन, अनुगमन तथा मूल्याङ्कन कार्यहरू GIS प्रणालीमा आधारित भएर गर्दा कार्य सरल, व्यवस्थित र सटीक हुने भएकाले यसको प्रयोगलाई संस्थागत बनाउने खाँचो रहेको देखिन्छ

**उद्देश्य**

- बीउ स्रोत क्षेत्रको सटिक नक्सांकन र अभिलेखीकरण
- वैज्ञानिक वन व्यवस्थापनका लागि सूचनामूलक निर्णय सहायता
- अनुगमन, मूल्याङ्कन तथा योजना निर्माणमा सहयोग

**कार्यान्वयन प्रकृया**

कार्यक्रम सञ्चालनार्थ लागत अनुमान तथा अवधारणा पत्र तयार र स्वीकृत गरि तपसिल बमोजिमको कार्यहरु गरिनेछ।

- पूर्व तयारी तथा क्षेत्रको छनोट
- भू–स्थानिक तथ्याङ्कको सङ्कलन (Data Collection)
- GIS प्रणालीमा डेटा प्रविष्टि र प्रशोधन
- नक्सा निर्माण र विश्लेषण
- प्रतिवेदन र योजना निर्माण
- अद्यावधिक र अनुगमन

**अपेक्षित उपलब्धि**

- सटिक र वैज्ञानिक नक्सा उपलब्धता
- गुणस्तरीय वन व्यवस्थापनमा सहयोग
- अनुगमन तथा मूल्याङ्कनमा सहजता
- दिगो बीउ उत्पादनको सुनिश्चितता
- नीति निर्माण र रिपोर्टिङमा उपयोगिता
- डिजिटल अभिलेख र सहज पहुँच

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वामा अन्य कर्मचारीहरु, वन हेरालु तथा अन्य ज्यामीहरु तथा GIS Expert, GPS प्राविधिक र बाह्य वन प्राविधिकहरुलाई सहजकर्ताको रुपमा प्रयोग गर्न सकिनेछ।

**अनुगमन योजना**

प्रतिवेदन ।

## परिच्छेद ५. जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम (ब.उ.शी.नं. ३२०९०११०२)

नेपालको कमजोर भौगर्भिक अवस्था, भूकम्पीय संवेदनशिलता, जलवायु परिवर्तन जस्ता विभिन्न कारणहरूबाट निम्तिने विपदजन्य घटनाबाट बर्षेनी हजारौ व्यक्तिको जीउ, धन, सम्पति, लगायत अन्य भौतिक संरचनाहरूको विनास भइरहेको छ। त्यसैगरी भलपानी जथाभावी छाड्नु, अनुपयुक्त भू-उपयोग, अवैज्ञानिक खेती प्रणाली, अव्यवस्थित पशुपालन, वातावरणीय दुष्परिणामको पूर्व अनुमान विना सञ्चालित विकास निर्माण कार्य जस्ता मानवीय क्रियाकलापहरूले भू-क्षयको समस्या थप बढ्दै गईरहेको छ। भू-क्षयका कारणले खेतीयोग्य जमिन नाश हुनुका साथै भूमिको उत्पादकत्वमा कमी आई खाद्यान्न उत्पादनमा समेत ह्रास आइरहेको छ। यसले जीविकोपार्जनको लागि मूलतः खेतीपाती र स्थानीय प्राकृतिक श्रोतहरूमा आश्रित अधिकांश नेपाली जनताको सामाजिक र आर्थिक अवस्थामा नकरात्मक प्रभाव पारेको छ ।

नेपालका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्द्धन गरी बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपको चाप कम गर्दै जलवायु उत्थानशील तथा पारिस्थितिक सन्तुलन कायम गर्ने र जलाधार क्षेत्रहरूको बैज्ञानिक व्यवस्थापनबाट भूक्षय कम गरी जमिनको उर्वराशक्ति कायम राख्नका साथै विकास निर्माणका पूर्वाधारहरूको संरक्षणमा सघाउ पुऱ्याउने मुख्य उद्धेश्यहरु राखि जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रमको जिम्मेवार निकाय वन तथा भू-संरक्षण विभाग अन्तर्गतको जलाधार तथा पहिरो व्यवस्थापन महाशाखा, बृहत् जलाधार व्यवस्थापन केन्द्रहरु (कोशी, गण्डकी, कर्णाली र महाकाली) र संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र, कुलेखानी मार्फत क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ। यस अन्तर्गत गल्छी/पहिरो नियन्त्रण, पानी मूहान संरक्षण, पानी श्रोत व्यवस्थापन तथा बहुउपयोग, संरक्षण पोखरी, सिंचाई पोखरी, रिचार्ज पोखरी निर्माण तथा व्यवस्थापन, सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन, खोला/नदी किनारा संरक्षण, सिंचाई कुलो निर्माण/मर्मत, फेवा संरक्षित जलाधार क्षेत्र एकीकृत कार्यक्रम, बाढि, पहिरो विपद व्यवस्थापन सहजीकरण विशेष कार्यक्रम, कृषि वन प्रवर्द्धन, बहुवर्षिय विरुवा उत्पादन, क्षमता अभिवृद्धि, अध्ययन अनुसन्धान, गोष्ठी/अन्तरक्रिया जस्ता मुख्य मुख्य क्रियाकलापहरु समावेश गरिएका छन्। क्रियाकलाप कार्यान्वयन गर्दा सम्भव भएसम्म स्थानीय रुपमा उपलव्ध साधन स्रोतहरुको प्रयोगलाई प्राथमिकता दिनुपर्नेछ।

भू तथा जलाधार व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु सञ्चालनका लागि लागत अनुमान तयार गर्दा वन तथा वातावरण मन्त्रालयको स्वीकृत **वन, वनस्पति, वन्यजन्तु तथा भू-संरक्षण सम्बन्धी विकास निर्माण कार्यक्रमका लागि दर विश्लेषण नर्मस् २०७०**, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट जारी **Norms for Rate Analysis of Road and Bridge Works- 2075**, तत्कालिन सिंचाई मन्त्रालयबाट जारी **Rate Analysis Norms** लगायत अन्य स्वीकृत नर्मसहरुको प्रयोग गरिनेछ। वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत **सार्वजनिक निर्माण र परामर्श सेवा कार्यका लागि कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७७** बमोजिम अल्पकालिन प्राविधिक जनशक्ति व्यवस्थापन, सवारी साधनका लागि ईन्धन, सवारी साधन मर्मत, दैनिक भ्रमण भत्ता, फिल्ड अनुगमनको लागि गाडी भाडा, निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च, खर्च भएर जाने कार्यालयका सामानहरु, सम्बन्धित योजनाको काममा आवश्यक पर्ने सामान र निर्माण औजारहरु, कार्यालयको लागि आवश्यक पर्ने पूँजीगत सामानहरु लगायत अन्य कार्यविधिमा उल्लेखित शिर्षकहरुमा स्वीकृत लागत अनुमान अनुसारको कन्टिन्जेन्सी रकम खर्च गर्न सकिनेछ। विभिन्न प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन गर्दा अर्थ मन्त्रालयबाट जारी **कार्यसञ्चालन निर्देशिका-२०८१** को बुँदा नं. ७.१.१५ **सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड एवं भ्रमण खर्च** मा व्यवस्था भए बमोजिम विनियोजित बजेट खर्च गरिनेछ ।

## ५.१. गल्छी/पहिरो रोकथाम

### पृष्ठभूमि

गल्छि/पहिरो नियन्त्रणका लागि उपयुक्त Engineering तथा Bioengineering दुवै उपायहरु प्याकेजको रुपमा कार्यान्वयन गरिनेछ। भौगर्भिक/प्राकृतिक पहिरोबाट बस्ती तथा विकासका पूर्वाधारहरुलाई असर नपर्दा सम्म यस्ता पहिरोलाई प्राथमिकतामा राखिने छैन। क्रियाकलाप कार्यान्वयन गर्दा सम्भव भएसम्म स्थानीयरुपमा उपलव्ध साधन स्रोतहरुको प्रयोगलाई प्राथमिकता दिनुपर्नेछ।

### उद्देश्य

पहिरोबाट हुने भू-क्षय न्यूनीकरण गर्नुका साथै पहिरो तथा अन्य भूस्खलनबाट यसको तल्लोतटीय र वरिपरिका क्षेत्रमा सृजित नकारात्मक असरबाट हुन सक्ने असर र जोखिमहरुको न्यूनीकरण गरी स्थानीय समुदायको जनजीवनलाई सहज बनाउने।

### कार्यान्वयन प्रक्रिया

- यस क्रियाकलाप कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन हुने सम्भावित स्थानको स्थलगत अवलोकन पश्चात् सम्भाव्यता अध्ययन गरी स्थान छनौट गरिनेछ।
- छनौट गरिएको स्थानको कार्यालयको प्राविधिक र आवश्यकता अनुसार बाह्य प्राविधिक मार्फत स्वीकृत नर्मस र प्रचलित जिल्ला दररेट अनुसार सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुख/महाशाखा प्रमुखबाट स्वीकृत गरिनेछ।
- क्रियाकलाप कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सरोकारवाला स्थानीय उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह/समिति वा ठेक्का मार्फत कार्यक्रम सञ्चालन सम्झौता गरिनेछ।
- चेकडयाम, टेवापर्खाल, भलपानी व्यवस्थापनका लागि संरक्षण पोखरी, पानी निकास संरचना, घेराबार, गह्रा सुधार आदि इन्जिनियरिग संरचना निर्माण गर्न सकिनेछ।
- स्थलगत सुदृढीकरण तथा विकासका लागि उपयुक्त भू-उपयोग, वृक्षारोपण, बाँस रोपण, घाँस रोपण, वाटलिङ्ग, भिरालो सुधार (SALT), जैविक घेराबार आदि बायोइन्जिनियरिङ्ग कार्यहरु एकीकृत गर्न सकिनेछ।
- क्रियाकलाप सञ्चालनका बखत कार्यक्रमको गुणस्तर कायम तथा संरचनाको मापन गर्न नियमित रुपमा कार्यालयले तोकेको कर्मचारी वा सरोकारवाला निकायबाट स्थलगत अनुगमन गरिनेछ।
- कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्याङ्कनको आधारमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल, भर्पाई, डोरहाजिर लगायतका कागजातको आधारमा तयार हुने भुक्तानी बिल बमोजिमको रकम सम्बन्धित कार्यालयबाट अन्तिम भूक्तानी गरिनेछ। तर ठेक्काको हकमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन र आधिकारिक बिलको आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ।
- उक्त क्रियाकलापको सञ्चालन तथा नियमित रुपमा मर्मत सम्भारका लागि सम्बन्धित उपभोक्ता समूह/ समितिलाई जिम्मेवारी दिइनेछ।

### अपेक्षित उपलब्धि

पहिरो तथा भूस्खलन क्षेत्रको एकीकृत व्यवस्थापन, भू-क्षय न्यूनीकरण, विकासका संरचना संरक्षण तथा जनधनको क्षति न्यूनीकरण हुनुका साथै स्थानीय समुदायको जीविकोपार्जनमा सुधार भई पहिरो नियन्त्रणको प्रविधि विकास हुनेछ।

### जनशक्ति व्यवस्थापन

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा ठेक्का मार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- सम्झौता पत्र
- संरचना निर्माण
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चातको तस्बिरहरु
- लाभान्वित घरधुरी/संख्या ।

## ५.२. पानी मूहान संरक्षण

**पृष्ठभूमि**

पानी मूहान र यसको जलाधार/मूलाधार क्षेत्रको व्यवस्थापन गर्नका लागि Engineering तथा Bioengineering उपायहरुको उपयोग गरी विभिन्न क्रियाकलापहरु संचालन गरिने छ। कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय रुपमा उपलब्ध साधन स्रोतहरुको प्रयोगमा प्राथमिकता दिनुपर्नेछ।

**उद्देश्य**

भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यबाट पानीको उत्पादकत्व र गुणस्तर अभिवृद्धी गरी स्थानीय समुदायमा पानीको सहज आपूर्ति गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- यस क्रियाकलाप कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन हुने सम्भावित स्थानको स्थलगत अवलोकन पश्चात् सम्भाव्यता अध्ययन गरी स्थान छनौट गरिनेछ।
- छनौट गरिएको स्थानको कार्यालयको प्राविधिक र आवश्यक्ता अनुसार बाह्य प्राविधिक मार्फत स्वीकृत नर्मस र प्रचलित जिल्ला दररेट अनुसार सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुख/महाशाखा प्रमुखबाट स्वीकृत गरिनेछ।
- क्रियाकलाप कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सरोकारवाला स्थानीय उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह/समिति वा ठेक्का मार्फत कार्यक्रम सञ्चालन सम्झौता गरिनेछ।
- गल्छी/पहिरो रोकथाम, गह्रा सुधार, Contour Trenching, टेवापर्खाल, छेकबाँध, Diversion Channel, सुरक्षित पानी निकास संरचना निर्माण कार्य, भूमिगत जल पुनर्भरणका कार्यक्रमहरु सञ्चालन, पानी संकलन ट्याङ्की निर्माण, पानी वितरण संरचना निर्माण, पोखरी निर्माण कार्य, तारबार, घेराबेरा, पानी व्यवस्थापनको संरचना निर्माण जस्ता कार्यहरु गर्न सकिनेछ।
- स्थलगत सुदृढीकरण तथा विकासका लागि उपयुक्त भू-उपयोग, वृक्षारोपण, बाँस रोपण, घाँस रोपण, Contour Wattling, जैविक घेराबार आदि बायोइन्जिनियरिङ्ग कार्यहरु गर्न सकिनेछ ।
- क्रियाकलाप सञ्चालनका बखत कार्यक्रमको गुणस्तर कायम तथा संरचनाको मापन गर्न नियमित रुपमा कार्यालयले तोकेको कर्मचारी वा सरोकारवाला निकायबाट स्थलगत अनुगमन गरिनेछ।
- कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्याङ्कनको आधारमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल, भर्पाई, डोरहाजिर लगायतका कागजात बमोजिम तयार गरिने भुक्तानी बिलको आधारमा सम्बन्धित कार्यालयबाट अन्तिम रकम भूक्तानी गरिनेछ। तर ठेक्काको हकमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन र आधिकारिक बिलको आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ।
- उक्त क्रियाकलापको सञ्चालन तथा नियमित रुपमा मर्मत सम्भारका लागि सम्बन्धित उपभोक्ता समूह/समितिलाई जिम्मेवारी दिइनेछ।

**अपेक्षित उपलब्धि**

भू तथा जलाधार व्यवस्थापन कार्यबाट पानीमूहान र यसको जलाधार/मूलाधार व्यवस्थित भई पानीको स्वच्छता र उत्पादकत्व अभिवृद्धिबाट स्थानीय समुदायमा पानीको व्यवस्थित आपूर्ति हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा ठेक्का मार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- सम्झौता पत्र
- निर्माण गरिएको संरचना
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात् को तस्बिरहरु
- लाभान्वित घरधुरी/संख्या ।

## ५.३. संरक्षण पोखरी निर्माण तथा व्यवस्थापन

**पृष्ठभूमि**

पोखरी र यसको जलाधार क्षेत्र समेतलाई मध्यनजर गरी आवश्यक Engineering तथा Bioengineering उपायहरुबाट भू-क्षय रोकथाम र पोखरी निर्माण तथा व्यवस्थापन कार्य प्याकेजमा गरिनेछ। क्रियाकलाप कार्यान्वयन गर्दा स्थानीय रुपमा उपलव्ध साधन स्रोतहरुको प्रयोगमा जोड दिनुपर्नेछ।

**उद्देश्य**

वर्षातको भलपानीबाट हुने क्षतिलाई न्यूनीकरण गर्नुका साथै पानीलाई संकलन गरी जल पुनर्भरण तथा सिंचाई र पशुपालनको लागि सदुपयोग गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

- यस क्रियाकलाप कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन हुने सम्भावित स्थानको स्थलगत अवलोकन पश्चात् सम्भाव्यता अध्ययन गरी स्थान छनौट गरिनेछ।
- छनौट गरिएको स्थानको कार्यालयको प्राविधिक र आवश्यक्ता अनुसार बाह्य प्राविधिक मार्फत स्वीकृत नर्मस र प्रचलित जिल्ला दररेट अनुसार सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुख/महाशाखा प्रमुखबाट स्वीकृत गरिनेछ।
- क्रियाकलाप कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सरोकारवाला स्थानीय उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह/समिति वा ठेक्का मार्फत कार्यक्रम सञ्चालन सम्झौता गरिनेछ।
- संरक्षण पोखरी निर्माण तथा सुधार, गल्छी रोकथाम, चेकड्याम, टेवापर्खाल निर्माण, भल तर्काउने र सुरक्षित भल व्यवस्थापन, भू उपयोग, पानी वितरण संरचना निर्माण, प्रदर्शन स्थल निर्माण तथा विकास, बायोइन्जिनियरिङ्ग संरचना निर्माण, वृक्षारोपण, भूमिगत जल पुनर्भरण, पानी पुनर्भरण वा रिचार्ज पोखरी निर्माण, पर्यापर्यटन प्रवर्द्धन आदि कार्यहरु गर्न सकिनेछ।
- क्रियाकलाप सञ्चालनका बखत कार्यक्रमको गुणस्तर कायम तथा संरचनाको मापन गर्न नियमित रुपमा कार्यालयले तोकेको कर्मचारी वा सरोकारवाला निकायबाट स्थलगत अनुगमन गरिनेछ ।
- कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्याङ्कनको आधारमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल, भर्पाई, डोरहाजिर लगायतका कागजात बमोजिम तयार हुने भुक्तानी बिलको आधारमा सम्बन्धित

कार्यालयबाट अन्तिम रकम भूक्तानी गरिनेछ। तर ठेक्काको हकमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन र आधिकारिक बिलको आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ।

- उक्त क्रियाकलापको सञ्चालन तथा नियमित रुपमा मर्मत सम्भारका लागि सम्बन्धीत उपभोक्ता समूह/समितिलाई जिम्मेवारी दिइनेछ ।

**अपेक्षित उपलब्धि**

वर्षातको अनियन्त्रित पानीको व्यवस्थापनबाट भू-क्षय रोकथामका साथै पानीको बहुआयामिक उपयोग हुन गई स्थानीय समुदायको जीविकोपार्जनमा सुधार हुनेछ। साथै पोखरी/दह/ताल संरक्षण र व्यवस्थापनको लागि प्रदर्शन स्थलको रुपमा विकास भएको हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा ठेक्का मार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- सम्झौता पत्र
- निर्माण गरिएको संरचना
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्बिरहरु
- लाभान्वित घरधुरी/संख्या ।

## ५.४. सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन

**पृष्ठभूमि**

वर्षा अथवा भूमिगत जलस्रोतबाट निर्मित प्राकृतिक वा मानव निर्मित स्थायी वा अस्थायी प्रकृतिका वर्षैभरी जलभण्डार भएको क्षेत्र र सो वरिपरिको कृषिक्षेत्र, पानी जमेको दलदल क्षेत्रको संरक्षण तथा व्यवस्थानपनका लागि स्थानीय समुदायको सहभागितामा आवश्यक सम्पूर्ण Engineering तथा Bioengineering उपायहरु प्याकेजको रुपमा प्रयोग गरिनेछ। रामसार सूचिमा सूचिकृत तालहरुको थिग्रिकरण नियन्त्रण तथा संरक्षणका क्रियाकलापहरु प्याकेजमा सञ्चालन गर्न सकिनेछ। क्रियाकलाप कार्यान्वयन गर्दा स्थानीय रुपमा उपलव्ध साधन स्रोतहरुको प्रयोगमा जोड दिनुपर्नेछ।

**उद्देश्य**

सिमसार क्षेत्र तथा तालतलैया क्षेत्रको वातावरणीय स्वच्छता कायम गर्दै जैविक विविधता संरक्षण, पारिस्थितिकीय सन्तुलन कायम, पानी आपूर्ति, माछापालन, कृषि, वन, पर्यापर्यटन प्रवर्द्धन मार्फत स्थानीय जनताको जीविकोपार्जनमा सुधार गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- यस क्रियाकलाप कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन हुने सम्भावित स्थानको स्थलगत अवलोकन पश्चात् सम्भाव्यता अध्ययन गरी स्थान छनौट गरिनेछ ।
- छनौट गरिएको स्थानको कार्यालयको प्राविधिक र आवश्यक्ता अनुसार बाह्य प्राविधिक मार्फत स्वीकृत नर्मस र प्रचलित जिल्ला दररेट अनुसार सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुख/महाशाखा प्रमुखबाट स्वीकृत गरिनेछ ।
- क्रियाकलाप कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सरोकारवाला स्थानीय उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह/समिति वा ठेक्का मार्फत कार्यक्रम सञ्चालन सम्झौता गरिनेछ ।

- सिमसारको जलाधार क्षेत्रको सरसफाई, संरक्षण, व्यवस्थापन कार्य, भूमिगत जल पुनर्भरण, इनलेट आउटलेट निर्माण, समोच्च खाडल, बण्ड निर्माण, दह/ताल संरक्षण र थिग्रीकरण व्यवस्थापन कार्य, बायोइन्जिनियरिङ्ग संरचना निर्माण, वृक्षारोपण तथा फलफूल रोपण, घेराबेरा तथा तारबार, भूस्खलन रोकथाम, तटबन्ध निर्माण, पर्यापर्यटन प्रवद्धनका कार्यहरु जस्ता कार्यहरु गर्न सकिनेछ ।
- क्रियाकलाप सञ्चालनका बखत कार्यक्रमको गुणस्तर कायम तथा संरचनाको मापन गर्न नियमित रुपमा कार्यालयले तोकेको कर्मचारी वा सरोकारवाला निकायबाट स्थलगत अनुगमन गरिनेछ ।
- कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्याङ्कनको आधारमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल, भर्पाई, डोरहाजिर लगायतका कागजात बमोजिम तयार हुने भुक्तानी बिलको रकम सम्बन्धित कार्यालयबाट अन्तिम भूक्तानी गरिनेछ। तर ठेक्काको हकमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन र आधिकारिक बिलको आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- उक्त क्रियाकलापको सञ्चालन तथा नियमित रुपमा मर्मत सम्भारका लागि सम्बन्धीत उपभोक्ता समूह/समितिलाई जिम्मेवारी दिइनेछ ।

**अपेक्षित उपलव्धि**

सिमसार/तालतलैया क्षेत्रको संरक्षण तथा व्यवस्थापनबाट वातावरणीय स्वच्छता कायम हुनुका साथै विभिन्न क्रियाकलाप मार्फत रोजगारी सिर्जना भइ स्थानीय समुदायको जीविकोपार्जनमा उल्लेख्य सुधार हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा ठेक्का मार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- सम्झौता पत्र
- निर्माण गरिएको संरचना
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्बिरहरु
- लाभान्वित घरधुरी/संख्या ।

## ५.५. खोला/नदी किनार संरक्षण तथा तटबन्धन

**पृष्ठभूमि**

प्राकृतिक, मानवीय, जलवायु परिवर्तनजन्य कारणहरुबाट वर्षेनी धनजनको ठूलो क्षति पुर्याउने बाढी, नदी किनार कटान तथा अन्य भूस्खलनहरुको असरबाट सिर्जित समस्या समाधान गर्न वातावरणमैत्री रुपबाट नदी किनारको दुवै छेउमा वायोईन्जिनियरिङ्ग सहितको संरचना निर्माण गरी खोला/नदी खहरे किनारा संरक्षण गर्ने साथसाथै हरियाली प्रवर्द्धन गरिनेछ । क्रियाकलाप कार्यान्वयन गर्दा स्थानीय रुपमा उपलव्ध साधन स्रोतहरुको प्रयोगमा जोड दिनुपर्नेछ।

**उद्देश्य**

अनियन्त्रित र अव्यवस्थित खोला कटानबाट कृषियोग्य जमिनको संरक्षण, सार्वजनिक संरचना, बस्ती, विकासका पूर्वाधारहरु आदिको संरक्षण गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

- यस क्रियाकलाप कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन हुने सम्भावित स्थानको स्थलगत अवलोकन पश्चात् सम्भाव्यता अध्ययन गरी स्थान छनौट गरिनेछ ।

- छनौट गरिएको स्थानको कार्यालयको प्राविधिक र आवश्यक्ता अनुसार बाह्य प्राविधिक मार्फत स्वीकृत नर्मस र प्रचलित जिल्ला दररेट अनुसार सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुख/महाशाखा प्रमुखबाट स्वीकृत गरिनेछ ।
- क्रियाकलाप कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सरोकारवाला स्थानीय उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह/समिति वा ठेक्का मार्फत कार्यक्रम सञ्चालन सम्झौता गरिनेछ ।
- खोलाकिनार सुदृढीकरण कार्य, खोलाकिनार तटबन्ध, खहरे रोकथाम, नदी कटान नियन्त्रण, सेल्टरबेल्ट ग्रीनबेल्ट निर्माण, बाँध निर्माण, बायोइन्जिनियरिग संरचना निर्माण, स्पर, डाईक, चेकड्याम निर्माण, संरक्षण आयमूलक कार्यक्रम, वृक्षारोपण जस्ता कार्यहरु गर्न सकिनेछ ।
- क्रियाकलाप सञ्चालनका बखत कार्यक्रमको गुणस्तर कायम तथा संरचनाको मापन गर्न नियमित रुपमा कार्यालयले तोकेको कर्मचारी वा सरोकारवाला निकायबाट स्थलगत अनुगमन गरिनेछ ।
- कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्याङ्कनको आधारमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल, भर्पाई, डोरहाजिर लगायतका कागजात बमोजिम तयार हुने भुक्तानी बिलको रकम सम्बन्धित कार्यालयबाट अन्तिम भूक्तानी गरिनेछ। तर ठेक्काको हकमा नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र आधिकारिक बिलको आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- उक्त क्रियाकलापको सञ्चालन तथा नियमित रुपमा मर्मत सम्भारका लागि सम्बन्धीत उपभोक्ता समूह/समितिलाई जिम्मेवारी दिइनेछ ।

**अपेक्षित उपलब्धि**

खोला कटानबाट हुने क्षति न्यूनीकरण भइ कृषियोग्य जमिनको संरक्षण, सार्वजनिक संरचना, बस्ती, विकासका पूर्वाधारहरुको संरक्षण तथा विपद् न्यूनीकरणमा टेवा पुग्नुका साथै भूमि उत्पादकत्व अभिवृद्धी हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा ठेक्का मार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- सम्झौता पत्र
- संरचना निर्माण
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्बिरहरु
- लाभान्वित घरधुरी/सख्या ।

## ५.६. सिंचाई कुलो निर्माण/मर्मत

**पृष्ठभूमि**

वर्षैभरी सिंचाई सेवा उपलब्ध गराउन, सिंचाइ प्रणालीको विकास एवं व्यवस्थापनमा जनसहभागीता मूलक पद्धतिलाई प्रभावकारी रुपमा लागू गर्न एवं जलजन्य प्रकोपका कारण पानीका स्रोत तथा जमिनमा परेको असरलाई कम गर्दै सिंचाइको पर्याप्त सुबिधा नभएको स्थानमा सानो स्रोतको पानी किफायती तवरले धेरै जग्गा सिंचित गरी उत्पादन बढाउन सिंचाई कुलो निर्माण/मर्मत गरिनेछ। क्रियाकलाप कार्यान्वयन गर्दा स्थानीय रुपमा उपलब्ध साधन स्रोतहरुको प्रयोगमा जोड दिनुपर्नेछ ।

**उद्देश्य**

सिंचाईबाट कृषि बालिको उत्पादन बढाउने ।

**कार्यान्वयन प्रक्रिया**

- यस क्रियाकलाप कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन हुने सम्भावित स्थानको स्थलगत अवलोकन पश्चात् सम्भाव्यता अध्ययन गरी स्थान छनौट गरिनेछ ।
- छनौट गरिएको स्थानको कार्यालयको प्राविधिक र आवश्यक्ता अनुसार बाह्य प्राविधिक मार्फत स्वीकृत नर्मस र प्रचलित जिल्ला दररेट अनुसार सर्भे, डिजाइन ड्इङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुख/महाशाखा प्रमुखबाट स्वीकृत गरिनेछ ।
- क्रियाकलाप कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सरोकारवाला स्थानीय उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह/समिति वा ठेक्का मार्फत कार्यक्रम सञ्चालन सम्झौता गरिनेछ ।
- आवश्यक संरक्षणका उपायहरु Contour Trench, गह्रा सुधार, Contour Bund, स-साना गल्छी पहिरो नियन्त्रण, चेकड्याम, टेवापर्खाल निर्माण, वायोइन्जिनियरिङ्ग संरचना निर्माण, वृक्षारोपण, भल तर्काउने र सुरक्षित भल व्यवस्थापन, हयुम पाइप, एच डी पाइप एवं कुलो मर्मत तथा सुधार जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।
- क्रियाकलाप सञ्चालनका बखत कार्यक्रमको गुणस्तर कायम तथा संरचनाको मापन गर्न नियमित रुपमा कार्यालयले तोकेको कर्मचारी वा सरोकारवाला निकायबाट स्थलगत अनुगमन गरिनेछ ।
- कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्याङ्कनको आधारमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल, भर्पाई, डोरहाजिर लगायतका कागजात बमोजिम तयार हुने भुक्तानी बिलको रकम सम्बन्धित कार्यालयबाट अन्तिम भूक्तानी गरिनेछ । तर ठेक्काको हकमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन र आधिकारिक बिलको आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- उक्त क्रियाकलापको सञ्चालन तथा नियमित रुपमा मर्मत सम्भारका लागि सम्बन्धीत उपभोक्ता समूह/समितिलाई जिम्मेवारी दिइनेछ ।

**अपेक्षित उपलब्धि**

सिंचाइको सुविधा उपलब्ध भइ धेरै जग्गा सिंचित भई कृषी उत्पादनमा वृद्धि हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा ठेक्का मार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- सम्झौता पत्र
- निर्माण गरिएको संरचना
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्बिरहरु
- लाभान्वित घरधुरी/संख्या
- सिंचित क्षेत्रफल ।

## ५.७. बहुवर्षिय विरुवा उत्पादन

**पृष्ठभूमि**

वन तथा फलफूल प्रजातिका विरुवा उत्पादन गर्न स्थापना भएको र संचालनमा रहेका नर्सरीहरुको गुणस्तर नियमन गर्दै वन तथा फलफूलका बेर्ना र विरुवाको माग र आपूर्ति व्यवस्थित तथा गुणस्तर नियमन गर्न नर्सरीमा विरुवा उत्पादन गर्दा स्थानीय आवश्यक्ता तथा व्यवसायिक महत्वका विरुवालाई ध्यान दिई जात, संख्या र साइज खुल्ने गरि विरुवा उत्पादन गरिनेछ । नर्सरीको मर्मत सुधार, उपयुक्त प्रजाति छनौट, विभिन्न प्रजातिका बीउ संकलन र खरीद, विरुवा उत्पादन, विरुवा वितरण विरुवा व्यवस्थापनका लागि आवश्यक जनशक्ति व्यवस्थापनको कार्य गरिनेछ। नर्सरीमा विरुवा उत्पादन कार्य बहुवर्षिय हुने भएको हुँदा ठूलो प्रजातिका विरुवा उत्पादनका लागि प्रजाति अनुसारको साईजको पोलीब्याग प्रयोग गरिनेछ ।

**उद्देश्य**

संरक्षणका लागि आवश्यक र उपयुक्त तथा स्थानीय समुदायको चाहना समेतलाई मध्यनजर गरी विविध प्रजातिका विरुवाहरु उत्पादन गरी हरियाली प्रवर्द्धन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- स्थानीय जनताहरुको मागलाई प्राथमिकता दिई विरुवा उत्पादनका लागि प्रजाति छनौट गरिनेछ ।
- प्रजाति छनौटका आधारमा विरुवा उत्पादनका लागि स्वीकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम लागत अनुमान तयार गरी कार्यालय प्रमुख/महाशाखा प्रमुखबाट स्वीकृत गरिनेछ ।
- सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम बीउ खरिद र विरुवा उत्पादन गरिनेछ ।
- विरुवा उत्पादन अन्तर्गत वेड निर्माण, आवश्यक गुणस्तरको बीउ, माटो, मल, खरानी, पिना खरीद, पोलिब्याग खरिद, बिउ छर्ने, विरुवा सार्ने, गोडमेल, नर्सरीमा सिंचाई तथा नर्सरी व्यवस्थापनका अन्य कार्यहरु गरिनेछ ।
- कार्यालयको प्राविधिक कर्मचारीको सुपरिवेक्षणमा नर्सरी नाईकेद्धारा नर्सरीको रेखदेख तथा व्यवस्थापन गरिनेछ ।
- खरिद सामाग्रीको बिल भर्पाई, ज्यामीको डोरहाजिर, नर्सरी नाईकेको डोरहाजिर/सम्झौता र कार्य सम्पन्न प्रतिवेदनका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- प्रजाति अनुसार विरुवा उत्पादन, वितरण र नर्सरीमा बाँकी रहेको विरुवाहरुको अभिलेख दुरुस्त राख्नुपर्नेछ ।

**अपेक्षित उपलब्धि**

विभिन्न प्रजातिका गुणस्तरीय विरुवा उत्पादन तथा वितरण भई रोपण हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत वन प्राविधिकको नेतृत्वामा अन्य कर्मचारी तथा स्थानिय ज्यामीलाई प्रयोग गरिनेछ । आवश्यकता अनुसार सेवा प्रदायक मार्फत निर्माण कार्य गर्न सकिनेछ ।

**अनुगमन योजना**

- प्रजाति अनुसार उत्पादन संख्या
- विरुवा वितरण रजिष्टर
- नर्सरीमा बाँकी रहेको विरुवा संख्या
- नर्सरी हेरालुको डोर हाजिर ।

## ५.८. फेवा संरक्षित जलाधार क्षेत्र एकीकृत कार्यक्रम

**पृष्ठभूमि**

फेवातालको जलाधार क्षेत्रमा भएको निरन्तर भू-क्षय र विग्रदो वातावरणीय अवस्थालाई सुधार गर्नका लागि एकीकृत व्यवस्थापन तथा यसको जलाधार क्षेत्रको पारिस्थितिक प्रणाली सेवाको दिगोपन कायम राख्नका लागि संरक्षणका कार्यहरु गरिनेछ । फेवाताल संरक्षित जलधार क्षेत्रभित्र रहेका उप/सुक्ष्म जलाधार क्षेत्रहरुमा एकीकृत रुपमा जलाधार संरक्षणका कार्यक्रम संचालन गरिनेछ। क्रियाकलाप कार्यान्वयन गर्दा स्थानीय रुपमा उपलव्ध साधन स्रोतहरुको प्रयोगमा जोड दिनुपर्नेछ।

**उद्देश्य**

संरक्षित फेवा जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- यस क्रियाकलाप कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन हुने सम्भावित स्थानको स्थलगत अवलोकन पश्चात् सम्भाव्यता अध्ययन गरी स्थान छनौट गरिनेछ।
- छनौट गरिएको स्थानको कार्यालयको प्राविधिक र आवश्यकता अनुसार बाह्य प्राविधिक मार्फत स्वीकृत नर्मस र प्रचलित जिल्ला दररेट अनुसार सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुख/महाशाखा प्रमुखबाट स्वीकृत गरिनेछ ।
- क्रियाकलाप कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सरोकारवाला स्थानीय उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह/समिति वा ठेक्का मार्फत कार्यक्रम सञ्चालन सम्झौता गरिनेछ ।
- पहिरो नियन्त्रण, गल्छी तथा खहरे नियन्त्रण, खोला किनारा संरक्षण तथा पुनरुत्थान, Small scale silt trapper in kholsi around lake, सिंचाई कुलो, गोरेटो बाटो सुधार, बाटोको भिरालोपन नियन्त्रण, हरित बेल्ट निर्माण तथा विकास, क्षतिग्रस्त भूमि पुनरुत्थान, खेति योग्य जमिनको संरक्षण, वायोइन्जिनियरिङ्ग संरचना निर्माण, बृक्षारोपण, फलफूल, डाले घाँस तथा घाँस रोपणका क्रियाकलापहरु कार्यान्वयन गर्न सकिनेछ ।
- क्रियाकलाप सञ्चालनका बखत कार्यक्रमको गुणस्तर कायम तथा संरचनाको मापन गर्न नियमित रुपमा कार्यालयले तोकेको कर्मचारी वा सरोकारवाला निकायबाट स्थलगत अनुगमन गरिनेछ ।
- कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्याङ्कनको आधारमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल, भर्पाई, डोरहाजिर लगायतका कागजात बमोजिमको रकम सम्बन्धीत कार्यालयबाट अन्तिम भूक्तानी गरिनेछ । तर ठेक्काको हकमा नापि किताब, कार्य सम्पन्न प्रतिवेदन र आधिकारिक बिलको आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- उक्त क्रियाकलापको सञ्चालन तथा नियमित रुपमा मर्मत सम्भारका लागि सम्बन्धीत उपभोक्ता समूह/समितिलाई जिम्मेवारी दिइनेछ ।

**अपेक्षित उपलब्धि**

जलाधार व्यवस्थापनबाट जैविक विविधताको संरक्षण हुने, दिगो भूमि व्यवस्थापन मार्फत माटोको उर्वराशक्ति कायम गर्ने र फेवातालमा Sedimentation rate न्यूनीकरणमा सहयोग पुगेको हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरुको उच्चतम परिचालन गर्दै उपभोक्ता समूह/समिति वा ठेक्का मार्फत क्रियाकलापहरुको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- सम्झौता पत्र
- निर्माण गरिएको संरचना
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चातको तस्बिरहरु
- लाभान्वित घरधुरी/संख्या ।

## ५.९. एकीकृत जलाधार व्यवस्थापन प्रदर्शनी स्थल स्थापना

**पृष्ठभूमि**

भू तथा जलाधार संरक्षण सम्बन्धी क्रियाकलापहरु जैविक तथा भौतिक संरचनाहरुको प्रयोग गरी एकीकृत रुपमा तोकिएको जलाधार/उपजलाधार/सुक्ष्म जलाधार क्षेत्रमा क्रियाकलापहरु कार्यान्वयन गरी प्रदर्शनी स्थल स्थापना गरिनेछ। स्थापना भएको प्रदर्शनी स्थलमा जलाधार व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान कार्य गर्न सकिनेछ। सो प्रदर्शन स्थलको सिकाई अन्य स्थानहरुमा अनुकरण गर्न सकिनेछ।

**उद्देश्य**

जलाधार क्षेत्रको दिगो व्यवस्थापनको नमूना प्रदर्शनका लागि एकीकृत भू तथा जलाधार व्यवस्थापनको प्रदर्शनी स्थल स्थापना गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- यस क्रियाकलाप कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन हुने सम्भावित स्थानको स्थलगत अवलोकन पश्चात् स्थान छनौट गरिनेछ । यस कार्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता अनुसार विभागमा रहेका प्राविधिक जनशक्तिको समेत प्राविधिक सहयोग लिन सकिनेछ ।
- छनौट गरिएको स्थानमा प्रदर्शनी स्थल निर्माणका लागि अवधारणा पत्र तयार, कार्यालयको प्राविधिक र आवश्यक्ता अनुसार बाह्य प्राविधिक मार्फत सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुख/महाशाखा प्रमुखबाट स्वीकृत गरिनेछ ।
- क्रियाकलाप कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) वमोजिम सरोकारवाला स्थानीय उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह/समिति वा सेवा प्रदायक मार्फत गरिनेछ ।
- एकीकृत जलाधार व्यवस्थापनको लागि वन संरक्षण तथा वृक्षारोपण, खेतबारी संरक्षण, सडक तथा पूर्वाधार संरक्षण, पानी मुहान तथा संरक्षण पोखरी निर्माण/मर्मत, सिमसार व्यवस्थापन, गोरेटो सुधार, भलपानी व्यवस्थापन, खोला किनारा तथा खहरे नियन्त्रण, पहिरो नियन्त्रण, बायो इन्जिनियरिङ प्रविधिको प्रयोग, कृषि वन प्रवर्धन आदी कार्यहरु सञ्चालन गर्न सकिनेछ।
- क्रियाकलाप सञ्चालनका बखत कार्यक्रमको गुणस्तर कायम तथा संरचनाको मापन गर्न नियमित रुपमा कार्यालयले तोकेको कर्मचारी वा सरोकारवाला निकायबाट स्थलगत अनुगमन गरिनेछ ।
- कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्याङ्कनको आधारमा नापी किताब, कार्य स्वीकार/ सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, बिल भर्पाई, डोर हाजिर लगायतका कागजात वमोजिम तयार हुने भुक्तानी बिलको रकम अन्तिम भूक्तानी गरिनेछ। सेवा प्रदायकको हकमा आधिकारिक बिल बमोजिम अन्तिम रकम भूक्तानी गरिनेछ।
- उक्त क्रियाकलापको सञ्चालन तथा नियमित रुपमा मर्मत सम्भारका लागि सम्बन्धीत उपभोक्ता समूह/समितिलाई जिम्मेवारी दिइनेछ।
- कार्यालयबाट प्रदर्शनी स्थलको व्यवस्थापन र विकासका लागि नियमित रुपमा अनुगमन कार्य गरिनेछ ।

- कार्यालयबाट क्रियाकलाप सम्पन्न पश्चात् तस्विर सहितको प्रतिवेदन तयार गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धि**

स्थानीय स्तरमा जलाधार व्यवस्थापन गरि सरोकारवालाका लागी नमुना स्थलको विकास गरी जलाधारको पारिस्थितिकीय प्रणालीमा सन्तुलन कायमगरी त्यसबाट प्राप्त सेवाहरुको अभिवृद्धिमा सहयोग पुग्नेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु, आवश्यक्ता अनुसार विषय विज्ञ वा सेवा परामर्श खरिद मार्फत कार्यान्वयन गर्न सकिनेछ ।

**अनुगमन योजना**

- निर्माण भएको प्रदर्शन प्लट
- छलफलका माईनुटहरु
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्विरहरु
- प्रतिवेदन ।

## ५.१०. भू-तथा जलाधार व्यवस्थापन सम्बन्धी ऐन, नीति, निर्देशिका, मापदण्ड, कार्यविधि र मार्गदर्शन तयारी

**पृष्ठभूमि**

भू तथा जलाधार संरक्षण ऐन, २०३९ लाई समयसापेक्ष पुनः लेखन/संशोधन, उपभोक्ताबाट कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, डिजाइन तथा लागत अनुमान सम्बन्धी मापदण्ड, स्वायल ल्याव तथा ल्याव सम्बन्धी उपकरण र केमिकल सञ्चालन सम्बन्धी कार्यविधि लगायत अन्य भू तथा जलाधार व्यवस्थापन सम्बन्धी आवश्यक पर्ने ऐन, नियम, नीति, निर्देशिका, मापदण्ड, कार्यविधि र मार्गदर्शन तयारी गर्ने कार्यमा यस शिर्षकवाट विनियोजित बजेट खर्च गरिनेछ।

**उद्देश्य**

भू तथा जलाधार व्यवस्थापन सम्बन्धी कानूनी दस्तावेज तयार गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- भू तथा जलाधार व्यवस्थापन सम्बन्धी आवश्यक पर्ने निर्देशिका, मापदण्ड, कार्यविधि लगायतका नीतिगत दस्तावेज तयारीका लागि सम्बन्धीत शाखाको कार्यविवरण अनुसार आवश्यक्ता अनुसार शाखाहरुले अवधारणा पत्र र लागत अनुमान तयार गरी महाशाखा प्रमुख वा महानिर्देशकबाट स्वीकृत गरिनेछ।
- यस कार्यका लागि आवश्यक्ता अनुसार सरोकारवाला संघ/संस्थाका प्रतिनिधि सहित एक कार्यदल गठन गरिनेछ र कानूनी दस्ताबेज तयार गर्न सरोकारवाला निकायहरुसँग समन्वय बैठक, कार्यदलको नियमित बैठक, आवश्यकता अनुसार विज्ञसँग परामर्श तथा आवश्यकता अनुरुप कार्यशाला गोष्ठी सहित जानकारी संकलन तथा मस्यौदा तयार गरिनेछ।
- विभिन्न सरोकारवाला निकायहरुको सुझाव संकलन गरि मस्यौदालाई अन्तिम रुप दिई स्वीकृतिका लागि पेश गरिनेछ।
- यस कार्यक्रम अन्तर्गत बैठक भत्ता, दैनिक भ्रमण भत्ता, खाजा, होटल/आवास खर्च, स्टेशनरी, पुस्तक प्रकाशन लगायतका विषयमा स्वीकृत अवधारणा पत्र र लागत अनुमान बमोजिम बजेट खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

- भू तथा जलाधार व्यवस्थापनसँग सम्बन्धीत निर्देशिका, कार्यविधि लगायत अन्य कानूनी दस्तावेज तयार हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागको जनशक्ति, विषय विज्ञ तथा सेवा प्रदायकबाट कार्य संचालन गर्न सकिनेछ ।

**अनुगमन योजना**

- बैठक निर्णय पुस्तिका, बिल भर्पाइ, मस्यौदा प्रतिवेदन ।

## ५.११. जलाधार सूचना प्रणाली (Watershed Information System) को विकास

**पृष्ठभूमि**

विभिन्न तहहरुबीच समन्वय र सहकार्य गरी जलाधार व्यवस्थापनको प्रभावकारी कार्यान्वयन गर्न एकीकृत जलाधार व्यवस्थापनको योजना तर्जुमा सम्बन्धी अन्तरक्रिया गोष्ठी गरिन्छ ।

**उद्देश्य**

जलाधार क्षेत्रको प्रभावकारी योजना तर्जुमा तथा विकासको लागि प्रदेश स्तरिय जागरण गोष्ठी मार्फत सरोकावालाहरुको क्षमता अभिवृद्धि तथा अनुभव आदान प्रदान गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- यस गोष्ठी सञ्चालनका लागि पाठ्यक्रम, सेसन योजना सहितको अवधारणा पत्र तयार र अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका २०७७ बमोजिम लागत अनुमान तयार गरी कार्यालय प्रमुख/महाशाखा प्रमुखबाट स्वीकृत गरिनेछ ।
- प्रदेश स्थित भू तथा जलाधार व्यवस्थापन सम्बन्धी कार्य गर्ने कार्यालयका कर्मचारीहरु, सरोकारवालाहरु, विश्वविद्यालय आदि सहभागीको रुपमा छनौट गरिनेछ ।
- गोष्ठी सञ्चालन होटल वा आवासीय रुपमा सञ्चालन गर्नुपर्ने भएमा खाजा, खाना र आवासका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम कोटेशन मार्फत गरिनेछ।
- गोष्ठीमा विषय विज्ञ वा सहभागीहरुबाट कार्य पत्र प्रस्तुत गरिनेछ ।
- गोष्ठीमा भएका प्रस्तुतिकरण, छलफल, सुझावहरुका आधारमा प्रतिवेदन तयार गरिनेछ ।
- प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम सहभागीका लागि दैनिक भ्रमण भत्ता, खाजा, खाना, हल भाडा, प्रशिक्षण सामाग्री, ईन्धन, सवारी साधन मर्मत लगायतका विभिन्न शिर्षकमा खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

विभिन्न प्रदेश स्तरीय सरोकारवालहरुको समन्वय र सहकार्यमा भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यहरुको प्रभावकारी योजना तर्जुमा तथा कार्यान्वयन हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु, आवश्यक्ता अनुसार विषय विज्ञ वा सेवा प्रदायक मार्फत कार्यान्वयन गर्न सकिनेछ ।

**अनुगमन योजना**

- सहभागीहरुको उपस्थिति
- तस्बिर सहितको प्रतिवेदन

## ५.१२. कुलेखानी संरक्षित जलाधार क्षेत्रको घोषणाका लागि पूर्व तयारी

**पृष्ठभूमि**

कुलेखानी जलाधार क्षेत्र मकवानपुर जिल्लामा अवस्थित नेपालको पहिलो र ठूलो मानव निर्मित ताल जलाशययुक्त जलविद्युत आयोजनाको जलाधार क्षेत्र हो। पछिल्ला दिनहरुमा ग्रामिण सडक लगायत विकास निर्माणको कार्यहरु तथा

खेतीपातीका तौर तरिकाहरु संरक्षण मुखी हुन नसक्दा जलाधार क्षेत्रमा भएको अधिकतम भू-क्षयको माध्यमबाट तालमा माटो, बालुवा तथा गेग्रान थुप्रिनाले गम्भीर चुनौतीको रुपमा देखा परेको छ। भू तथा जलाधार सरक्षण ऐन, २०३९ को दफा ३ मा नेपाल सरकारले आवश्यक देखेमा कुनै पनि जलाधार क्षेत्रलाई संवेदनशिल जलाधार क्षेत्र घोषणा गर्न सक्ने प्रावधान अनुसार कुलेखानी संरक्षित जलाधार क्षेत्र घोषणाका लागि पूर्व तयारीको कार्यको थालनी गत आ.व. २०८१/८२ देखि प्रारम्भ गरिएको हो । कुलेखानी जलाधार क्षेत्रको नक्साङ्कन, सरोकारवाला निकायहरु तथा स्थानीय प्रतिनिधि/जनताहरुसँगको छलफल/अन्तरक्रिया र प्रतिवेदन तयारी जस्ता कार्यहरु गरिएको छ ।स्थानीय सरोकारवाला संग थप छलफल तथा बिज्ञहरुको राय सुझाबलाई निरन्तरता दिई संरक्षित क्षेत्र घोषणा गर्न सहज हुने देखिएकोले यस कार्यका लागि पुर्व तयारी आवश्यक देखिन्छ ।

**उद्देश्य**

प्रस्तावित कुलेखानी संरक्षित जलाधार क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र घोषणाका लागि आवश्यक पर्ने प्रतिवेदन तथा दस्ताबेजहरु तयार गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- यस क्रियाकलाप कार्यान्वयनका लागि विभाग र श्रोत केन्द्रमा रहेका मौजुदा जनशक्ति मार्फत पुराना दस्तावेजहरु र प्रतिवेदनहरुको पुनरावलोकन कार्य गरिनेछ।
- कार्यक्रम सञ्चालनार्थ अवधारणा पत्र र स्वीकृत नर्मस अनुसार लागत अनुमान तयार गरी कार्यालय प्रमुख/महाशाखा प्रमुखबाट स्वीकृत गरिनेछ।
- कार्यालयका मौजुदा जनशक्तिबाट कार्य सञ्चालन वा कर्मचारीहरुको सहजिकरणमा सेवा प्रदायक मार्फत कार्य सम्पादन गरिनेछ ।
- स्थलगत भ्रमण, आवश्यक भएमा पुनः जलाधार क्षेत्रको सिमाङ्कन, सरोकारवाला/विज्ञ पहिचान र छलफल/अन्तरक्रिया जस्ता कार्यहरु गरिनेछ।
- कुलेखानी संरक्षित जलाधार क्षेत्र घोषणाका लागि पूर्व तयारीको लागि सहयोग पुग्ने प्रतिवेदन तयार गरिनेछ।
- प्रतिवेदन, फिल्ड भ्रमण प्रतिवेदन र अन्य आधिकारिक बिल, भर्पाई र कागजातहरु बमोजिम अन्तिम रकम भूक्तानी गरिनेछ ।

**अपेक्षित उपलब्धि**

कुलेखानी जलाधार क्षेत्रको सिमाङ्कन, उपजलाधार क्षेत्रहरुको पहिचान र जलाधार क्षेत्रलाइ संरक्षित क्षेत्रको रुपमा ब्यवस्थापन गर्न आधार तय भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सिपको दक्षतामा न्यून भएको अवस्थामा प्रचलित नियामानुसार सेवा प्रदायकहरुबाट परामर्श सेवा समेत लिई कार्यक्रम कार्यान्वयन गर्न सकिने छ।

**अनुगमन योजना**

- छलफल तथा अन्तरक्रियाका माईनुटहरु
- तयारी सम्बन्धी प्रतिवेदन ।

## ५.१३. आकष्मिक रुपमा बाढि/पहिरोबाट हुने राष्ट्रियस्तरको क्षतिको तत्काल विवरण संकलन (Rapid Damage Assessment)

**पृष्ठभूमि**

जलजन्य प्रकोपहरू विशेषगरी बाढी र पहिरो विश्वभर सबैभन्दा धेरै देखिने, दोहोरिने र क्षति पुऱ्याउने प्राकृतिक प्रकोपहरू हुन्। विश्व स्वास्थ्य संगठन (WHO) र आपतकालीन घटना डाटाबेस (EM-DAT) का अनुसार बाढी तथा पहिरोका कारण वार्षिक रूपमा हजारौं मानिसको मृत्यु हुने, लाखौं विस्थापित हुने, र अबौं डलर बराबरको क्षति हुने गरेको देखिन्छ। नेपालको सन्दर्भमा हेर्दा, देशको भौगोलिक बनावट, भूगर्भीय संवेदनशीलता, कमजोर पूर्वाधार, तथा मनसुनमूलक जलवायु प्रणालीका कारण नेपाल अत्यन्त उच्च जोखिमयुक्त मुलुकमा पर्दछ। नेपाल प्राकृतिक प्रकोपको ग्लोबल इन्डेक्सअनुसार वातावरणीय खतराका हिसाबले ४औं संवेदनशील देश हो, भूकम्पीय जोखिममा ११औं र बाढी प्रकोपमा १४औं स्थानमा छ। नेपालका हिमाली, पहाडी र तराई क्षेत्रहरूमा बाढी र पहिरोको असर हरेक वर्ष देखिन्छ। यी प्रकोपहरूले सडक, पुल, विद्युत् प्रणाली, खानेपानी, विद्यालय, स्वास्थ्य संस्था तथा कृषिक्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने गर्छन्। यस पृष्ठभूमिमा, बाढी तथा पहिरो लगायतका जलजन्य प्रकोपपछि त्यसबाट भएको क्षति तथा नोक्सानीको तत्काल विवरण संकलन गरी अभिलेखिकरण गर्ने र असर मूल्यांकनका आधारमा यसको व्यवस्थापन र पुनरुत्थान गर्न आवश्यक योजना तर्जुमा गर्न सहयोग पुर्याउन सके भविष्यमा यस्ता प्रकोपहरूबाट हुने प्रतिकुल असर न्युनिकरण गर्न समेत सहयोग पुग्दछ ।

**उद्देश्य**

बाढी पहिरोबाट प्रभावित क्षेत्रको अनुगमन गरी, जनधन र भौतिक संरचनामा भएको क्षतिको पहिचान गर्न तत्कालीन आवश्यकता र जोखिमको आकलन गर्ने।

**यस अन्तर्गत निम्न कार्यहरु गर्न सकिनेछ ।**

- पत्र पत्रिकाहरु लगायतका अन्य स्रोतहरुबाट घटना विववरण संकलन ।
- स्थलगत अनुगमन तथा सर्वेक्षण गरी प्रतिवेदन संकलन ।
- सरोकारवालाहरूसँग अन्तरक्रिया/छलफल ।

**कार्यन्वयन प्रक्रिया**

- स्थलगत अनुगमन तथा विवरण संकलनको लागि आवश्यक चेकलिस्ट एवं डेटा फारमहरूतयार गरिनेछ।
- सरोकारवालाहरु तथा स्थानिय बासिन्दासँग अन्तरक्रिया, एवं तथ्याङ्क संकलन गरिनेछ।
- प्रतिवेदन तयारी चरणमा सिफारिसहरू सहितको प्रभावित क्षेत्रको प्रारम्भिक प्रतिवेदन तयार गरिनेछ।
- प्रारम्भिक प्रतिवेदनहरूलाई एकिकृत तथा समायोजन गरी Compiled Rapid Damage Assessment Report तयार गरिनेछ जसलाई नीति निर्माण, श्रोत परिचालन र सहायताका लागि प्रयोग गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयका मौजुदा जनशक्ति एवं सरोकारवाला निकायका कर्मचारीहरु परिचालन गरी वा प्रचलित नियम अनुसार सेवाप्रदायकहरुबाट परामर्श सेवा समेत लिई कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- राष्ट्रिय स्तरका बाढी/पहिरोजस्ता प्रकोपहरूबाट प्रभावित क्षेत्रको नक्सा, तस्बिर र क्षतिको तथ्याङ्क सहितको प्रारम्भिक विवरण प्रारम्भिक प्रतिवेदन तयार भएको हुनेछ।
- सबै प्रारम्भिक प्रतिवेदनहरूको Compiled Rapid Damage Assessment Report तयार भएको हुनेछ।

## ५.१४. राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन निर्देशक समितिको बैठक आयोजना

### पृष्ठभूमि

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०८/२८ गतेको बैठकबाट राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन रणनीति-२०८० स्वीकृत भएको छ। जलवायु परिवर्तन, वातावरण र जलाधार क्षेत्रलाई एकीकृत रुपमा संस्थागत तथा संगठित गर्दै समय सापेक्ष बनाउन राष्ट्रिय स्तरमा समन्वय, सहजीकरण, अनुगमन मुल्यांकन र निर्देशनका लागि वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्रीज्यू अध्यक्ष र राष्ट्रिय योजना आयोग (वन तथा वातावरण क्षेत्र) का उपाध्यक्ष रहने गरी १६ सदस्यीय राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन निर्देशक समिति गठन भएको छ। प्राकृतिक स्रोत साधन तथा विकासका पूर्वाधारको संरक्षणमा वातावरणीय सुरक्षा कायम गर्न, तीनै तहका सरकारहरु बीच समन्वयात्मक र एकीकृत व्यवस्थापनको लागि सहजीकरण गर्न, छरिएर रहेका क्षेत्रगत एवं उपक्षेत्रगत नीति तथा रणनीति र मापदण्डहरुलाई विश्लेषण गरी मार्गदर्शक नीतिको रुपमा मूलप्रवाहीकरण गर्न, एक आपसमा बाझिएका प्रावधान तथा मापदण्डहरुका बिचमा सामन्जस्यतालाई वातावरणीय सुरक्षा कायम हुने गरी निर्देशन गर्ने लगायतका कार्य गर्नका लागि निर्देशक समितिको बैठक वर्षमा कम्तिमा १ पटक बस्ने व्यवस्था रहेको छ ।

### उद्देश्य

राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन रणनीति कार्यान्वयनका लागि छलफल, राय सुझाव संकलन र पृष्ठपोषण गर्ने।

### कार्यान्वयन प्रक्रिया

- यस बैठक सञ्चालनका लागि अवधारणा पत्र तयार र अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०८१ बमोजिम लागत अनुमान तयार गरी कार्यालय प्रमुख/महाशाखा प्रमुखबाट स्वीकृत गरिनेछ।
- राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन रणनीतिमा व्यवस्था भए बमोजिम राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन निर्देशक समितिका सदस्यहरु र आवश्यकता अनुसार आमन्त्रित सदस्यहरुको सहभागितामा बैठक सञ्चालन गरिनेछ।
- सम्भव भएसम्म सरकारी कार्यालयको हल वा आवश्यकता अनुसार सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सेवा प्रदायक मार्फत होटलमा वा भाडाको हलमा बैठक सञ्चालन गरिनेछ।
- वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतमा बस्ने बैठकमा विभिन्न प्रस्तावहरु उपर छलफल भै आवश्यक निर्णयहरु गरिनेछ।
- विभागस्तरबाट बैठक सम्पन्न पश्चात् तस्बिर सहितको प्रतिवेदन तयार गरिनेछ।
- तालिम प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ।

### अपेक्षित उपलब्धि

राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन रणनीति-२०८० को कार्यान्वयन गर्न सहयोग पुग्नेछ।

### जनशक्ति व्यवस्थापन

कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरु मार्फत वा आवश्यकता अनुसार प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद गरी यो कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

### अनुगमन योजना

- सहभागिहरुको उपस्थिति
- बैठकको माइनुटिङ्ग
- प्रतिवेदन ।

## ५.१५. राष्ट्रियस्तरको पहिरोहरुको Time Series विश्लेषण

### पृष्ठभूमि

कोशी, गण्डकी, कर्णाली र महाकाली वृहत जलाधार क्षेत्रहरुमा रहेका ठुला पहिरोहरु (२ हेक्टर भन्दा माथिका) को अध्ययन अभिलेखीकरण कार्य सम्पन्न भै सकेको छ। यसरी अभिलेखिकरणबाट ठूला पहिरोहरुको पहिचान भै सके तापनि कुन कुन पहिरो कहिले गयो, कुन वर्षमा गयो भनी एकिन नभएकोले र अध्ययन पश्चात पनि ठूला पहिरोहरु थप हुन सक्ने भएकोले सोको समेत अभिलेख गरी Time Series विश्लेषण गरिने छ।

### उद्देश्य

नेपालका चारवटै वृहत जलाधार क्षेत्रहरुमा रहेका ठुला पहिरोहरुको Time series तथ्याङ्क विश्लेषण गर्ने।

### कार्यान्वयन प्रक्रिया

- यस क्रियाकलाप कार्यान्वयनका लागि विभागले विगतमा गरेका अध्ययन प्रतिवेदनका आधारमा ठूला पहिरोहरुको पहिचान गरी Time series तथ्याङ्क विश्लेषण गरीने छ।
- कार्यक्रम संचालानार्थ कार्य विवरण र स्वीकृत नर्मस अनुसार लागत अनुमान तयार गरी कार्यलय प्रमुख/ महाशाखा प्रमुखबाट स्वीकृत गरिने छ।
- कार्यालयका मौजुदा जनशक्ति वा कर्मचारीहरुको सहजीकरणमा सेवा प्रदायक मार्फत कार्य सम्पादन गरिने छ।
- कार्यालयमा मौजुदा सुचीमा सुचीकृत भएका सेवा प्रदायकहरुबाट नियमानुसार प्रस्ताव आह्वान गरिने छ। प्रस्ताव मूल्याङ्कन गरी छनौट भएका सेवा प्रदायकसँग सम्झौता गरि कार्य सम्पादन गरिने छ।
- प्रारम्भिक प्रतिवेदनको प्रस्तुतीकरण गरी प्राप्त राय सुझावहरुलाई समेटी कार्यलयमा प्रतिवेदन पेश गरिनेछ ।
- कर्मचारीहरुको समन्वय र सहजीकरणमा सेवा प्रदायकले फिल्ड कार्य गरी तथ्याङ्क विश्लेषणका आधारमा मस्यौदा प्रतिवेदन कार्यालयमा प्रस्तुतीकरण गरिनेछ र प्रस्तुती उपर प्राप्त पृष्ठपोषण समावेश गरी प्रतिवेदन पेश गरिनेछ।
- अन्तिम प्रतिवेदन सहित आधिकारिक विल वमोजिम सम्झौता अनुसारको अन्तिम रकम भुक्तानी गरिनेछ।

### अपेक्षित उपलब्धि

लक्षित ठूला पहिरोहरुको पहिचान तथा Time Series तथ्याङ्क विश्लेषण भई अभिलेख तयार हुने र विभाग र मातहतका निकायहरुको लागि पहिरो व्यवस्थापन सम्वन्धी कार्यक्रम तर्जुमा र कार्यन्वयन योजना तयार गर्न सहयोग पुग्नेछ।

### जनशक्ति व्यवस्थापन

कार्यालयका मौजुदा जनशक्ति वा कर्मचारीहरुको सहजीकरणमा प्रचलित नियम अनुसार सेवाप्रदायकहरुबाट परामर्श सेवा समेत लिई कार्यक्रम कार्यान्वयन गरिनेछ ।

### अनुगमन योजना

- छलफल तथा अन्तरक्रियाका माईनुटहरु ।
- फिल्ड भ्रमण तथा फिल्ड अनुगमनका प्रतिवेदनहरु।

## ५.१६. भू तथा जलाधार संरक्षण सम्बन्धी बेसिनस्तरीय सञ्चालित कार्यक्रमहरूको अवस्थाको बारेमा छलफल

### पृष्ठभूमि

बृहत् जलाधार व्यवस्थापन केन्द्र (कोशी, गण्डकी, कर्णाली र महाकाली) र संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र, कुलेखानीद्वारा सञ्चालित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित उपलब्धि समयमानै हासिल गर्न प्रत्येक

त्रैमासिकमा कम्तिमा एकपटक विभागस्तरबाट फिल्ड निरीक्षण तथा कार्यक्रमको अवस्थाबारे छलफल अन्तक्रिया गरिने छ।

**उद्देश्य**

फिल्ड भ्रमणका क्रममा सञ्चालित क्रियाकलापहरुको गुणस्तर, परिमाण, प्रचलित नियमानुसार कार्यान्वयनको अवस्था, प्राविधिक ज्ञान, सीप, समस्याहरु आदि बारे छलफल गरी पृष्ठपोषण गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- यस कार्यक्रमका लागि अवधारणा पत्र तयार र अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०८१ बमोजिम लागत अनुमान तयार गरी कार्यालय प्रमुख/महाशाखा प्रमुखबाट स्वीकृत गरिनेछ।
- विभाग स्तरबाट फिल्ड भ्रमणका लागि अनुगमनको ढाँचा तयार गरिनेछ।
- विभागमा कार्यरत प्राविधिक कर्मचारीबाट मातहतका बहत् जलाधार व्यवस्थापन केन्द्रहरु र संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र, कुलेखानी मार्फत सञ्चालित कार्यक्रमहरुको फिल्ड अनुगमन तथा निरीक्षण र कार्यक्रमको अवस्था बारे फिल्ड कार्यालयहरुमा र उपभोक्ताहरुसँग छलफल गरिनेछ।
- फिल्ड भ्रमण पश्चात् फिल्डमा खटिइएका प्राविधिक कर्मचारीबाट फिल्ड अवलोकनमा देखिएका राम्रा नराम्रा पक्षहरुलाई समावेश गरी सुझाव सहितको प्रतिवेदन तयार गरी महाशाखा प्रमुख समक्ष पेश गरिनेछ।
- फिल्ड भ्रमण प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम सहभागीका लागि दैनिक भ्रमण खर्च, इन्धन, सवारी साधन मर्मत, सवारी साधन भाडा, खाजा खर्च लगायतका विभिन्न शिर्षकमा खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

स्वीकृत वार्षिक कार्यक्रमहरु प्रभावकारी तथा परिणाममुखी ढंगबाट सञ्चालन भई समयमानै अपेक्षित उपलब्धि हासिल हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालय अन्तर्गत रहेका मौजुदा प्राविधिक जनशक्तिहरुबाट कार्यक्रम कार्यान्वयन गरिने छ ।

**अनुगमन योजना**

- फिल्ड भ्रमणका क्रममा लिएका तस्विरहरु
- भ्रमण प्रतिवेदन ।

## ५.१७. पुस्तकालय स्तरोन्नति कार्य (E-library Management System) को स्थापना

**पृष्ठभूमि**

सूचना तथा प्रविधिको क्षेत्रमा बदलिँदो परिवेश अनुसार यस विभाग अन्तर्गत रहेको पुस्तकालयको स्तरोन्नति गर्न आवश्यक देखिएकाले Electronic Library (E-library) व्यवस्थापन प्रणाली स्थापनाका निमित्त यस कार्यक्रम संचालन गर्न लागिएको हो ।

**उद्देश्य**

- Online E-library management system को स्थापना गर्ने,
- भू तथा जलाधार संरक्षणसंग सम्बन्धीत पुस्तकहरु Digital माध्यममा उपलब्ध गर्ने।

**कार्यान्वयन प्रक्रिया**

यस कार्य संचालन कार्यान्वयनका लागि प्रचलित ऐन, नियम, मापदण्ड तथा कार्यविधिको अधिनमा रही सार्वजनिक खरिद ऐन-२०६३ को दफा २९ अनुसार परामर्श सेवा खरिद गरी E-library व्यवस्थापन प्रणाली स्थापना गरिनेछ । यसरी कार्यसंचालन गर्दा निम्न उल्लिखित कार्यहरु गरिनेछ ।

- E-Library व्यवस्थापन प्रणालीले समेट्न पर्ने आवश्यक पुस्तक तथा सामाग्रीहरुको पहिचान गरिनेछ ।
- यस्ता प्रणाली संचालनमा रहेका अन्य निकायमा E-library व्यवस्थापन प्रणालीको विकास तथा संचालन गर्दा आएका अवसर तथा चुनौती यकिन गरिनेछ ।
- कार्यक्रम संचालनका निमित्त अवधारणा पत्र, कार्यक्षेत्रगत सर्त (ToR) तथा लागत अनुमान तयार गरी महाशाखा प्रमुख वा महानिर्देशकबाट स्वीकृत गरिनेछ ।
- प्रणाली स्थापनार्थ परामर्श सेवा खरिद गरिनेछ ।
- व्यवस्थापन प्रणाली विकासका क्रममा विभागको तर्फबाट नियमित निगरानी तथा अनुगमन गरिनेछ।
- प्रारम्भिक तथा अन्तिम चरणमा विकास भएको व्यवस्थापन प्रणालीको जांच र आवश्यकता अनुसारको प्रणाली विकास भएको सुनिश्चितता विभागले गराउनेछ ।
- सेवा प्रदायकबाट कार्यसम्पन्न पश्चात प्रणाली हस्तान्तरण र तत्पश्चात प्रणाली संचालनका निमित्त तालिम प्रदान गरिनेछ ।
- अवधारणा पत्र र कार्यक्षेत्रगत सर्त (ToR) अनुसारको कार्य स्वीकार भए पश्चात प्रचलित कानुन अनुसार रकम भुक्तानी गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- E-library Management System को स्थापना भएको हुनेछ,
- भू तथा जलाधार संरक्षण संग सम्बन्धीत पुस्तकहरु दुर दराजमा रहेका व्यक्तिहरुको समेत पहुँचमा हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

विभागमा रहेको जनशक्तिको ज्ञान तथा सीपको उच्चतम उपयोग गरी आवश्यक रहेको अवस्थामा परामर्श सेवा खरिद गरी यस कार्यक्रम संचालन गरिनेछ ।

**अनुगमन योजना**

- E-library Management System को स्थापना
- भू तथा जलाधार संरक्षणसंग सम्बन्धित पुस्तकहरु

## ५.१८. Springshed को डेमोप्लट स्थापना/सुदृढीकरण

**पृष्ठभूमि**

वर्तमान समयमा जलवायु परिवर्तन, वनको अतिक्रमण, अत्याधिक भू-उपयोग तथा स्रोतहरूको असन्तुलित उपयोगका कारण प्राकृतिक जलस्रोतहरू सुक्दै गइरहेका छन्। विशेष गरी पहाडी क्षेत्रमा अवस्थित मूलाधार (Springshed) हरूमा देखिएको जलस्तर घट्दै जानु चिन्ताजनक बन्दै गएको छ। यस समस्याको दीर्घकालीन समाधानको लागि मूलाधार व्यवस्थापन एक प्रभावकारी उपायको रूपमा स्थापित हुँदै गएको छ। डेमोप्लट स्थापना/सुदृढीकरण कार्यक्रमको माध्यमबाट स्रोत संरक्षण, पुनर्भरण प्रवर्द्धन तथा दिगो जल व्यवस्थापन प्रविधिको प्रदर्शन गरिनुका साथै अनुसन्धान तथा सिकाइको रूपमा प्रयोग गरिनेछ, जसले अन्य स्थानमा पनि अनुकरणीय अभ्यासको विकास गर्न मद्दत गर्नेछ।

**उद्देश्य**

- स्थापना भएका मूलाधार (Springshed) को डेमोप्लट स्तरोन्नति अथवा नयाँ डेमोप्लट स्थापना,

- डेमोप्लटको सिकाइले समुदायस्तरमा मूलाधार व्यवस्थापनसंग सम्बन्धित चेतना अभिवृद्धि,
- प्रविधि प्रदर्शनसँगै प्रयोगात्मक अनुसन्धानको आधार निर्माण गर्ने।

**कार्यान्वयन प्रक्रिया**

भू तथा जलाधार संरक्षणका प्रविधिको उच्चतम प्रयोग गरी तथा प्रचलित ऐन, नियम, मापदण्ड तथा कार्यविधिको अधिनमा रही यस कार्यक्रम उपभोक्ता समुहको प्रत्यक्ष संग्लग्नतामा संचालन गर्न सकिनेछ। तर कार्यक्रम संचालनमा विभागको तर्फबाट सक्रिय प्राविधिक सहयोग तथा कार्यको नियमित अनुगमन गरिनेछ। यसरी कार्यसंचालन गर्दा निम्न उल्लिखित कार्यहरु गरिनेछ।

- उपयुक्त मूलाधार क्षेत्रको पहिचान तथा चयन गरिनेछ।
- मूलाधार क्षेत्र भित्रको पानी मूहानको Water discharge लगायत प्रारम्भिक अवस्था अध्ययन (baseline survey) तथा हाइड्रोलोजिकल नक्शांकन गरिनेछ।
- छनौट भएको स्थानको समस्या र लाभग्राही उपभोक्ता पहिचान तथा संचालन गर्नुपर्ने कार्यक्रम यकिन गरिनेछ।
- कार्यक्रम संचालनार्थ नक्सा, डिजाइन तथा लागत अनुमान तयार गरि महाशाखा प्रमुख वा महानिर्देशकबाट स्वीकृत गरिनेछ।
- प्रचलित कानुन तथा विधिमा रही उपभोक्ता समूहसंग सम्झौता तथा निर्माण कार्यको थालनी गरिनेछ।
- डेमोप्लटको स्थान छनौट तथा प्रारम्भिक अवस्था अध्ययन पश्चात् उपयुक्तताको आधारमा निम्न प्रविधिहरूको कार्यान्वयन गरिनेछः
  - जल पुनर्भरण पोखरी निर्माण
  - पर्खाल निर्माण (जस्तैः gabion check dam, dry wall आदि)
  - घाँस तथा रूख रोपण (bio-engineering)
  - पानी संकलन तथा निकास व्यवस्थापन
  - भू तथा जलाधार संरक्षण सम्बन्धी अन्य उपयुक्त क्रियाकलापहरु
- डेमोप्लटलाई अनुसन्धान प्लटका रूपमा विकास गर्न सकिनेछः
  - विभिन्न प्रविधिहरूको प्रभावकारिता मूल्याङ्कन गर्न मापन सूचक (indicators) तयार गर्ने।
  - माटो, पानी, पुनर्भरण दर, भूक्षय, वनस्पति विकास आदिका सम्बन्धमा डाटा संकलन गर्ने।
  - स्थानिक ज्ञान र वैज्ञानिक विश्लेषणको संयोजन गर्दै सुधारात्मक उपायहरू परीक्षण गर्ने।
- समुदायस्तरमा मूलाधार व्यवस्थापनका फाइदा तथा अवसर सम्बन्धी चेतना अभिवृद्धि तथा तालिम गर्न सकिनेछ।
- संचालित कार्यक्रमको प्रत्यक्ष तथा अप्रत्यक्ष लाभ पहिचान गर्न सकिनेछ।
- प्रचलित कानुन अनुसार एकै पटक वा पटक पटकमा कार्यको प्रगति अनुसार रकम भुक्तानी गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

- मूलाधार (Springshed) को डेमोप्लट स्तरोन्नति अथवा नयाँ डेमोप्लट स्थापना स्थापना भएको हुनेछ।
- पानीको उपलब्धता सुधार हुने तथा स्थानीय समुदायमा वातावरणीय चेतना अभिवृद्धि हुनेछ।
- समुदायस्तरमा मूलाधार व्यवस्थापनका फाइदा तथा अवसर सम्बन्धी चेतना अभिवृद्धि हुनेछ।
- डेमो प्लटमार्फत स्प्रिङ्गशेड व्यवस्थापन प्रविधिको प्रदर्शन र प्रभावकारिता मूल्याङ्कन हुनेछ।
- अनुसन्धान, डाटा संकलन र नीति निर्माणको आधार बन्ने अभ्यास विकसित हुनेछ।
- दीर्घकालीन रूपमा अन्य स्थानमा मूलाधार (Springshed) अनुकरणीय अभ्यासको विकास हुनेछ।

जनशक्ति व्यवस्थापन

विभागमा रहेको जनशक्तिको ज्ञान तथा सीपको अधिकतम उपयोग गरी प्रचलित कानुन वमोजिम उपभोक्ता समूह संग सम्झौता गरी यस कार्यक्रम संचालन गरिनेछ ।

अनुगमन योजना

- उपभोक्ता समूह संगको सम्झौता,
- स्थापना भएको मूलाधार (Springshed) को डेमो प्लट ।

## ५.१९. एकीकृत जलाधार व्यवस्थापन प्रदर्शनीस्थल स्थापनाका लागि प्राविधिक सहयोग

पृष्ठभूमि

जलाधार व्यवस्थापन आफैमा एकीकृत तथा विभिन्न विषयगत विज्ञतासंग जोडिएको विधा हो। विभाग मातहतका कार्यालयहरुमा एकीकृत रूपमा जलाधार व्यवस्थापनका कार्यक्रम संचालन गर्न आवश्यक स्रोत (जनशक्ति तथा विज्ञता) को आभाव हुने हुँदा यस्ता कार्य संचालन गर्न कठिनाई आईरहेको छ। तसर्थ यस प्रकारको समस्या न्यूनीकरण गर्नका निमित्त एकीकृत जलाधार व्यवस्थापन प्रदर्शनी स्थल स्थापनाका लागि प्राविधिक सहयोग गरिनेछ।

उद्देश्य

- मातहतका कार्यालयहरुको सोचअनुसार प्रभावकारी एकीकृत जलाधार व्यवस्थापन प्रदर्शनीस्थल स्थापना गर्ने,
- एकीकृत जलाधार व्यवस्थापनका निमित्त अपुग भएको प्राविधिक विषयविज्ञता (विभागमा मौज्दात भए अनुसार) प्रदान गर्ने।

कार्यान्वयन प्रक्रिया

विभाग मातहतका कार्यालयहरुको आवश्यकता अनुसारको एकीकृत जलाधार व्यवस्थापन प्रदर्शनीस्थल स्थापनाका लागि तत् तत् कार्यालयबाट प्राविधिक सहयोग माग भई आएमा यस कार्यक्रम संचालन गर्न सकिनेछ। तर कुनै प्राविधिक सहायताको माग नभएमा समेत विभिन्न कार्यालयले संचालन गर्ने एकीकृत जलाधार व्यवस्थापन प्रदर्शनी स्थल स्थापना कार्यको प्राविधिक अनुगमन तथा निरीक्षण यस कार्यक्रम अन्तर्गत गर्न वाधा पर्ने छैन। यसरी कार्यसंचालन गर्दा निम्न उल्लिखित कार्यहरु गरिनेछ।

- मातहतका कार्यालयमा एकीकृत जलाधार व्यवस्थापन प्रदर्शनी स्थल स्थापना कार्यक्रम भए नभएको निक्यौंल गरिनेछ ।
- माग वमोजिमको विषयविज्ञता विभागमा भए नभएको यकिन गरिनेछ।
- कार्यक्रम संचालनका निमित्त अवधारणा पत्र तथा लागत अनुमान तयार गरी महाशाखा प्रमुख वा महानिर्देशकबाट स्वीकृत गरिनेछ।
- माग वमोजिमको विषयविज्ञको आवश्यकता अनुसारको फिल्ड भ्रमण गर्न सकिनेछ।
- हरेक भ्रमण पश्चात फिल्ड कार्यको टिपोट गरी प्रतिवेदन तयारी गरिनेछ।
- कार्यको प्रकृति हेरी प्रचलित कानुन वमोजिम विभिन्न समयमा रकम भुक्तानी गर्न सकिनेछ।

अपेक्षित उपलब्धि

- मातहतका कार्यालयहरुको सोच अनुसार प्रभावकारी एकीकृत जलाधार व्यवस्थापन प्रदर्शनी स्थल स्थापना भएको हुनेछ।
- मातहतका कार्यालयको नियमित कार्यक्रममा समेत प्रभावकारिता वृद्धि हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागमा रहेको जनशक्तिको ज्ञान तथा सीपको अधिकतम उपयोग गरी यस कार्यक्रम संचालन गरिनेछ ।

**अनुगमन योजना**

- फिल्ड भ्रमण प्रतिवेदन,
- मातहतका कार्यालयमा स्थापना भएको एकीकृत जलाधार व्यवस्थापन प्रदर्शनी स्थल ।

## ५.२०. भू तथा जलाधार व्यवस्थापन सम्बन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण

**पृष्ठभूमि**

विगतका समयमा भू तथा जलाधार सम्बन्धी धेरै प्रचार प्रसारका सामग्री उत्पादन तथा वितरण भएकोमा सो सामग्रीले जनसमुदाय सहित सम्पूर्ण सरोकारवाला निकायहरुमा हाल सम्म भू तथा जलाधार सम्बन्धी अभिमुखीकरण तथा ज्ञान बाढ्ने काम गरेको छ। विभिन्न सरोकारवालाहरु माझ संरक्षण सन्देश पुगोस् भन्ने हेतुले विभिन्न संरक्षण तथा शैक्षिक सामाग्री तयारी तथा उत्पादन प्रकाशन, शैक्षिक सामाग्री खरीद तथा वितरण, विभिन्न माध्यमबाट संरक्षण सन्देश प्रसारण, विकास तथा व्यवस्थापन, कार्यक्रमको प्रभाव मूल्यांकन तथा प्रतिवेदन तयारीका क्रियाकलापहरु गर्न सकिनेछ।

**उद्देश्य**

- भू तथा जलाधार व्यवस्थापन सम्बन्धी प्रविधि (केहि नवीनतम केहि पुराना सफल अभ्यास) को प्रचार प्रसार गर्ने,
- जलाधार व्यवस्थापनका हालको समयमा रहेका अवसर तथा चुनौतीलाई प्रष्ट्याउने सामग्री उत्पादन तथा वितरण गर्ने।

**कार्यान्वयन प्रक्रिया**

विभाग तथा मातहतका कार्यालयमा रहेका मौज्दात जनशक्तिको उच्चतम परिचालन गरी यस कार्यक्रम संचालन गरिनेछ भने खरिद विधिमा परिवर्तन नहुने गरी यस कार्यक्रमलाई विभिन्न सेवा खरिद गरि संचालन गर्न सकिनेछ (जस्तैः प्रचारप्रसार उत्पादन र वितरण)। प्रचार प्रसार सामग्री उत्पादनको शिलशिलामा आवश्यक परे व्यक्ति अथवा संस्था परामर्श सेवा खरिद गर्न सकिनेछ भने वितरणका लागि प्रिन्टिंग अथवा डिजिटल प्रविधिको समेत उपयोग गर्न सकिनेछ। यो कार्यसंचालन गर्दा विभिन्न समयाविधिमा निम्न उल्लिखित कार्यहरु गरिनेछ।

- पुराना प्रविधिहरुको हालको अवस्थामा उपयोगिता र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा उपयोग भएका नवीनतम प्रविधिको पहिचान गरिनेछ।
- विभाग वा मातहतका निकायहरुले विगतमा गरेका अध्ययन/ अनुसन्धान तथा उत्पादन गरेका सामग्री हालसम्म प्रकाशन नभएको आवस्थामा सो सामग्रीहरुलाई समेत प्रचार प्रसार सामग्रीको रूपमा उत्पादन गरी वितरण गर्न सकिनेछ।
- सामग्री वितरण गर्नका निमित्त आवश्यक माध्यमको पहिचान गरिनेछ।
- कार्यक्रम संचालनका निमित्त अवधारणा पत्र तथा लागत अनुमान तयार गरी कार्यालय प्रमुख/महाशाखा प्रमुख वा महानिर्देशकबाट स्वीकृत गरिनेछ।
- भू तथा जलाधार सम्बन्धित काम गर्ने सरकारी एवं गैर सरकारी निकायहरुबाट आवश्यकता अनुसारको प्रचार प्रसार सामग्री संकलन गर्न सकिनेछ।
- ब्रोसर, लिफलेट, क्यालेन्डर, संरक्षण डायरी, जलाधार सम्बन्धी जानकारी पुस्तिका, विभिन्न माध्यमबाट संरक्षण सन्देश प्रसारण जस्ता प्रचार प्रसारका कार्यहरु तथा आवश्यक्ता अनुसार जनचेतना अभिवृद्धिका लागि अन्तरक्रिया/गोष्ठी सञ्चालन गरिनेछ।

- सूचना तथा प्रविधिको अधिकतम उपयोग गरी उत्पादित प्रचार प्रसार सामग्री वितरण गरिनेछ।
- कार्यको प्रकृति हेरी प्रचलित कानुन बमोजिम विभिन्न समयमा रकम भुक्तानी गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

- समुदायस्तरमा काम लाग्ने गरी प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण हुनेछ।
- नयाँ प्रविधिको उपयोग गर्ने अवसर तथा हाल मौजुदा चुनौती तथा समस्या समाधान गर्न सम्बन्धीत निकायको ध्यानाकर्षण भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागमा रहेको जनशक्तिको ज्ञान तथा सीपको अधिकतम उपयोग गरी सेवा प्रदायक मार्फत यस कार्यक्रम संचालन गरिनेछ।

**अनुगमन योजना**

- प्रकाशन वा वितरण भएका सामग्रीहरु ।

## ५.२१. Borrow pit and Simlang demonstration plot को व्यवस्थापन

**पृष्ठभूमि**

संघिय जलाधार व्यबस्थापन श्रोत केन्द्र, कुलेखानी अन्तर्गत भू क्षय मापन तथा SALT demonstration गर्नका लागि रहेका विभिन्न प्लट बर्षातका कारण तथा अपर्याप्त मर्मत सम्भारले गर्दा क्षति भएकोले सो प्लटहरुको पुनः निर्माण गरि मापन गर्न सकिने अवस्थामा सुचारु गर्न र आवश्यक भएमा नयाँ प्लटको स्थापना गर्नका लागि यस कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।

**उद्देश्य**

भू क्षय मापन तथा SALT demonstration प्लटहरु निर्माण तथा मर्मत सुधार भई सुचारु गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

- यस कार्य कार्यान्वयनका लागि कार्यालयका प्राविधिक कर्मचारीहरुबाट उपयुक्त स्थान छनौट गरिनेछ।
- फिल्ड निरीक्षण तथा अनुगमन पश्चात अवधारणा पत्र र सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ।
- कार्यालयको जनशक्ति वा परामर्श सेवा खरिद मार्फत भू-क्षय मापन प्लट तथा SALT demonstration प्लट स्थापना/मर्मत सुधार गरिनेछ।
- यस कार्य अन्तर्गत आवश्यक यन्त्र, उपकरण र औजार खरीद, भू-क्षय मापन प्लट स्थापना, नमूना सङ्कलन, मापन र अभिलेख व्यवस्थापन, स्थानीयस्तरमा जनशक्ति व्यवस्थापन, प्लट सञ्चालन तथा मर्मत सुधार, अनुभव आदान प्रदान, अध्ययन अवलोकन, होर्डिङ्गबोर्ड निर्माण, वृक्षारोपण तथा सरसफाई लगायत अन्य सम्बन्धीत क्रियाकलापहरु गर्न सकिनेछ।
- कार्यको प्रकृति हेरी प्रचलित कानुन वमोजिम विभिन्न समयमा रकम भुक्तानी गर्न सकिनेछ।
- यस कार्यक्रम अन्तर्गत Borrow Pit तथा कार्यालय हाता भित्र रहेका demonstration प्लटहरु पुनः निर्माण गर्ने सकिनेछ।

**अपेक्षित उपलब्धि**

विभिन्न सरोकारवालाहरु माझ अध्ययन अध्यापन तथा रिसर्च प्रयोजन गर्न प्रभावकारी हुनेछ।

**अनुगमन योजना**

- नमूना संकलन, नियमित मापन, जनशक्ति व्यवस्थापन

- अभिलेख व्यवस्थापन
- प्रतिवेदन तयारी
- प्लटको व्यवस्थापन र मापन कार्यको निरन्तरता

## ५.२२. क्रियाकलाप पार्श्वचित्र तयारी

**पृष्ठभूमि**

हरेक वर्ष कार्यालयद्धारा सम्पन्न गरिएका वार्षिक स्वीकृत क्रियाकलापहरुको एकमुष्ठ रुपमा प्रगति सहितको विस्तृत विवरणहरुको संगालो प्रकाशन गरिनेछ।

**उद्देश्य**

सम्पादित सम्पूर्ण क्रियाकलापहरुको विस्तृत बिवरण संकलन गरी बार्षिक रुपमा अभिलेख तयारी गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- यस क्रियाकलाप कार्यान्वयनका लागि कार्यालयको मौजुदा कर्मचारीहरु मार्फत स्वीकृत वार्षिक क्रियाकलापहरुको एकमुष्ठ रुपमा प्रगति सहितको विस्तृत विवरणहरुको संगालो तयार गरिनेछ।
- कार्यक्रम सञ्चालनार्थ स्वीकृत नर्मस अनुसार लागत अनुमान तयार गरी कार्यालय प्रमुख/महाशाखा प्रमुखबाट स्वीकृत गरिनेछ।
- कार्यालयका मौजुदा जनशक्तिबाट तथ्याङ्क संकलन, विश्लेषण कार्य गरिनेछ र कर्मचारीहरुको सहजिकरणमा सेवा प्रदायक मार्फत पार्श्वचित्र प्रकाशनका लागि सम्झौता गरिनेछ।
- कार्यालयमा प्रकाशित पार्श्वचित्रको स्टोर दाखिला गर्नुपर्नेछ।
- प्रकाशित प्रतिवेदन, सेवा प्रदायकको आधिकारिक बिलको आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ।

**अपेक्षित उपलब्धि**

वार्षिक रुपमा सम्पन्न सम्पूर्ण क्रियाकलापहरुको अद्यावधिक अभिलेख तयार भई जलाधार सूचना प्रणालीको विकासमा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु, आवश्यक्ता अनुसार सेवा प्रदायक मार्फत कार्यान्वयन गर्न सकिनेछ।

**अनुगमन योजना**

- प्रकाशित पार्श्वचित्र।

## ५.२३. फेवा जलाधार व्यवस्थापन कार्यक्रम

**पृष्ठभूमि**

राष्ट्रिय एवं अन्तर्राष्ट्रिय महत्व बोकेको पोखराको फेवातालको दिगो संरक्षण एवं विकासको लागि फेवाताल संरक्षित जलाधार क्षेत्र घोषणा भैसकेकोले संरक्षित फेवा जलाधार क्षेत्रको दिगो व्यवस्थापनका लागि क्रियाकलापहरु कार्यान्वयन गरिन्छ।

**उद्देश्य**

संरक्षित फेवा जलाधार क्षेत्रको दिगो संरक्षण एवं विकासको लागि सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य मार्फत योजना कार्यान्वयन गर्ने।

कार्यान्वयन प्रक्रिया

- यस कार्यक्रम कार्यान्वयनका लागि अवधारणा पत्र र स्वीकृत नर्मस अनुसार लागत अनुमान तयार गरी कार्यालय प्रमुख/महाशाखा प्रमुखबाट स्वीकृत गरिनेछ।
- कार्यालयका मौजुदा जनशक्तिबाट कार्य सञ्चालन वा कर्मचारीहरुको सहजीकरणमा सेवा प्रदायक मार्फत कार्यक्रम संचालन गरिनेछ।
- जिल्ला भू तथा जलाधार संरक्षण समिति, कास्कीको सचिवालयको व्यवस्थापन तथा नियमित बैठक सञ्चालन, नीतिगत तथा कानुनी प्रावधानको कार्यान्वयन, सरोकारवालाहरुको सहभागितामूलक पहिचानका लागि अन्तरक्रिया, भूमिकाको पहिचान, काम, कर्तव्य र अधिकारको बाँडफाँड, समन्वय, सहयोग तथा सहकार्यको खाका निर्माण, प्रचार प्रसार, सरोकारवालाहरुसंग छलफल, अन्तरक्रिया, गोष्ठी, अध्ययन भ्रमण तथा नविनतम प्रविधिको प्रयोग जस्ता क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।
- प्रतिवेदन सहित आधिकारिक बिल, भर्पाई, कागजातहरुको आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ।

अपेक्षित उपलब्धि

फेवाताल तथा यसको जलाधार क्षेत्रमा सहभागितामुलक एकीकृत भू तथा जलाधार संरक्षण मार्फत फेवातालमा भएको मानवीय तथा प्राकृतिक अतिक्रमण हटाई सुन्दर फेवाताल तथा संरक्षित जलाधारको आधार तयार हुनेछ।

जनशक्ति व्यवस्थापन

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु, आवश्यक्ता अनुसार विषय विज्ञ वा सेवा प्रदायक मार्फत कार्यान्वयन गर्न सकिनेछ।

अनुगमन योजना

- सहभागीहरुको उपस्थिति
- कार्यक्रमको प्रतिवेदन ।

## ५.२४. रामसारमा सुचिकृत सिमसार क्षेत्र/ताल-तलैयामा हुने थिग्रिकरण मापन कार्य

### पृष्ठभूमि

रामसारमा सूचीकृत ताल-तलैयाहरूमा थिग्रिकरणको अवस्थाबारे तथ्यगत जानकारी संकलन गरी संरक्षण तथा व्यवस्थापनका लागि आधार तयार गर्न ताल-तलैयाहरूमा हुने थिग्रिकरणको अवस्था बारे अध्ययन आवश्यक भएकाले यो कार्यक्रम संचालन गर्न लागिएको हो।

### उद्देश्य

- संरक्षण क्षेत्र बाहिरका रामसार सूचीमा सूचीकृत सिमसारको थिग्रिकरण मापन गर्ने,
- ताल क्षेत्रमा हुने थिग्रिकरणका कारण हुने व्यवस्थापकीय चुनौती औंल्याइ दिगो व्यवस्थापनका निमित्त आवश्यक कदम पहिचान गर्ने।

### कार्यान्वयन प्रक्रिया

यस कार्यक्रम कार्यान्वयनका लागि प्रचलित ऐन, नियम, मापदण्ड तथा कार्यविधिको अधिनमा रही सम्भव भएसम्म विभागमा रहेको जनशक्ति तथा स्रोतको उपयोग गर्नुपर्नेछ। तर आवश्यक परेको खण्डमा सार्वजनिक खरिद ऐन-२०६३ अनुसार परामर्श सेवा खरिद समेत गर्न सकिनेछ। सेवा खरिद गर्नुपर्ने अवस्थामा खरिद विधि फरक नपर्ने गरि विभागले जुनसुकै बेलामा हुन सक्ने अनुगमन तथा स्थलगत भ्रमणका लागि बजेट छुट्ट्याउन सकिनेछ। यसरी कार्यसंचालन गर्दा क्रमागत रूपमा निम्न उल्लिखित कार्यहरु गर्नु पर्नेछ।

- थिग्रिकरणको समस्या भएको सिमसार क्षेत्र/ताल तलैया छनौट गरिनेछ।

- कार्यक्रम संचालनका निमित्त कार्यक्षेत्रगत सर्त (ToR) तथा लागत अनुमान तयारी तथा महाशाखा प्रमुख वा महानिर्देशकबाट स्वीकृति गरिनेछ।
- कार्यक्रम संचालनको आवधिमा आवश्यकता अनुसार प्रारम्भिक फिल्ड निरीक्षण तथा अवलोकन समेत गर्न सकिनेछ।
- प्रचलित कानुन अनुसार व्यक्ति वा संस्थामार्फत सेवा परामर्श खरिद गरि यस कार्यक्रम संचालन गरिनेछ ।
- कार्यक्रम संचालन गर्नका निमित्त Ecosounder को प्रयोग गरी ताल-तलैयाको Bathymetric Survey सम्पन्न गरी प्रारम्भिक मस्यौदा प्रतिवेदन तयार तथा छलफल समेत गरिनेछ।
- जनसमुदाय तथा प्रकृतिमा थिग्रिकरणको कारणले गर्दा परेको असर पहिचान गर्न सरोकारवाला निकायहरूसँग अन्तरक्रिया/छलफल गरिनेछ।
- फिल्ड कार्य सम्पन्न गरे पश्चात प्राप्त सूचना तथा तथ्यांक विश्लेषण गरी तयार भएको प्रतिवेदन विभागमा छलफल तथा पृष्ठपोषणका लागि प्रस्तुति गरिनेछ।
- छलफल तथा पृष्ठपोषणबाट प्राप्त सुझावअनुसार अन्तिम प्रतिवेदन प्राप्त भए पश्चात प्रचलित कानुन तथा सम्झौता अनुसार रकम भुक्तानी गरिनेछ।

**अपेक्षित उपलब्धि**

- संरक्षण क्षेत्र बाहिरका रामसार सूचीमा सूचीकृत सिमसारको थिग्रिकरणको अवस्थाबारे पहिचान हुनेछ।
- सिमसार संरक्षण तथा दिगो व्यवस्थापनका लागि सिफारिस सहितको प्रतिवेदन तयारी हुनेछ।

**जनशक्ति व्यवस्थापन**

विभागमा रहेको जनशक्तिको ज्ञान तथा सीपको उचतम उपयोग गरि आवश्यक रहेको अवस्थामा परामर्श सेवा खरिद गरी यस कार्यक्रम संचालन गरिनेछ।

**अनुगमन योजना**

- छलफल तथा प्रस्तुतिका चरणमा लिइएका माइनुटिङ्ग,
- अन्तिम प्रतिवेदन।

# परिच्छेद ६. जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम (ब.उ.शि.नं. ३२९०११०७)

## गण्डकी जलाधार जलवायु उत्थानशील आयोजना (GBCRP)

### परिचय

"नेपालको गण्डकी नदी बेसिन (जलाधार) का जोखिम समुदाय तथा पारिस्थितिकीय प्रणालीको जलवायु समानुकुलनमा सुधार आयोजना" वा 'गण्डकी जलाधार जलवायु उत्थानशील आयोजना (GBCRP)' हरित जलवायु कोष (GCF) को आर्थिक सहयोगमा संचालित नेपाल सरकारको आयोजना हो। सात बर्षसम्म संचालन हुने यस आयोजनाको मुख्य उद्देश्य पारिस्थितिकिय प्रणाली र जीविकोपार्जन उत्थानशीलताका क्रियाकलापहरु मार्फत गण्डकी नदी जलाधार क्षेत्रमा रहेका संकटासन्न समुदायहरूको जलवायु समानुकुलनमा सुधार गर्नु हो। वन तथा वातावरण मन्त्रालय अन्तर्गतको वन तथा भू-संरक्षण विभाग र मातहतका कार्यालयहरु यस आयोजना कार्यान्वयन गर्ने निकाय हुन्। राष्ट्रिय प्रकृति संरक्षण कोष र अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ, नेपालले यस आयोजना कार्यान्वयनका लागी प्राबिधिक सहयोग गर्दछ।

### कार्यक्षेत्र

गण्डकी नदी बृहद जलाधार अन्तर्गत बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका कुल १९ जिल्ला यस आयोजनाको कार्यक्षेत्र हो। यस आयोजना बृहत जलाधार व्यवस्थापन केन्द्र, गण्डकी मार्फत १० जिल्ला (मनाङ, मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा, पाल्पा, अर्घाखाँची र गुल्मी) र संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र, कुलेखानी मार्फत ९ जिल्ला (रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, गोरखा, लमजुङ, तनहुँ, चितवन र नवलपुर) मा संचालन भइरहेको छ।

### समग्र उद्देश्य

जलाधारमा जलवायु उत्थानशील सामुदाय तथा परिस्थितिकिय प्रणालीको लागि दिगो जलाधार ब्यबस्थापनको अवधारणलाई मूलप्रवाहीकरण तथा परिचालन गर्ने लक्ष्य राखेको छ। यस आयोजनाको मुख्य उद्देश्य पारिस्थितिक प्रणाली र जीविकोपार्जन अनुकूलनका क्रियाकलापहरु मार्फत गण्डकी नदी जलाधार क्षेत्रमा रहेका संकटासन्न समुदायहरूको जलवायु समुकुलनमा सुधार गर्ने रहेको छ।

### दायरा

आयोजनाले सामुदायिक उत्थानशीलता, पारिस्थितिकीय प्रणालीको उत्थानशीलता र जलवायु शासन गरी निम्नलिखित तीन मुख्य सम्भागहरु अन्तर्गत आयोजनाका क्रियाकलापहरु संचालन गर्दछ।

सम्भाग १: जलवायु परिवर्तन समानुकुलन मार्फत संकटासन्न समुदायहरुको जीविकोपार्जन दिगो सुधार भएको हुनेछ।

सम्भाग २: पारिस्थितिक प्रणालीको जलवायु समनुकुलनता सुदृढ भएको हुनेछ।

सम्भाग ३: जलवायु शासन तथा संस्थागत संरचनालाई दिगो रुपमा सुदृढ भएको हुनेछ।

### जिम्मेवार निकाय

वन तथा भू-संरक्षण विभाग तथा मातहतका कार्यालयहरु बृहत जलाधार व्यवस्थापन केन्द्र, गण्डकी र संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र, कूलेखानीद्वारा स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गरिनेछ। आइयुसीएन नेपालबाट मुख्यतया प्रकृतिमा आधारित संरक्षण संरचना निर्माण, जलवायु उत्थानशिल कृषि वन स्थापना र हैसियत बिग्रेका वन क्षेत्रमा Enrichment Plantation गर्नको लागि स्थलगत अध्ययन गरि स्थल छनौटको प्रतिवेदन उपलब्ध हुनेछ।

राष्ट्रिय प्रकृति संरक्षण कोषको तर्फबाट मुख्यतया प्रकृतिमा आधारित संरक्षण संरचना निर्माणका लागि बृहत जलाधार व्यवस्थापन केन्द्र, गण्डकी र संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र, कूलेखानीलाई प्राविधिक सहयोग र प्रकृतिमा आधारित संरक्षण संरचना निर्माण, साना सिंचाई कुलो तथा वाटर हार्भेषटिंङ प्रणाली निर्माणको क्रममा उपभोक्ता समितिलाई आवश्यक तालिम प्रदान गर्नेछ।

## ६.१. **वन क्षेत्रमा** Enrichment Plantation

**पृष्ठभूमि**

आयोजनाको कार्यक्षेत्र भित्र हैसियत बिग्रेको वा क्षतिग्रस्त वन क्षेत्रको गुणस्तर सुधार तथा पर्यावरणीय सन्तुलन कायम गर्नका लागि हावापानी सुहाउँदो बोटबिरूवा तथा बीउहरूको खरीद, रोपण तथा हेरचाह गरिनेछ। आइयुसियनले तयार गरेको Site Assessment प्रतिवेदनका साथै डिभिजन वन कार्यालय तथा स्थानीय समुदायको माग अनुसार पहिचान भएका वन क्षेत्रमा Enrichment Plantation कार्य गरिनेछ। यस कार्य अन्तर्गत स्थान विशेषको आवश्यकता अनुसार प्राकृतिक पुनरूत्पादनलाई परिस्थितिकिय सिद्धान्तको आधारमा पुनरस्थापना तथा सहयोगी वृक्षारोपण गर्ने क्रियाकलाप समेत समावेश गरिनेछ।

**उद्देश्य**

हैसियत बिग्रेका वन क्षेत्रमा बोटविरुवा तथा बिउहरूको खरिद/व्यवस्थापन गरी सहयोगी वृक्षारोपण तथा प्राकृतिक पुनरूत्पादनलाई सहयोग गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- स्थलगत भ्रमण, सरोकारवालाहरूसँग अन्तरक्रिया र छलफल
- सर्भे, डिजाइन र लागत अनुमान तयार तथा स्वीकृत, सम्झौता
- कार्यान्वयन र सम्झौता (कार्यान्वयन सम्बन्धित सरोकारवाला उपभोक्ता समूह/निकाय/सेवाप्रदायक आदि मार्फत)
- पूर्व तयारी तथा वृक्षारोपण कार्य
- नियमित अनुगमन, रेखदेख, संरक्षण तथा पुनर्रोपण (Casualty Replacement) को व्यवस्था
- कार्य सम्पन्न प्रतिवेदन
- अन्तिम मुल्यांकन तथा भुक्तानी
- संचालन तथा मर्मत सम्भार उपभोक्ता तथा स्थानीय निकायबाट

**अपेक्षित उपलब्धि**

हैसियत बिग्रेका वन क्षेत्रको गुणस्तर सुधारमा सहयोग तथा पुनर्स्थापना भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरूको उच्चतम परिचालन गर्दै उपभोक्ता समिति वा सेवा प्रदायकबाट क्रियाकलापहरूको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- प्राविधिक प्रतिवेदन, अन्य आवश्यक वातावरणीय तथा सामाजिक प्रतिवेदन
- प्रजाति अनुसारको बिरूवाको सङ्ख्या
- वृक्षारोपण गरिएका क्षेत्रफल
- वन क्षेत्रमा Enrichment Plantation कार्य सम्पादन गरेका तस्वीरहरू

- फिल्ड भ्रमण तथा अनुगमन प्रतिवेदन
- गठन भएको उपभोक्ता समिति/सेवाप्रदायक संगको सम्झौता पत्र।

## ६.२. वाटर हारभेस्टिङ प्रणालीको संरचना निर्माण

### पृष्ठभूमि

पानीको उपलब्धता घट्दै गईरहेको क्षेत्रहरुमा वाटर हारभेस्टिङ संरचना अन्तर्गत सिँचाई पोखरी, रिचार्ज ट्यांकी, पानीको बहुउपयोग प्रणाली (Multiple Use System -MUS), आदि संरचना निर्माण गर्न सकिनेछ। स्थानीय समुदायको आवश्यकता तथा मागको आधारमा तयार गरिएको अध्ययन प्रतिबेदन अनुसार स्थान पहिचान गरि निर्माण कार्य उपभोक्ता मार्फत गरिनेछ।

### उद्देश्य

जलवायुजन्य विपदको जोखिममा परेका समुदायमा पानीको उपलब्धता बढाउने।

### कार्यान्वयन प्रक्रिया

- स्थानीय समुदायसंग छलफल तथा अन्तरक्रिया
- सर्भे डिजाइन, ड्रइङ्ग, लागत अनुमान तयार तथा स्वीकृत, सम्झौता
- समूह/समिति गठन वा विधामन समूह/ समिति चयन
- कार्यान्वयन सम्झौता (कार्यान्वयन सम्बन्धीत सरोकारवाला उपभोक्ता समूह/निकाय/सेवाप्रदायक आदि मार्फत)
- कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदायक बाट)
- नियमित अनुगमन
- संचालन तथा मर्मत सम्भार सम्बन्धी व्यवस्थाको सुनिश्चितता
- अन्तिम मुल्यांकन तथा भुक्तानी (उपभोक्ता समूह/ सेवाप्रदायकको खातामा भुक्तानी)

### अपेक्षित उपलब्धि

वाटर हारभेस्टिङ प्रणालीको संरचना निर्माण भइ पानीको उपलब्धतामा वृद्धि भएको हुनेछ ।

### जनशक्ति व्यवस्थापन

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरूको उच्चतम परिचालन गर्दै उपभोक्ता समिति वा सेवा प्रदायकबाट क्रियाकलापहरूको कार्यान्वयन गरिनेछ।

### अनुगमन योजना

- प्राविधिक प्रतिवेदन, अन्य आवश्यक वातावरणीय तथा सामाजिक प्रतिवेदन
- फिल्ड भ्रमण तथा अनुगमन प्रतिवेदन
- निर्माण भएको वाटर हारभेस्टिङ प्रणालीको संरचनाको तस्वीरहरु
- गठन भएको उपभोक्ता समिति/सेवाप्रदायक संगको सम्झौता पत्र ।

## ६.३. डाईभर्सन च्यानल निर्माण

### पृष्ठभूमि

जलवायु परिवर्तनबाट सिर्जना भएका तथा हुन सक्ने विपद तथा जोखिमहरु जस्तै पहिरो, बाढी, भु-क्षय आदिले असर गरेका तथा गर्न सक्ने कृषि भुमिहरुको संरक्षण तथा सम्बर्धनको लागि डाईभर्सन च्यानल निर्माण गरिने छ । यस

कार्यको लागि वन तथा वातावरण मन्त्रालयले गरेको संकटासन्नता अध्ययनको आधारमा रही आइयुसीएनले तयार गरेको साईट पहिचानको रिपोर्ट अनुसार छनोट भएका स्थानहरुमा डाईभर्सन च्यानल निर्माण गरिनेछ।

**उद्देश्य**

भूमिको संरक्षण तथा बाढी पहिरोबाट हुनसक्ने संभावित जोखिम रोक्ने साथै क्षतिग्रस्त भूमिको संरक्षण तथा व्यवस्थापन गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

- स्थानीय समुदायसंग छलफल तथा अन्तरक्रिया
- सर्भे डिजाइन, ड्रइङ्ग, लागत अनुमान तयार तथा स्वीकृत, सम्झौता
- समूह/समिति गठन वा विधामन समूह/ समिति चयन
- कार्यान्वयन सम्झौता (कार्यान्वयन सम्बन्धीत सरोकारवाला उपभोक्ता समूह/निकाय/सेवाप्रदायक आदि मार्फत)
- कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदयाक बाट)
- नियमित अनुगमन
- संचालन तथा मर्मत सम्भार सम्बन्धी व्यवस्थाको सुनिश्चितता
- अन्तिम मुल्यांकन तथा भुक्तानी (उपभोक्ता समूह/ सेवाप्रदायकको खातामा भुक्तानी)

**अपेक्षित उपलब्धि**

डाईभर्सन च्यानल निर्माण भइ बढी पहिरोको जोखिम न्यूनीकरण भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरूको उच्चतम परिचालन गर्दै उपभोक्ता समिति वा सेवा प्रदायकबाट क्रियाकलापहरूको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- प्राविधिक प्रतिवेदन, अन्य आवश्यक वातावरणीय तथा सामाजिक प्रतिवेदन
- फिल्ड भ्रमण तथा अनुगमन प्रतिवेदन
- निर्माण भएको डाईभर्सन च्यानलको तस्बिरहरु
- गठन भएको उपभोक्ता समिति/सेवाप्रदायक संगको सम्झौता पत्र ।

## ६.४. प्रकृतिमा आधारित संरक्षण संरचना निर्माण (बन्ड)

**पृष्ठभूमि**

जलवायु परिवर्तनबाट सिर्जना भएका तथा हुन सक्ने विपद तथा जोखिमहरु जस्तै पहिरो, बाढी, भु-क्षय आदिले असर गरेका तथा गर्न सक्ने कृषि भुमिहरुको संरक्षण तथा सम्वर्धनको लागि बन्ड निर्माण गरिनेछ । यस कार्यको लागि वन तथा वातावरण मन्त्रालयले गरेको संकटासन्नता अध्ययनको आधारमा रही आइयुसीएनले तयार गरेको साईट पहिचानको रिपोर्ट अनुसार छनोट भएको गल्छी, पहिरो, खोल्साखोल्सी, नदीनाला तथा अन्य स्थानहरुमा बन्ड निर्माण कार्य गरिनेछ।

**उद्देश्य**

भूमिको संरक्षण तथा बाढी पहिरोबाट हुनसक्ने संभावित जोखिम रोक्ने साथै क्षतिग्रस्त भूमिको संरक्षण तथा व्यवस्थान गरि पुनरुत्थान गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

- स्थानीय समुदायसंग छलफल तथा अन्तरक्रिया

- सर्भे डिजाइन, ड्रइङ्ग, लागत अनुमान तयार तथा स्वीकृत, सम्झौता
- समूह/समिति गठन वा विधामन समूह/ समिति चयन
- कार्यान्वयन सम्झौता (कार्यान्वयन सम्बन्धीत सरोकारवाला उपभोक्ता समूह/निकाय/सेवाप्रदायक आदि मार्फत)
- कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदायक बाट)
- नियमित अनुगमन
- संचालन तथा मर्मत सम्भार सम्बन्धी व्यवस्थाको सुनिश्चितता
- अन्तिम मुल्यांकन तथा भुक्तानी (उपभोक्ता समूह/ सेवाप्रदायकको खातामा भुक्तानी)

**अपेक्षित उपलब्धि**

प्रकृतिमा आधारित संरक्षण संरचना (बन्ड) निर्माण भइ बढी पहिरोको जोखिम न्यूनीकरण भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरूको उच्चतम परिचालन गर्दै उपभोक्ता समिति वा सेवा प्रदायकबाट क्रियाकलापहरूको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- प्राविधिक प्रतिवेदन, अन्य आवश्यक वातावरणीय तथा सामाजिक प्रतिवेदन
- निर्माण भएको बन्डको तस्बिरहरु
- फिल्ड भ्रमण तथा अनुगमन प्रतिवेदन
- गठन भएको उपभोक्ता समिति/सेवाप्रदायक संगको सम्झौता पत्र।

## ६.५. साना सिंचाई कुलो संरक्षण/निर्माण

**पृष्ठभूमि**

पानीको उपलब्धता घट्दै गैरहेको क्षेत्रहरुमा गुरुत्व प्रवाह मार्फत खोला तथखोल्सीमा बग्ने पानीलाई उपयोग गरि सिंचाई कुलोको निर्माण मर्मत सम्भार तथा संरक्षण गर्न प्रस्ताव गरिएको छ । स्थानीय समुदायको आवश्यकता तथा मागको आधारमा तयार गरिएको अध्ययन प्रतिबेदन अनुसार स्थान पहिचान गरि निर्माण कार्य उपभोक्ता समिति मार्फत गरिनेछ।

**उद्देश्य**

सिंचाईको लागि पानीको सहज उपलाब्धता सुनिश्चित गर्दै बालीको घनत्व बढाई जलवायुजन्य जोखिममा परेका समुदायमा कृषि उत्पादनमा बृद्धि बढाउने।

**कार्यान्वयन प्रक्रिया**

- स्थानीय समुदायसंग छलफल तथा अन्तरक्रिया
- सर्भे, डिजाइन, ड्रइङ्ग, लागत अनुमान तयार तथा स्वीकृत, सम्झौता
- समूह/समिति गठन वा विद्यमान समूह/समिति चयन
- कार्यान्वयन सम्झौता (कार्यान्वयन सम्बन्धीत सरोकारवाला उपभोक्ता समूह/निकाय/सेवाप्रदायक आदि मार्फत)
- कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदयाक बाट)
- नियमित अनुगमन
- संचालन तथा मर्मत सम्भार सम्बन्धी व्यवस्थाको सुनिश्चितता

- अन्तिम मुल्यांकन तथा भुक्तानी (उपभोक्ता समूह/ सेवाप्रदायकको खातामा भुक्तानी)

**अपेक्षित उपलब्धि**

साना सिंचाई कुलो संरक्षण/निर्माण भइ कृषि उत्पादन वृद्धि हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरूको उच्चतम परिचालन गर्दै उपभोक्ता समिति वा सेवा प्रदायकबाट क्रियाकलापहरूको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- प्राविधिक प्रतिवेदन, अन्य आवश्यक वातावरणीय तथा सामाजिक प्रतिवेदन
- निर्माण भएको सिंचाई कुलोको तस्बिरहरु
- फिल्ड भ्रमण तथा अनुगमन प्रतिवेदन
- गठन भएको उपभोक्ता समिति/सेवाप्रदायक संगको सम्झौता पत्र।

## ६.६. प्रकृतिमा आधारित संरक्षण संरचना निर्माण (चेकड्याम)

**पृष्ठभूमि**

जलवायु परिवर्तनबाट सिर्जना भएका तथा हुनसक्ने विपद तथा जोखिमहरु जस्तै पहिरो, बाढी, भु-क्षय आदिले असर गरेका तथा गर्न सक्ने कृषि भुमिहरुको संरक्षण तथा सम्बर्धनको लागि चेकड्याम निर्माण गरिने छ। यस कार्यको लागि वन तथा वातावरण मन्त्रालयले गरेको संकटासन्नता अध्ययनको आधारमा रही आइयुसीएनले तयार गरेको साईट पहिचानको रिपोर्ट अनुसार छनोट भएको गल्छी, पहिरो, खोल्साखोल्सी, नदीनाला तथा अन्य स्थानहरुमा चेकड्याम निर्माण कार्य गरिनेछ।

**उद्देश्य**

भूमिको संरक्षण तथा बाढी पहिरोबाट हुनसक्ने संभावित जोखिम न्यूनीकरण, क्षतिग्रस्त भूमिको संरक्षण तथा व्यवस्थान गरि पुनरुत्थान गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- स्थानीय समुदायसंग छलफल तथा अन्तरक्रिया
- सर्भे डिजाइन, ड्इङ्ग, लागत अनुमान तयार तथा स्वीकृत, सम्झौता
- समूह/समिति गठन वा विधामन समूह/समिति चयन
- कार्यान्वयन सम्झौता (कार्यान्वयन सम्बन्धीत सरोकारवाला उपभोक्ता समूह/निकाय/सेवाप्रदायक आदि मार्फत)
- कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदायकबाट)
- नियमित अनुगमन
- संचालन तथा मर्मत सम्भार सम्बन्धी व्यवस्थाको सुनिश्चितता
- अन्तिम मुल्यांकन तथा भुक्तानी (उपभोक्ता समूह/ सेवाप्रदायकको खातामा भुक्तानी)

**अपेक्षित उपलब्धि**

प्रकृतिमा आधारित संरक्षण संरचना (चेकड्याम) निर्माण भइ बढी पहिरोको जोखिम न्यूनीकरण हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरूको उच्चतम परिचालन गर्दै उपभोक्ता समिति वा सेवा प्रदायकबाट क्रियाकलापहरूको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- प्राविधिक प्रतिवेदन, अन्य आवश्यक वातावरणीय तथा सामाजिक प्रतिवेदन
- निर्माण भएको चेकड्यामको फोटो
- फिल्ड भ्रमण तथा अनुगमन प्रतिवेदन
- गठन भएको उपभोक्ता समिति/सेवाप्रदायक संगको सम्झौता पत्र।

## ६.७. नर्सरी शेड निर्माण

**पृष्ठभूमि**

जलवायु उत्थानशील कृषिवन कार्यक्रमका लागि आवश्यक पर्ने विरुवा वितरण/रोपण गर्नु पुर्व सुरक्षित राख्नका लागि नर्सरी शेड निर्माण गरिनेछ। आईयूसीएन नेपालले जलवायु उत्थानशिल कृषिवन कार्यक्रमका लागि स्थान पहिचान गरी दिएपश्चात कार्यान्वयनको गरिनेछ।

**उद्देश्य**

विरुवा वितरण/रोपण गर्नु पुर्व सुरक्षित राख्नका लागि।

**कार्यान्वयन प्रक्रिया**

- स्थानीय समुदाय/सरकारी निकायहरुसंग छलफल तथा अन्तरक्रिया
- स्थान छनौट
- लागत अनुमान तयारी
- कार्यान्वयन सम्झौता/कार्यादेश
- शेड निर्माण
- नियमित अनुगमन
- संचालन तथा मर्मत सम्भार सम्बन्धी व्यवस्थाको सुनिश्चितता
- अन्तिम मुल्यांकन तथा भुक्तानी

**अपेक्षित उपलब्धि**

नर्सरी शेड निर्माण भइ बृक्षारोपणका लागि गुणस्तरीय विरुवाको उपलब्धता हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरूको उच्चतम परिचालन गर्दै उपभोक्ता समिति वा सेवा प्रदायकबाट क्रियाकलापहरूको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- प्राविधिक प्रतिवेदन
- नर्सरी शेड निर्माणको तर्बिरहरु
- फिल्ड भ्रमण तथा अनुगमन प्रतिवेदन।

## ६.८. Ecosystem Resilience का लागि चेकड्याम निर्माण

**पृष्ठभूमि**

जलवायु परिवर्तनबाट सिर्जना भएका तथा हुनसक्ने विपद तथा जोखिमहरू जस्तैः पहिरो, बाढी, भू-क्षय आदिले असर गरेका तथा गर्न सक्ने पारिस्थितिकिय प्रणालीको संरक्षण, सम्बर्धन तथा उत्थानशीलताको लागि चेकड्याम निर्माण

गरिनेछ। आइयुसियनले तयार गरेका साईट पहिचानको प्रतिवेदन उपलब्ध गराएपछि छनौट भएको गल्छि, पहिरो, खोल्साखोल्सी, नदीनाला तथा अन्य स्थानहरूमा पारिस्थितिकिय प्रणालीलाई स्वस्थ राख्न चेकड्याम निर्माण कार्य गरिनेछ।

**उद्देश्य**

पारिस्थितिकिय प्रणालीलाई स्वस्थ तथा उत्थानशील बनाउने।

**कार्यान्वयन प्रक्रिया**

- स्थलगत भ्रमण, सरोकारवालाहरूसँग अन्तरक्रिया र छलफल
- सर्भे, डिजाइन, ड्रइङ र लागत अनुमान तयार तथा स्वीकृत, सम्झौता
- समूह/समिति चयन/समिति गठन वा विद्यमान समूह
- कार्यान्वयन र सम्झौता (कार्यान्वयन सम्बन्धीत सरोकारवाला उपभोक्ता समूह/निकाय/सेवाप्रदायक आदि मार्फत)
- जैविक र भौतिक संरचना निर्माण
- अनुगमन
- कार्य सम्पन्न प्रतिवेदन
- सञ्चालन तथा मर्मत सम्भार उपभोक्ताबाट
- अन्तिम मुल्यांकन तथा भुक्तानी (उपभोक्ता समूह/ सेवाप्रदायकको खातामा भुक्तानी) ।

**अपेक्षित उपलब्धि**

चेकड्याम निर्माण भइ जलाधार क्षेत्रमा पारिस्थितिकीय प्रणालीका उत्थानशिलता वृद्धि हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरूको उच्चतम परिचालन गर्दै उपभोक्ता समिति वा सेवा प्रदायकबाट क्रियाकलापहरूको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- प्राविधिक प्रतिवेदन, अन्य आवश्यक वातावरणीय तथा सामाजिक प्रतिवेदन
- निर्माण भएको चेकड्यामको फोटो
- फिल्ड भ्रमण तथा अनुगमन प्रतिवेदन
- गठन भएको उपभोक्ता समिति/सेवाप्रदायक संगको सम्झौता पत्र।

## ६.९. जलवायु उत्थानशील कृषि वन कार्यक्रम

**पृष्ठभूमि**

आयोजना स्थलका कृषकहरूको खाली, बाँझो, पर्ती कृषि भूमिमा विभिन्न प्रजातिका रूखबिरुवा लगाई सिमित जग्गाबाट अधिकतम लाभ लिनुका साथै कृषि पारिस्थितिकिय प्रणालीमा सुधार ल्याई अन्य वन क्षेत्रमा किसानहरूको निर्भरतालाई समेत घटाउनका लागि जलवायु उत्थानशिल कृषिवन कार्यक्रम कार्यान्वयन गरिनेछ। आइयुसियन नेपालले जलवायु उत्थानसिल कृषिवन कार्यक्रमका लागि उपलब्ध गराएको स्थान पहिचानको प्रतिवेदन अनुसार कार्यान्वयन गरिनेछ।

**उद्देश्य**

खाली, बाँझो, पर्ती कृषि भूमिलाई प्रयोगमा ल्याई अन्य वन क्षेत्रमा किसानहरुको निर्भरतालाई घटाउने, सिमित कृषि जग्गाबाट अधिकतम लाभ लिने र कृषि परिस्थितिकिया प्रणालीमा सुधार ल्याउने।

**कार्यान्वयन प्रक्रिया**

- स्थलगत भ्रमण, सरोकारवालाहरूसँग अन्तरक्रिया र छलफल

- सर्भे र लागत अनुमान तयार तथा स्वीकृत, सम्झौता
- कार्यान्वयन र सम्झौता (कार्यान्वयन सम्बन्धीत सरोकारवाला उपभोक्ता समूह/निकाय/सेवाप्रदायक आदि मार्फत)
- कृषि वन प्रवर्द्धका लागि पूर्व तयारी तथा वृक्षारोपण कार्य
- कार्य सम्पन्न प्रतिवेदन
- संचालन तथा मर्मत सम्भार उपभोक्ता तथा स्थानीय निकाय बाट
- अन्तिम मुल्यांकन तथा भुक्तानी (उपभोक्ता समूह/ सेवाप्रदायकको खातामा भुक्तानी)

**अपेक्षित उपलब्धि**

कृषिवन कार्यक्रम मार्फत स्थानीय जनताको जिवीकोपार्जन सुधारमा टेवा पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरूको उच्चतम परिचालन गर्दै उपभोक्ता समिति वा सेवा प्रदायकबाट क्रियाकलापहरूको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- प्राविधिक प्रतिवेदन, अन्य आवश्यक वातावरणीय तथा सामाजिक प्रतिवेदन
- प्रजाति अनुसाको बिरूवाको सङ्ख्या
- वृक्षरोपण गरिएका क्षेत्रफल
- जलवायु उत्थानशिल कृषिवन कार्यक्रमको तर्बिरहरु
- फिल्ड भ्रमण तथा अनुगमन प्रतिवेदन।

## ६.१०. ग्रामिण सडकमा भू-संरक्षण कार्य

**पृष्ठभूमि**

जलवायु परिवर्तनबाट सिर्जना भएका तथा हुन सक्ने विपद तथा जोखिमहरु जस्तै पहिरो, बाढी, भू-क्षय आदिले असर गरेका तथा गर्न सक्ने ग्रामिण सडकहरुमा आवश्यकता अनुसार भू-संरक्षण कार्य गरिने छ। यस कार्यको लागि वन तथा वातावरण मन्त्रालयले गरेको संकटासन्नता अध्ययनको आधारमा रही आइयुसीएनले तयार गरेको साईट पहिचानको रिपोर्ट अनुसार छनोट भएको ग्रामिण सडकमा भू-संरक्षण कार्य गरिनेछ।

**उद्देश्य**

ग्रामिण सडकमा भू-संरक्षण कार्य गरी भू-क्षय न्यूनीकरण गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- स्थानीय समुदायसंग छलफल तथा अन्तरक्रिया
- सर्भे डिजाइन, ड्रइङ्ग, लागत अनुमान तयार तथा स्वीकृत, सम्झौता
- समूह/समिति गठन वा विधामन समूह/ समिति चयन
- कार्यान्वयन सम्झौता (कार्यान्वयन सम्बन्धीत सरोकारवाला उपभोक्ता समूह/निकाय/सेवाप्रदायक आदि मार्फत)
- कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदयाक बाट)
- नियमित अनुगमन
- संचालन तथा मर्मत सम्भार सम्बन्धी व्यवस्थाको सुनिश्चितता
- अन्तिम मुल्यांकन तथा भुक्तानी (उपभोक्ता समूह/ सेवाप्रदायकको खातामा भुक्तानी)

**अपेक्षित उपलब्धि**

ग्रामिण सडकमा भू-संरक्षण कार्य कार्यान्वयन भइ सडक पाखो क्षेत्रबाट हुने भू-क्षयमा कमि आउनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरूको उच्चतम परिचालन गर्दै उपभोक्ता समिति वा सेवा प्रदायकबाट क्रियाकलापहरूको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- प्राविधिक प्रतिवेदन, अन्य आवश्यक वातावरणीय तथा सामाजिक प्रतिवेदन
- भु-संरक्षण कार्यको तस्बिरहरु
- फिल्ड भ्रमण तथा अनुगमन प्रतिवेदन

## ६.११. पहिरो रोकथाम

**पृष्ठभूमि**

जलवायु परिवर्तनबाट सिर्जना भएका तथा हुन सक्ने पहिरोले असर गरेका तथा गर्न सक्ने पारिस्थितिकीय प्रणालीको संरक्षण तथा सम्बर्धनको लागि पहिरो रोकथाम कार्य प्रस्ताव गरिएको छ। स्थानीय पर्यावरणीय संवेदनशीलता तथा प्राविधिक दृष्टिकोणले उपयुक्त स्थान पहिचान गरी समुदाय, व्यक्ति वा अध्ययन प्रतिबेदन अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य गरिनेछ।

**उद्देश्य**

पारिस्थितिकिय प्रणालीको संरक्षण तथा सम्बर्धनको लागि पहिरो रोकथाम गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- स्थानीय समुदायसंग छलफल तथा अन्तरक्रिया
- सर्भे डिजाइन, ड्रइङ्ग, लागत अनुमान तयार तथा स्वीकृत, सम्झौता
- समूह/समिति गठन वा विद्यमान समूह/ समिति चयन
- कार्यान्वयन सम्झौता (कार्यान्वयन सम्बन्धीत सरोकारवाला उपभोक्ता समूह/निकाय/सेवाप्रदायक आदि मार्फत)
- कार्यान्वयन (उपभोक्ता समूह/सेवा प्रदायकबाट)
- नियमित अनुगमन
- संचालन तथा मर्मत सम्भार सम्बन्धी व्यवस्थाको सुनिश्चितता
- अन्तिम मूल्यांकन तथा भुक्तानी (उपभोक्ता समूह/ सेवाप्रदायकको खातामा भुक्तानी)

**अपेक्षित उपलब्धिः**

पहिरो रोकथाम भइ पारिस्थितिकिया प्रणालीको संरक्षण भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरूको उच्चतम परिचालन गर्दै उपभोक्ता समिति वा सेवा प्रदायकबाट क्रियाकलापहरूको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- प्राविधिक प्रतिवेदन, अन्य आवश्यक वातावरणीय तथा सामाजिक प्रतिवेदन
- पहिरो नियन्त्रण कार्यक्रमको तस्बिरहरु
- फिल्ड भ्रमण तथा अनुगमन प्रतिवेदन ।

## ६.१२. गल्छी नियन्त्रण

### पृष्ठभूमि

जलवायु परिवर्तनबाट सिर्जना भएका तथा हुन सक्ने विपद तथा जोखिमहरु जस्तैः पहिरो, बाढी, भु-क्षय आदिले असर गरेका तथा गर्न सक्ने परिस्थितिकिय प्रणालीको संरक्षण तथा सम्बर्धन र गल्छी नियन्त्रणका लागि चेकड्याम निर्माण गरिने छ । यस कार्यको लागि वन तथा वातावरण मन्त्रालयले गरेको संकटासन्नता अध्ययनको आधारमा रही आइयुसीएनले तयार गरेको साईट पहिचानको रिपोर्ट अनुसार छनोट भएको स्थानहरुमा निर्माण कार्य गर्ने/गराउने।

### उद्देश्य

भूमिको संरक्षण तथा बाढी पहिरोबाट हुनसक्ने संभावित जोखिम रोक्ने साथै क्षतिग्रस्त भूमिको संरक्षण तथा व्यवस्थान गरि पुनरुत्थान गर्ने।

### कार्यान्वयन प्रक्रिया

- स्थानीय समुदायसंग छलफल तथा अन्तरक्रिया
- सर्भे, डिजाइन, ड्रइङ्ग, लागत अनुमान तयार तथा स्वीकृत, सम्झौता
- समूह/समिति गठन वा विधामन समूह/समिति चयन
- कार्यान्वयन सम्झौता (कार्यान्वयन सम्बन्धित सरोकारवाला उपभोक्ता समूह/निकाय/सेवाप्रदायक आदि मार्फत)
- कार्यान्वयन (उपभोक्ता समूह/सेवा प्रदायकबाट)
- नियमित अनुगमन
- संचालन तथा मर्मत सम्भार सम्बन्धी व्यवस्थाको सुनिश्चितता
- अन्तिम मुल्यांकन तथा भुक्तानी (उपभोक्ता समूह/ सेवाप्रदायकको खातामा भुक्तानी)

### अपेक्षित उपलब्धि

गल्छी नियन्त्रण भइ परिस्थितिकिय प्रणालीको संरक्षण भएको हुनेछ।

### जनशक्ति व्यवस्थापन

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरूको उच्चतम परिचालन गर्दै उपभोक्ता समिति वा सेवा प्रदायकबाट क्रियाकलापहरूको कार्यान्वयन गरिनेछ।

### अनुगमन योजना

- प्राविधिक प्रतिवेदन, अन्य आवश्यक वातावरणीय तथा सामाजिक प्रतिवेदन
- गल्छी नियन्त्रण कार्यक्रमको फोटो
- फिल्ड भ्रमण तथा अनुगमन प्रतिवेदन।

## ६.१३. भलपानी तर्काउन डाईभर्सन च्यानल निर्माण

### पृष्ठभूमि

जलवायु परिवर्तनबाट सिर्जना भएका तथा हुन सक्ने विपद तथा जोखिमहरु जस्तै पहिरो, बाढी, भू-क्षय आदिले असर गरेका तथा गर्न सक्ने परिस्थितिकिय प्रणालीको संरक्षण तथा सम्बर्धनको लागि भलपानी तर्काउन डाईभर्सन च्यानल निर्माण गरिने छ । यस कार्यको लागि वन तथा वातावरण मन्त्रालयले गरेको संकटासन्नता अध्ययनको आधारमा रही आइयुसीएनले तयार गरेको साईट पहिचानको रिपोर्ट अनुसार छनोट भएका स्थानहरुमा भलपानी तर्काउन डाईभर्सन च्यानल निर्माण कार्य गरिनेछ।

### उद्देश्य

भूमिको संरक्षण तथा बाढी पहिरोबाट हुनसक्ने संभावित जोखिम रोक्ने तथा क्षतिग्रस्त भूमिको संरक्षण तथा व्यवस्थान गरि पुनरुत्थान गर्ने।

### कार्यान्वयन प्रक्रिया

- स्थानीय समुदायसंग छलफल तथा अन्तरक्रिया
- सर्भे डिजाइन, ड्र्इङ्ग, लागत अनुमान तयार तथा स्वीकृत, सम्झौता
- समूह/समिति गठन वा विधामन समूह/समिति चयन
- कार्यान्वयन सम्झौता (कार्यान्वयन सम्बन्धीत सरोकारवाला उपभोक्ता समूह/निकाय/सेवाप्रदायक आदि मार्फत)
- कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदयाक बाट)
- नियमित अनुगमन
- संचालन तथा मर्मत सम्भार सम्बन्धी व्यवस्थाको सुनिश्चितता
- अन्तिम मुल्यांकन तथा भुक्तानी (उपभोक्ता समूह/ सेवाप्रदायकको खातामा भुक्तानी)

### अपेक्षित उपलब्धि

भलपानी तर्काउन डाईभर्सन च्यानल निर्माण भएको हुनेछ।

### जनशक्ति व्यवस्थापन

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरूको उच्चतम परिचालन गर्दै उपभोक्ता समिति वा सेवा प्रदायकबाट क्रियाकलापहरूको कार्यान्वयन गरिनेछ।

### अनुगमन योजना

- प्राविधिक प्रतिवेदन, अन्य आवश्यक वातावरणीय तथा सामाजिक प्रतिवेदन
- फिल्ड भ्रमण तथा अनुगमन प्रतिवेदन
- निर्माण भएको भलपानी तर्काउन डाईभर्सन च्यानल फोटो।

## ६.१४. वाटर होल्स निर्माण

### पृष्ठभूमि

जलवायु परिवर्तनका कारण तापक्रम वृद्धि र खडेरीको प्रभावले चरण तथा खर्क क्षेत्रका आहाल पोखरीहरू सुक्दै गएकाले घरपालुवा पशु तथा वन्यजन्तुहरूको पानी आपूर्तिमा समस्या उत्पन्न भएको छ। यस समस्या समाधानका लागि वर्षाको पानी सतहमा बग्न नदिई आहालमा संकलन गर्ने वाटर होल्स निर्माण गरिनेछ। यस अन्तर्गत मानिस वा मेसिन प्रयोग गरी खन्ने, वर्षा वा अन्य स्रोतबाट पानी संकलन गर्ने, आवश्यक परे नजिकका मुहान वा च्यानल (पाइप, कुलो) मार्फत पानी ल्याउने, वरपर वृक्षारोपण गर्ने तथा नजिकका पानी मुहानको संरक्षण गर्ने कार्यहरू गरिनेछ। समुदाय, व्यक्ति वा प्राप्त अध्ययन प्रतिबेदनको आधारमा स्थान पहिचान गरि निर्माण कार्य गरिनेछ।

### उद्देश्य

जलवायु परिवर्तनका कारण संकटमा परेका आहाल, पोखरी तथा वाटर होल्स निर्माण गरी वर्षातको पानी संकलन, भू-क्षय नियन्त्रण, घरपालुवा जनावर र वन्यजन्तुलाई पानी उपलब्ध गराई जैविक विविधता तथा वातावरणीय सन्तुलन संरक्षणमा सहयोग गर्ने।

### कार्यान्वयन प्रक्रिया

- स्थलगत भ्रमण, सरोकारवालाहरु संग अन्तरक्रिया र छलफल

- सर्भे डिजाइन, ड्रइङ्ग, लागत अनुमान तयार तथा स्वीकृत, सम्झौता
- समुह समिति चयन/गठन वा विधमान समूह, सम्झौता
- कार्यान्वयन (सेवा प्रदायक/उपभोक्ता समुह)
- जैविक र भौतिक संरचना निर्माण
- अनुगमन
- कार्य सम्पन्न प्रतिवेदन
- संचालन तथा मर्मत सम्भार उपभोक्ता तथा स्थानीय निकाय बाट
- अन्तिम मूल्यांकन पश्चात भुक्तानी (उपभोक्ता समूह/सेवाप्रदायकको खातामा)

**अपेक्षित उपलब्धि**

वाटर होल्सको निर्माणबाट जल पुनर्भरणमा सहयोग भई स्थानीयलाई पशुपालनमा सहयोग तथा जैविक विविधता संरक्षण हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत रहेका मौजुदा जनशक्तिहरूको उच्चतम परिचालन गर्दै उपभोक्ता समिति वा सेवा प्रदायकबाट क्रियाकलापहरूको कार्यान्वयन गरिनेछ।

**अनुगमन योजना**

- स्थल अवलोकन तथा अनुगमन प्रतिवेदन
- निर्माण अघि/पछिको तस्वीर तथा प्रगति विवरण
- उपभोक्ता समिति संगको सम्झौता दस्तावेज
- प्राविधिक तथा वातावरणीय सामाजिक प्रतिवेदनहरू।

## ६.१५. विज्ञ परामर्श (सिभिल इन्जिनियर, सब इन्जिनियर, वन, वातावरण तथा सामाजिक सुरक्षा आदि)

**पृष्ठभूमि**

गण्डकी जलाधार जलवायु समानुकूलन आयोजनाको कार्य सम्पादनको सिलसिलामा छनौट भएका कार्यक्रमहरुको संभाव्यता अध्ययन, समुह गठन, सर्भे, डिजाइन, drawing, लागत अनुमान तयार एवं कार्यक्रम कार्यान्वयनको सिलसिलमा वातावरणीय तथा सामाजिक तथ्याङ्क संकलन गरी आवश्यक प्रतिबेदन तयार गर्न समेत आवश्यकता अनुसार परामर्श सेवा/व्यक्ति करार मार्फत जनशक्ति छनौट गरिनेछ।

**उद्देश्य**

सामुदायिक तथा पारिस्थितिकिय उत्थानशीलताका क्रियाकलापहरुको सर्भे, डिजाईन, अध्ययन तथा कार्यान्वयन सहयोगको लागि सेवा प्रदायक/व्यक्ति करार गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- स्वीकृत वार्षिक कार्यक्रम र आवश्यकता अनुसार आवश्यक विज्ञ पदहरू (सिभिल इञ्जिनियर, सब–इञ्जिनियर, वन, वातावरण तथा सामाजिक सुरक्षा आदि) पहिचान गरी विस्तृत कार्य विवरण ToR र लागत अनुमान तयार तथा स्वीकृत गर्ने,
- सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम परामर्श सेवा खरिद मार्फत संस्था वा व्यक्ति करारबाट सेवा लिने,
- स्वीकृत ToR सहित राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशन
- प्रस्ताव/आवेदनहरुको मुल्याङ्कन तथा छनौट

- सम्झौता तथा कार्यदिश

**अपेक्षित उपलब्धि**

आवश्यक जनशक्तिको पारदर्शी र प्रभावकारी पदपूर्ति, स्वीकृत कार्यक्रमहरू गुणस्तरीय रूपमा कार्यान्वयनमा सहयोग र समयमै सेवा प्रदान हुनेछ।

**अनुगमन योजना**

- जनशक्तिको संख्या र प्रकार
- सम्झौता पत्र

## ६.१६. प्रदेशस्तरीय समन्वय इकाई बैठक सञ्चालन

**पृष्ठभूमि**

गण्डकी जलाधार जलवायु समानुकूलन आयोजनाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्न बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा गठन गरिएको प्रदेशस्तरीय समन्वय इकाईको नियमित बैठक गरी कार्यक्रम कार्यान्वयनमा प्रभावकारी बनाउन सञ्चालन गरिनेछ ।

**उद्देश्य**

आयोजना, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रमहरु बीच तादम्यता मिलाउने र प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्याउने।

**कार्यान्वयन प्रक्रिया**

- बैठक सञ्चालनका लागि अवधारणा पत्र र लागत अनुमान तयार गरी स्वीकृत
- प्रदेशस्तरीय समन्वय इकाईको अध्यक्ष एवं सम्बन्धित प्रदेशको वन क्षेत्र हेर्ने सचिव, सदस्यहरु र आवश्यकता अनुसार आमन्त्रित सदस्यहरुको सहभागी
- सम्भव भएसम्म सरकारी कार्यालयको हल वा आवश्यकता अनुसार सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम सेवा प्रदायक मार्फत होटलमा वा भाडाको हलमा बैठक सञ्चालन
- बैठकमा विभिन्न प्रस्तावहरु उपर छलफल भै आवश्यक निर्णयहरु
- बैठकमा भएका निर्णयहरु आयोजना व्यवस्थापन इकाईमा जानकारी गराउने

**अपेक्षित उपलब्धि**

प्रदेश स्थित सरोकारवालाहरुको समन्वयले आयोजनाको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्ने ।

**जनशक्ति व्यवस्थापन**

कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरु मार्फत वा आवश्यक्ता अनुसार प्रचलित नियमानुसार सेवा प्रदायकबाट सेवा परामर्श खरिद गरी यो कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

**अनुगमन योजना**

- सहभागिहरुको उपस्थिति
- बैठकको माइनुटिङ्ग
- प्रतिवेदन ।

## ६.१७. क्रियाकलाप पार्श्वचित्र तयारी

**पृष्ठभूमि**

हरेक वर्ष कार्यालयद्धारा सम्पन्न गरिएका वार्षिक स्वीकृत क्रियाकलापहरुको एकमुष्ठ रुपमा प्रगति सहितको विस्तृत विवरणहरुको संगालो प्रकाशन गरिनेछ।

**उद्देश्य**

सम्पादित सम्पूर्ण क्रियाकलापहरुको विस्तृत बिवरण संकलन गरी बार्षिक रुपमा अभिलेख तयारी गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- कार्यालयको मौजुदा कर्मचारीहरु मार्फत स्वीकृत वार्षिक क्रियाकलापहरुको एकमुष्ठ रुपमा प्रगति सहितको विस्तृत विवरणहरुको संगालो तयार
- कार्यक्रम सञ्चालनार्थ स्वीकृत नर्मस अनुसार लागत अनुमान तयार तथा स्वीकृत
- कार्यालयका मौजुदा जनशक्तिबाट तथ्याङ्क संकलन, विश्लेषण कार्य र कर्मचारीहरुको सहजिकरणमा सेवा प्रदायक मार्फत पार्श्वचित्र प्रकाशनका लागि सम्झौता
- कार्यालयमा प्रकाशित पार्श्वचित्रको स्टोर दाखिला

**अपेक्षित उपलब्धि**

वार्षिक रुपमा सम्पन्न सम्पूर्ण क्रियाकलापहरुको अद्यावधिक अभिलेख तयार भई जलाधार सूचना प्रणालीको विकासमा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु, आवश्यक्ता अनुसार सेवा प्रदायक मार्फत कार्यान्वयन गर्न सकिनेछ।

**अनुगमन योजना**

- प्रकाशित पार्श्वचित्र ।